## परिच्छेद-एक

# शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

यस शोधपत्रको शीर्षक 'कुलमानसिंह भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

### १.२ शोधप्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

### १.३ विषयपरिचय

कुलमानसिंह भण्डारीको जन्म वि.सं. १९८२ मा वाग्मती अञ्चल काठमाडौं जिल्लाको तीनथाना गा.वि.स. नैकापमा भएको हो । स्वअध्ययनबाट आफ्नो योग्यता बढाएका कुलमानसिंहको साधनाक्षेत्र कला र साहित्य हो । लामो समयसम्म कलाक्षेत्रमा कार्यरत कुलमानसिंहको जीवनी, व्यक्तित्वको चिनारी यस शोधपत्रमा प्रस्तुत गरिएको छ । उनी 'चार किसान गीत' (जुलाई, १९५२) मार्फत नेपाली साहित्यमा देखापरेका हुन् । उनको जीवनकालमा प्रकाशित एक मात्र पुस्तकाकार कृति 'मेरा कलाकार गुरुहरू' (२०५४) हो । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित अवस्थामा रहेका छन् । उनका अप्रकाशित रचनाहरूको पाण्डुलिपि पनि प्राप्त भएको छ । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूको सङ्कलन गरेर मरणोपरान्त पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरिएको छ । उनका मरणोपरान्त प्रकाशित साहित्य तथा कलासम्बन्धी पुस्तकाकार कृतिहरूको सूची निम्नानुसार छ-

(क) कुलमानसिंह भण्डारीका गीत र कविता (२०६१)

(ख) कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला (२०६२)

(ग) बालसाहित्यमा चित्रकला (२०६३)

यस शोधपत्रमा उनका प्राप्त साहित्यिक कृतिहरू र फुटकर रचनाहरूको अध्ययन गरी समष्टिमा भण्डारीको साहित्यिक योगदानका आधारमा उनको साहित्यिक स्थान स्पष्ट पारिएको छ ।

## १.४ समस्याकथन

कुलमानसिंह भण्डारी नेपाली साहित्य र कला क्षेत्रमा चर्चित रहेका छन् । उनले गीत, कविता, संस्मरण, निबन्ध र कथा लेखेका छन् । कलाक्षेत्रमा पनि उनका सिर्जना रहेका छन् । कुलमानसिंह भण्डारीका बारेमा अहिलेसम्म ठोस अध्ययन भएको छैन । उनका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य चर्चा मात्र पाइन्छ । लगभग चार दशकभन्दा लामो साहित्य यात्रा पूरा गरेका भण्डारीबारे फुटकर रूपमा सामान्य चर्चा मात्र भएको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्न साहित्यमा समर्पित भण्डारीलाई साहित्य आकाशमा उचित मूल्याङ्कन गर्न यो शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

(क) कुलमानसिंह भण्डारीका जीवनीका पाटाहरू केकस्ता रहेका छन् ?

(ख) उनको व्यक्तित्व केकस्तो छ ?

(ग) उनमा साहित्यिक कृतिहरू केकस्ता रहेका छन् ?

## १.५ शोधका उद्देश्यहरू

कुलमानसिंह भण्डारीको जीवनी, व्यक्तित्वको खोजी गर्नु, उनका प्रकाशित, अप्रकाशित कृति तथा फुटकर रचनाहरूको खोजी गर्नु र प्रकाशित कृतिहरूको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यस कार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् -

(क) कुलमानसिंह भण्डारीको जीवनीका विभिन्न पाटाहरूको अध्ययन गर्नु,

(ख) भण्डारीको व्यक्तित्वको अध्ययन गर्नु,

(ग) भण्डारीको साहित्यिक कृति तथा रचनाहरूको खोजी तथा अध्ययन गर्नु,

यी विभिन्न विषयहरूमा भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी, अध्ययन गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

कलासाधक कुलमानसिंह भण्डारी साहित्यका क्षेत्रमा पनि साधना गर्ने विशिष्ट प्रतिभा हुन् । भण्डारीका जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी आजसम्म विस्तृत अध्ययन हुन सकेको छैन । भण्डारीका बारेमा आजसम्म जेजति अध्ययन भएका छन्, ती उनका जीवनी, व्यक्तित्व तथा कृतित्वका समग्र अध्ययनका दृष्टिले

अपूर्ण देखिन्छन् । उनका बारेमा लेखिएका केही लेख वा टीकाटिप्पणी विविध पुस्तक तथा पत्रपत्रिकामा छरिएर रहेका छन् । भण्डारीका बारेमा लेखिएका पूर्वकार्यहरू यसप्रकार छन् :

मोहन दुवालले 'आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी' (२०४५) मा भण्डारीको कलासाहित्यको चर्चा गर्दै सामाजिक कार्यको पनि उल्लेख गरेका छन् । उनको आत्मविश्वासी भावनाले गर्दा सबै विधामा सफल भएको दुवालको टिप्पणी छ ।

मोदनाथ प्रश्रितले 'मानसपटलका तस्वीरहरू' (२०४९) मा चित्रकलाको मूल्याङ्कन गर्दै उनका चित्रले नेपालमा मात्र नभई विदेशमा पनि उत्तिकै चर्चा पाएको उल्लेख गरेका छन् ।

ज्ञानेन्द्र विवशले 'सुन्दर रङ्ग ढुङ्गा माटोमा पनि हुन्छ' (२०५०) मा भण्डारीसँगको भेटको स्मरण गर्दै उनको चित्रकलाले देखाएको जागरणको चर्चा गरेका छन् । उनको कलासंस्थामा भएका संलग्नता पनि उल्लेख गरेका छन् ।

मुकुन्द श्रेष्ठले 'जसका कृतिहरू लुटिएका छन्' (२०५०) मा भण्डारीले बुबाबाट प्रेरणा प्राप्त गरी चित्रकलामा लागेका हुन् । उनले चित्रकला प्रदर्शनी गर्दा पाएका सफलता र जीवनानुभवको चर्चा गरेका छन् ।

ईश्वरी ज्ञवालीले 'सहरमुखी चिन्तन त्याग्नैपर्छ' (२०५३) मा भण्डारीले कला, साहित्य र राजनीतिमा पुऱ्याएको योगदानको चर्चा गरेका छन् । उनका चित्रले समसामयिक यथार्थको प्रतिबिम्बन गर्दै सहरमुखी प्रवृत्तिलाई निरस्त पार्न युवा जमात् सक्रिय भएर लाग्नुपर्ने सन्देश दिएका छन् ।

लय मैनालीले 'कला र कलाकार' (२०५३) मा भण्डारीको जीवनी र उनको कलासम्बन्धी प्रदर्शनको उल्लेख गरेका छन् । यसमा उनका चित्रकलाले समाजलाई नै सचेत र जागरुक बनाउने कुराको चर्चा गरिएको छ ।

श्याम व्यञ्जनकारले 'ओझेलमा परेका कलाकार' (२०५३) मा उनका स्वाभाविक चित्रको प्रशंसा गर्दै भण्डारीले मूर्तिकलाका बारेमा भनेका कुराको चर्चा गरेका छन् ।

गोविन्द भट्टले 'मेरा कलाकार गुरुहरू' (संस्मरणात्मक लेखसङ्ग्रह २०५४) को भूमिका लेखनका क्रममा भण्डारीका मुखपृष्ठमा प्रकाशित चित्रहरूले रेखा, रङ्का माध्यमबाट

दर्शक र पाठकहरूमा नयाँ युगबोधको अनुभूति दिने र सामन्तवादसाम्राज्यवाद विरोधी चेतना जागृत गर्ने दिशामा प्रमुख भूमिका खेलेका  छन् भन्ने टिप्पणी गरेका छन् ।

गोरखापत्र समाचारदाताका अनुसार 'भण्डारीको व्यङ्ग्य चित्रले रमेको छ :जे आर्ट ग्यालरी' (२०५४) मा भण्डारीको कला जीवन र राजनीतिक जीवनका उतारचढाउ देखाइएको छ । यसमा उनले कलालाई देशभर फैलाउने इच्छा व्यक्त गर्दै चित्रकलाहरू लिएर विभिन्न स्थानको भ्रमण गरेको उल्लेख गरिएको छ ।

खेम न्यौपानेले 'कार्टुनिस्ट कुलमानसिंह भण्डारी' (२०५५) मा भण्डारीको कार्टुन चित्रले सामाजिक तथा राजनीतिक विकृतिलाई व्यङ्ग्य गरेको बताएका छन् । यसमा कार्टुन सङ्ग्रहालय भएमा भण्डारीजस्ता धेरै कलाकारहरूले जनताको थप प्रेरणा प्राप्त गर्ने विचारको उल्लेख गरिएको छ ।

सुकुम शर्माले 'कलाकार कुलमानसिंह भण्डारी' (२०५५) मा भण्डारी कलाक्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका छन् । भण्डारीका कला सिर्जनामा देश र जनताप्रतिको मायाममता स्पष्ट देखिन्छ । भण्डारीको कलाकार, कवि र लेखक त्रिवेणी व्यक्तित्वको यसमा चर्चा गरिएको छ ।

मोहन दुवालले 'साहित्यकारः परिचयका हरफहरू-३९', (२०५५) मा साहित्यकारहरूको परिचय दिने क्रममा भण्डारीको परिचय खुल्ने सम्पूर्ण विवरण प्रस्तुत गरेका छन् ।

रमेश विष्टले 'कलाक्षेत्रका मूर्धन्य सर्जक' (२०५६) मा भण्डारीलाई साधारण जीवनशैली अपनाउने उच्च विचारका धनी व्यक्तिको रूपमा लिएका छन् । चित्रकला, मूर्तिकला र कार्टुनचित्रको क्षेत्रमा मूर्धन्य सर्जकको रूपमा कलाकार भण्डारीलाई चिनाएका छन् ।

कान्तिपुर समाचारदाताका अनुसार 'वरिष्ठ चित्रकार भण्डारी रहेनन्' (२०५६) जीवनभर कला र साहित्यमा लाग्ने भण्डारीले विभिन्न मानसम्मान प्राप्त गरेको चर्चा गरिएको छ । चित्रद्वारा जनताको मनभित्र पस्न सफल भण्डारीलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

जयदेव भट्टराईले 'कलम र कूची चलाउने कुलमानसिंह भण्डारी' (२०५७) मा भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको सूच्यात्मक जानकारी दिँदै उनको चिन्तन प्रगतिशील, सहनशील र सृजनशील भएको जनाएका छन् ।

जनकप्रसाद हुमागाईंले 'एउटा कलाकार मित्रको सम्झनामा' (२०५७) मा भण्डारीको बोलीव्यवहार शिष्ट भएको बताउँदै उनका कलाकृति, साहित्यिक कृति देख्नसाथ छुट्याउन सकिने अलग प्रतिभा हुन भनेका छन् ।

सुकुम शर्माले 'स्मृतिका हरफमा कुलमानसिंह भण्डारी' (२०५७) मा भण्डारीको कार्यशैली, सहयोगी भावना र जीवनदृष्टिलाई संस्मरणात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

मोहन दुवालले 'स्मृतिका हरफमा कुलमानसिंह भण्डारी' (२०५७) मा मार्क्सवादी चिन्तन बोकेर कला सचेतता सिञ्चन गर्ने भण्डारी एक मात्र जेठो कलाकार हुन भनेका छन् ।

वासुदेव शर्माले 'कला र विचारपुञ्जः कुलमानसिंह भण्डारी' (२०५७) मा भण्डारीको समाजसेवी व्यक्तित्वको परिचय दिंदै उनका कृतिले अझसम्म पनि उनलाई अमर बनाएको चर्चा गरेका छन् ।

कौशल पाण्डेले 'मैले जानेका कुलमानसिंह भण्डारी' (२०५७) मा कुलमानसिंह भण्डारी देशभक्त कलाकार तथा साहित्यका सर्जक हुन् र उनले सरल जीवन शैली अपनाउनाका साथै उच्च विचार लिएका व्यक्ति भएको चर्चा गरेका छन् ।

विष्णु प्रभातले 'कुलमानसिंह भण्डारीप्रति' (२०५८) मा भण्डारीका जीवनको सूच्यात्मक जानकारी दिँदै उनको सहयोगी भावनाको उच्च मूल्याङ्कन गरेका छन् ।

पद्मप्रसाद शर्माले 'विभिन्न आकृतिमा देखिन्छन् कुलमानसिंह' (२०६०) राष्ट्रिय दैनिक पत्रिकामा प्रगतिशील पुस्तक पत्रिका नियमित पढ्ने र सङ्कलन गर्ने भण्डारीको बारेमा चर्चा गरेका छन् । यसमा कतै कविता, कतै गीत, कतै निबन्ध, कतै कथा, कतै आवरणकला आदि रचना गर्ने भण्डारी विभिन्न आकृतिमा देखिएको चर्चा गरिएको छ ।

ज्ञानेन्द्र विवशले 'कलाकार कुलमानसिंह भण्डारी' (२०६०) मा भण्डारी कला साहित्य विकासमा धैर्य लगनशील र हतोत्साही नभई सधैं काममा नै खटिरहने व्यक्तिको रूपमा  चर्चा गरेका छन् ।

सुकुम शर्माले 'कुलमानसिंह भण्डारीका गीत र कविता' (२०६१) मा भण्डारीका चित्रबाट गरिबी बोल्छ, अभाव बोल्छ, गरिबी-विद्रोह बोल्छ र विचारको पक्षमा सिर्जनात्मक कलाले चम्कन्छ भनेका छन् । यसमा भण्डारीले चित्रमा रेखारङ्सँगै यथार्थ

भाव उतार्न रुचाउने व्यक्ति हुन भनिएको छ । यसमा उनका कलासम्बन्धी विचार प्रकट गरिएको छ ।

निनु चापागाईंले 'उत्तर आधुनिकता : भ्रम र वास्तविकता' (२०६१) मा कुलमानसिंह भण्डारीका कलागत प्रवृत्तिहरूको चर्चा गरेका छन् । उनी कलाका पक्षपोषकका साथै मूर्तकलामा आस्था राख्ने र अमूर्तता विरोध गर्ने व्यक्ति भएको पाइन्छ । उनको कलामा देखिएको प्रगतिशील भावनाको चर्चा यसमा गरिएको छ ।

रुद्र खरेलले 'कुलमान दाईको तेस्रो आँखा' (२०६१) मा भण्डारीको चित्रकलाको चर्चा गर्दै उनको बहुमुखी व्यक्तित्वले अमरता प्राप्त गरेको उल्लेख गरेका छन् ।

मित्रलाल पंज्ञानीले 'कुलमान' (२०६१) मा भण्डारी बाहिरी शारीरिक व्यक्तित्व सामान्य भएको तर उनी बेजोड प्रतिभाको धनी भएको अपत्यारिलो व्यक्तित्व, मर्मयुक्त तीक्ष्ण दृष्टि र मानवतावादी चिन्तक भएको चर्चा गरेका छन् ।

विवश वस्तीले 'कुलमानसिंह भण्डारी' (२०६१) मा भण्डारीले नेपाली कलाजगत्लाई थुप्रै अमूल्य सिर्जनाहरू दिएको चर्चा गरेका छन् ।

रामकृष्ण भण्डारीले 'कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला' (२०६०) मा भण्डारीले चित्रकलाको माध्यमबाट दुःखी जनतालाई माया तथा आदरका साथ चेतना फिजाउने व्यक्तिको रूपमा चर्चा गरेका छन् ।

सुकुम शर्माले 'कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला' (२०६२) मा भण्डारीका जीवनीको सूच्यात्मक रेखाङ्कन गरेका छन् । भण्डारीका बारेमा जीवनी र कृतित्वको जीवनीमूलक समालोचनाका दृष्टिले गरिएको यो पहिलो कार्य हो । यसमा मेरा कलाकार गुरुहरूका कृतिको पनि समीक्षा गरिएको छ ।

आत्माराम शर्माले 'कुलमानसिंह भण्डारीका गीत र कविता एक टिप्पणी' (२०६२) मा बहुमुखी प्रतिभाका धनी कुलमानसिंह भण्डारीले मानव जीवनका विविध पक्षलाई क्यानभासमा उतारेको चर्चा गरेका छन् । यसमा साहित्यमा सरल र सहज भाषाको प्रयोग गर्दै थोरैमा धेरै कुरा भन्न सक्ने साहित्यकार हुन् भनी चर्चा गरिएको छ ।

सुकुम शर्माले 'बालसाहित्यमा चित्रकला' (२०६३) मा चित्रकार भण्डारी रङ्मा खेल्ने, डुब्ने र रङ्गिन सपनामा हराउने व्यक्ति मात्र नभई वर्तमानलाई पढ्ने सचेत रङ्गकर्मी भएको चर्चा गरेका छन् ।

पशुपति तिमल्सेनाले 'ब्रस, कूची र कलमको टुप्पामा शक्ति देख्ने कुलमानसिंह भण्डारी' (२०६३) मा मूर्त चित्र रच्नुपर्ने र चित्र सरल र सहज हुनुपर्ने भण्डारीको मान्यताको चर्चा गरेका छन् । यसमा सामाजिक परिवर्तन र शोषणबाट मुक्तिका निम्ति कलाको उपयोग हुनुपर्ने भण्डारीका धारणाको चर्चा गरिएको छ ।

यी पूर्वकार्यका विवरणबाट कुलमानसिंह भण्डारीका बारेमा सामान्य टीकाटिप्पणी र समीक्षा मात्र भएको पाइन्छ । यी अध्ययनको उद्देश्य समग्र अध्ययन गर्नु नभई सामान्य टिप्पणी दिनु रहेको छ । उनका केकति र केकस्ता साहित्यिक कृति छन् र तिनको उपलब्धि र सीमा के हो भन्ने कुराको अध्ययन र मूल्याङ्कन भने भएको पाइँदैन । कुलमानसिंह भण्डारीका साहित्यिक कृतिहरूको अध्ययन र सर्वेक्षण गर्नाको साथै उनको जीवनी र व्यक्तित्वको गहन खोजी भएको छैन । प्रस्तुत शोधपत्रमा भण्डारीका यिनै पक्षको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य र महत्त्व

कुलमानसिंह भण्डारी कला क्षेत्रका उत्कृष्ट प्रतिभा हुन् । उनले साहित्यका क्षेत्रमा कविता, गीत, निबन्ध, संस्मरण र कथा जस्ता विधामा कलम चलाएर जनतामा चेतना प्रवाह गरेका छन् । उनी विभिन्न सामाजिक, साहित्यिक र राजनीतिक संघसंस्थामा कार्य गर्ने व्यक्ति भएकाले उनको छुट्टै मूल्यमान्यता रहेको छ । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा व्यापक अध्ययन अनुसन्धान हुनु उचित देखिन्छ । लामो समयसम्म सिर्जनामा कार्यरत व्यक्ति कुलमानसिंह भण्डारीको जीवनीका पाटाहरू केकस्ता रहेका छन् ? उनको व्यक्तित्व कस्तो छ ? नेपाली साहित्यमा उनका कृतिहरू केकति रहेका छन् ? नेपाली साहित्यमा उनको योगदान केकस्तो रहेको छ ? भन्ने विषयमा व्यक्ति वा संघसंस्थाले जान्न चाहनेका लागि यस शोधपत्रको विशेष महत्व रहने देखिन्छ । उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई पनि मार्गनिर्देशन हुने देखिन्छ । नेपाली साहित्यमा भण्डारीको योगदानको मूल्याङ्कनसमेत गरिएकाले यस शोधपत्रको औचित्य स्पष्ट रहेको देखिन्छ ।

## १.८ शोधविधि

यस शोधपत्रमा कुलमानसिंह भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा पुस्तकालयीय अध्ययनविधिका आधारमा विभिन्न सूचना सामग्रीहरूको सङ्कलन गरिएको छ । यसका अतिरिक्त शोधनायकको परिवार सदस्यहरू र उनका निकट र सम्पर्कका व्यक्तिहरूसँग मौखिक अन्तर्वार्ताका आधारमा

विभिन्न सूचनाहरू लिई ती सूचना यस शोधपत्रमा समायोजन गरिएको छ । भण्डारीका जीवनी, व्यक्तित्व र कृतित्वहरूको अध्ययनका क्रममा आवश्यकताअनुसार जीवनीपरक समालोचना, प्रभावपरक समालोचना तथा उनका साहित्यिक अध्ययनका क्रममा विधा सिद्धान्तलाई आधार बनाएर वर्णनात्मक, विश्लेषणात्मक अध्ययनपद्धति र आगमनात्मक विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्र व्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ ।

(क) पहिलो परिच्छेद : शोधपरिचय

(ख) दोस्रो परिच्छेद : कुलमानसिंह भण्डारीको जीवनी

(ग) तेस्रो परिच्छेद : कुलमानसिंह भण्डारीको व्यक्तित्व

(घ) चौथो परिच्छेद : कुलमानसिंह भण्डारीका गीत र कविताको अध्ययन

(ङ) पाँचौँ परिच्छेद : कुलमानसिंह भण्डारीका निबन्धको अध्ययन

(च) छैटौं परिच्छेद : उपसंहार

उपर्युक्त छ वटा अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूममा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रमा अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

# परिच्छेद-दुई

# कुलमानसिंह भण्डारीको जीवनी

## २.१ जन्म र जन्मस्थान

कुलमानसिंह भण्डारीको जन्म वि.सं. १९८२ माघ २१ गते सोमवार भएको हो ।[१] उनी पिता यकबहादुर भण्डारी र माता देवकुमारी भण्डारीका छ सन्तानमध्ये पहिलो सन्तान हुन् ।[२] उनको जन्मस्थान वाग्मती अञ्चल, काठमाडौं जिल्ला, तीनथाना गा.वि.स. वडा नं. ५ डुप्पा गाउँ हो । यो उनको पुर्ख्यौली बसोबास भएको ठाउँ हो ।[३] उनको न्वारनको नाम कुलमाानसिंह भण्डारी हो । उनको नामअनुसाार मिथुन राशी हो । उनका प्राप्त प्रमाणपत्र र नागरिकतामा पनि यही नामले उनी चिनिएका छन् ।[४] साहित्यलेखनमा भने उनका विभिन्न उपनामहरू अनन्त, मीनबहादुर, जगत्बहदुर, जुद्धबहादुर, प्रदीप र नरेन्द्र आदि नाम रहेको पाइन्छ ।[५]

## २.२ पारिवारिक पृष्ठभूमि

कुलमानसिंह भण्डारीको पुर्ख्यौली इतिहास हेर्दा उनी कौशिक गोत्रका रघुवंशी भण्डारी हुन् । उनका पुर्खाको पुर्ख्यौली बसोबास लमजुङ जिल्लाको पश्चिममा कास्की जिल्लाको छेउमा पर्छ ।[६] कुलमानसिंहको पुर्ख्यौली बुबा फौज्दसिंह नेपाल एकीकरणको सन्दर्भमा लमजुङबाट सेनामा काठमाडौं आएर तीनथाना गा.वि.स. वडा नं. ५ डुप्पा, गाउँमा बसोबास गरेका हुन् ।[७]

कुलमानसिंह भण्डारीको पुर्ख्यौली बुबा फौज्दसिंहदेखि, कुलमानसिंहका छोरासम्मको विवरण उनका बुबा यकबहादुर भण्डारीले लेखेका छन् । यसैलाई आधार मानेर उनको पुर्ख्यौली परिचय वृक्षरेखमा देखाइएको छ ।[८]

---

१ शोधनायकको हस्तलिखित विवरणबाट प्राप्त जानकारी ।

२ शोधनायकको श्रीमती चैतन्यकुमारीबाट प्राप्त जानकारी ।

३ ऐजन ।


४ ऐजन ।

५ शोधनायकको साहित्यलेखनमा उल्लिखित नामबाट प्राप्त जानकारी ।

६ शोधनायकको बुबा यकबहादुर भण्डारीबाट प्राप्त लिखित जानकारी ।

७ ईश्वरी ज्ञवाली, 'सहरमुखी चिन्तन त्याग्नैपर्छ', **बुधबार साप्ताहिक**, (वर्ष २, अङ्क १८, २०५६ चैत्र) पृ. ४ ।

८ शोधनायकको बुबा यकबहादुर भण्डारीबाट प्राप्त लिखित जानकारी ।


फौज्दसिंह भण्डारी
नैनसिंह भण्डारी
नाहारसिंह भण्डारी
स्वरुपसिंह भण्डारी
फरेस पाखाका भण्डारी
पारथसिंह भण्डारी
नहसिंह भण्डारी
रन्धोज भण्डारी
भुन्टे भण्डारी
तिलकबहादुर भण्डारी
रामसरण भण्डारी
शिव भण्डारी
हरि भण्डारी
गोविन्द भण्डारी
नरधोजसिंह भण्डारी
षड्गबहादुर भण्डारी
रणउजिर भण्डारी
रामकृष्ण भण्डारी
बुद्धि भण्डारी
तेजबहादुर भण्डारी
कुलमानसिंह भण्डारी
मणिराम भण्डारी
बलिराम भण्डारी
तुलसीराम भण्डारी
गङ्गाराम भण्डारी
हरिमानसिंह भण्डारी
भरतमानसिंह भण्डारी
दुर्गामानसिंह भण्डारी

## २.३ बाल्यकाल

कुलमानसिंह भण्डारीको बाल्यकाल नैकापको ग्रामीण वातावरणमा आमाबुबाको स्नेहका साथ बितेको पाइन्छ । उनका बुबा सैनिक पेसामा कार्यरत भएका कारण प्रायः घरदेखि बाहिर बस्ने हुनाले उनी आमाको मायाममताका साथ हुर्किए । बालककालको उत्तरार्द्ध समयमा बेलाबेलामा बुबासँग पनि ठाउँठाउँमा गएको भेटिन्छ ।[९] उनको बाल्यकालको प्रायः धेरै समय गाईवस्तु हेर्न गएर बितेको पाइन्छ । उनी बालककालमा साथीभाइहरूसँग कपर्दी, डण्डीबियो, गुच्चा आदि खेलेको पाइन्छ ।[१०] साथीभाइहरूसँग मिलीजुली खेल्ने, प्रायः झगडा नगर्ने, रिस उठेपछि झनक्क रिसाउने, झोक्की खालको उनको बालस्वभाव थियो ।[११] उनले बाल्यकालदेखि नै चित्र बनाउन रुचि राख्दथे । उनको बाल्यकाल बाबुआमाको काखमा खुसीसाथ बितेको पाइन्छ ।

## २.४ शिक्षादीक्षा

कुलमानसिंह भण्डारीको छ वर्षको उमेरमा बुबा यकबहादुर भण्डारीबाट अक्षरारम्भ गरेका हुन् ।[१२] उनले बाल्यकालमा केही समय पाठशालाको शिक्षा लिए पनि औपचारिक शिक्षामा ध्यान दिएनन् । उनले स्वअध्ययनबाटै आफ्नो अध्ययन अगाडि बढाए ।[१३] उनको मुख्य क्षेत्र कलाकारिता हो । वि.सं. १९८८ बाट आफैले चित्रकलासम्बन्धी ध्यान दिए पनि उनले वि.सं. १९९३ देखि वि.सं. १९९८ मा दुईवर्षभन्दा बढी समय कलासम्बन्धी तालिम लिए, तर उत्तीर्ण भने भएनन् । घरेलु उद्योग विभागमा वि.सं. २००४-२००५ गरी दुईवर्ष हस्तकला तालिममा औपचारिक प्रमाणपत्र प्राप्त गरेको पाइन्छ । तेजबहादुर चित्रकार, चन्द्रमान मास्के, पारसमणि रञ्जितकार र बालकृष्ण समकहाँ गएर वि.सं. २००८ मा उनले कलासम्बन्धी तालिम लिएका हुन् । उनले वि.सं. २००९ देखि २०10 सम्म मसुरी (देहरादुन), भारतमा चित्रकलासम्बन्धी अध्ययन गरेका थिए ।[१४] उनले वि.सं. २०११ देखि २०१३ सम्म घरेलु उद्योग विभागमा लिएको तालिम अनौपचारिक भएको पाइन्छ ।[१५] उनले स्वअध्ययनबाटै दर्शन, साहित्य र कलासबन्धी ज्ञान आर्जन गरेको पाइन्छ ।

---

[९] शोधनायककी श्रीमती चैतन्यकुमारीबाट प्राप्त मौखिक जानकारी ।

[१०] विश्वनाथ लुइटेलबाट प्राप्त मौखिक जानकारी ।

[११] ऐजन ।

[१२] चैतन्यकुमारीबाट प्राप्त मौखिक जानकारी ।

[१३] ऐजन ।

[१४] लय मैनाली, **कला र कलाकार,** (काठमाडौं : सिस्टमेटिक प्रेस, २०५३, चैत्र) पृ. २७ ।

[१५] शोधनायकको लिखित हस्ताक्षरबाट प्राप्त जानकारी ।

## २.५ चूडाकर्म र उपनयन संस्कार

हिन्दू धर्म-संस्कृतिअनुसार मानव जीवनका विविध षोडश संस्कारहरूमध्ये चूडाकर्म, उपनयन संस्कार पनि महत्वपूर्ण मानिन्छन् । ब्राह्मण, क्षेत्री र वैश्यहरूले आआफ्ना उमेरअनुसार उपनयन संस्कार गर्नुपर्ने नियमहरू विविध धर्मग्रन्थहरू, स्मृतिग्रन्थहरू आदिमा उल्लेख गरेको पाइन्छ । कुलमानसिंह भण्डारीको चूडाउपनयन संस्कार विधिपूर्वक चौधवर्षको उमेरमा वि.सं. १९९६ चैत्र २१ गते भएको हो ।[१६]

## २.६ विवाह

कुलमानसिंह भण्डारीको विवाह काठमाडौं ब्रह्मखेल निवासी डम्मरध्वज थापा बगालेकी माहिली छोरी चैतन्यकुमारीसँग वि.सं. २००३ माघ महिनामा सम्पन्न भएको हो । उनले हिन्दू विधिविधानपूर्वक नै मागी विवाह गरेका हुन् ।[१७]

## २.७ सन्तान र दाम्पत्य जीवन

कुलमानसिंह भण्डारी र चैतन्यकुमारीबाट दुई छोरी र चार छोरा गरी ६ सन्तान जन्मेका थिए । उनका दुई छोरीहरू क्रमशः भवानी र दुर्गा मात्र हुन् । उनका छोराहरू क्रमशः मणिराम, बलराम (रामकृष्ण), तुलसीराम र गङ्गाराम गरी चार मात्र छन् ।[१८] उनका छ सन्तानहरूमध्ये पाँच सन्तान अहिलेसम्म जीवितै छन् । कुलमानसिंह र चैतन्यकुमारीबाट दुई छोरी लगातार जन्मेका र कान्छी छोरी दुर्गा भण्डारीको पाँच वर्षको उमेरमा सार्की खटिरा आएर मृत्यु भएको हो । उनीहरूबाट दुई छोरीको जन्म र एउटी छोरीको मृत्युपछि पनि धेरै समयसम्म छोरा नभएपछि बुबा यकबहादुर भण्डारीले उनलाई अर्को विवाह गर्ने प्रस्ताव गरे । उनले दुई श्रीमती विवाह गर्दा श्रीमतीलाई धोका र आफूलाई पनि पछि अप्ठ्यारो पर्छ भनेर अर्को विवाह अस्वीकार गरे । भण्डारीको दाम्पत्य जीवन मृत्युपर्यन्त सुखमय रहेको पाइन्छ ।[१९]

## २.८ बसोबास

कुलमानसिंह भण्डारी तीनथाना गाउँ विकास समिति वडा नं. ५ नैकापका पुर्ख्यौली बासिन्दा हुन् । वि.सं. १९९० को महाभूकम्पले उनको घर भत्काएपछि उनले

---

[१६] शोधनायकका माहिलोभाइ हरिमानसिंहबाट प्राप्त मौखिक जानकारी ।

[१७] चैतन्यकुमारीबाट प्राप्त मौखिक जानकारी ।

[१८] ऐजन ।

[१९] ऐजन ।

त्यही घर नजिक अर्को घरनिर्माण गरेको पाइन्छ ।[20] उनी वि.सं. २०११ मा छुट्टीभिन्न भएर त्यस घरभन्दा केहीमाथि बारीको घरमा करिब दुई वर्ष बसेको पाइन्छ । उनी वि.सं. २०१३ मा पुन सगोलकै घरमा आई भिन्न भएर बसेका हुन् । वि.सं. २०१६ र २०१७ मा करिब डेढ वर्ष भण्डारी लगनटोलमा डेरा गरी बसेको पाइन्छ । उनी वि.सं. २०१७ मा दाइ तिलकबहादुर भण्डारीको घर कुरेर करिब पाँच वर्ष बसे । वि.सं. २०२२ मा उनी पुर्ख्यौली घरसँगै आफ्नो घर बनाएर बसेको पाइन्छ । पारिवारिक मुद्दामामिलाका कारण वि.सं. २०५१ मा नैकापको घर छोडेर माहिला छोरा रामकृष्ण भण्डारीका साथमा उनी कीर्तिपुरस्थित खासी बजारको कान्छा भाइ श्रेष्ठको घरमा डेरा लिएर बसेका थिए । उनले वि.सं. २०५१ मा नै कीर्तिपुर नगरपालिका वडा नं. १ लयाकु टोलमा पूर्णबहादुर महर्जनको घरमा डेरा गरी चित्रकला र मूर्तिकलाको दुईवटा पसल सञ्चालन गरेको पाइन्छ । त्यही डेराको घरमा नै उनको जीवनयात्रा पूरा भयो ।[21]

## २.९ आर्थिक अवस्था

कुलमाानसिंह भण्डारी सामान्य निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका हुन् ।[22] उनी एक स्वाभिमानी कृषक हुन् ।[23] जग्गाजमिन भएकाले आर्थिक समस्या भने बेहोर्नु परेको देखिंदैन । बुबा यकबहादुर भण्डारी जागिरे भएकाले आर्थिक कारण खानलाउनलाई दुःख परेन । पछि आफू नै जागिरे भएकाले घर खर्चको समस्या पनि नभएको देखिन्छ । पारिवारिक छुट्टीभिन्नसम्बन्धी मुद्दामामिलाका कारण उनको आर्थिक अवस्था केही कमजोर बनेको पाइन्छ । उनी नैकापबाट कीर्तिपुरमा सरेपछि पेन्सन, चित्रकला र लेखनबाट जीवनयापन गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । समग्रमा भण्डारीको आर्थिक अवस्था श्रम गरेर जीवन चलाउँदै साधारण किसिमले बितेको पाइन्छ ।[24]

## २.१० रुचि र मनपर्ने कुराहरू

कुलमानसिंह भण्डारीको सानैदेखिको रुचि चित्र बनाउनु रहेको छ । उनका बुबाले उनलाई नपढिकन चित्र बनाउन मात्र खोज्दा गाली गर्दथे । उनले लुकीलुकी

[20] शोधनायकको लिखित विवरणबाट प्राप्त जानकारी ।

[21] रामकृष्ण भण्डारीबाट प्राप्त मौखिक जानकारी ।

[22] कौशल पाण्डे, 'मैले जानेका कुलमानसिंह भण्डारी', **प्रयास साप्ताहिक**, (वर्ष १७, अङ्क ४, २०५७ कातिक ३), पृ. २ ।

[23] ज्ञानेन्द्र विवश, 'सुन्दर रङ्ग ढुङ्गा, माटोमा पनि हुन्छ, **विमोचन**, (वर्ष १३, अङ्क, २०५० चैत्र), पृ. २ ।

[24] जनार्जन भण्डारीबाट प्राप्त मौखिक जानकारी ।

भए पनि बनाएको चित्र उनका बुबाले देखेपछि उनलाई कलामा लाग्न सल्लाह दिएका हुन् ।[25] समाजसेवा, राजनीतिक सङ्गठन र देश विकास कार्यमा लाग्नु उनको मुख्य रुचिको विषय हो ।[26] अतः उनी विभिन्न सामाजिक तथा राजनीतिक संघसङ्गठनमा आबद्ध भएका हुन् । उनको मनपर्ने खाना मोही ढिडो र काल्तोरीको डुकुको भ्यात्तल हो । उनलाई मनपर्ने रङ् पहेंलो हो ।[27]

## २.११ मुख्य पेसा र कार्य

कुलमानसिंह भण्डारी वि.सं. २००३ देखि वि.सं. २००८ सम्म सेनामा जागिरे भए । वि.सं. २००८ मा कलासिक्न भारत जाने भएपछि उनले सेनाको जागिरबाट राजीनामा गरेका हुन् ।[28] कुलमानसिंह भण्डारीले घरेलु उद्योग विभागमा शिक्षक भई एकतीस वर्ष कार्य गरेका थिए ।[29] उनको लिखित विवरणअनुसार “मैले २०१३ सालमा खुला प्रतियोगिता जाँचमा छानिई घरेलु उद्योग विभागको क्युरियो शाखामा प्रमुख शिक्षक ननग्याजेटेड द्वितीय श्रेणीको पदमा नियुक्त पाएको थिएँ । त्यस क्युरियो शाखाको तालिम लिनका लागि छानिएका विद्यार्थीहरूलाई क्युरियो डिजायन विषय सिकाउने गरेको थिएँ । वार्षिक जाँचमा प्रथम, द्वितीय र तृतीय भई उत्तीर्ण भएका विद्यार्थीहरूलाई फेरी दुई वर्ष उच्च शिक्षाको तालिम दिई विद्यार्थी तुल्याउने गरिएको थियो । यसरी वर्षेनी तालिम लिइने विद्यार्थी र वार्षिक जाँचमा छानिएका विद्यार्थीहरूलाई समेत डिजाइन सिकाउने काम ३१ वर्षसम्म गरें । निजामती किताब खानाले मेरो जागिर ६० वर्ष पुगेको कागज घरेलु उद्योगमा पठाएकोले मबाट विभागले पाइराखेको अरू विविध काम समेतलाई ध्यानमा राखी दुई वर्ष म्याद थपेर जागिर कायमै रहँदा फेरी सेवामा संलग्न भएँ । यसरी ३१ वर्ष प्रमुख शिक्षक ननग्याजेटेड प्रथम श्रेणीको प्राविधिक जागिरबाट २०४४ सालबाट मात्र निवृत्तिभरण पेन्सन पकाई घरमा नै बसेको छु ।”[30] उनले मूर्तिकला र चित्रकला मन्दिर नामक संस्था उद्योग विभागमा २०५२ सालमा दर्ता गराएका थिए ।[31] उनले लयाकु वडा नं. १ मा चित्रकला र मूर्तिकलाको व्यवसाय गरी दैनिक घरखर्च चलाएको पनि देखिन्छ ।

---

[25] रमेश विष्ट, ‘कला क्षेत्रका मूर्धन्य सर्जक’ **नेपाल मिरर**, (वर्ष १, अङ्क २, २०५६), पृ. ३५ ।

[26] कुमार राउतबाट प्राप्त मौखिक जानकारी ।

[27] मोहन दुवाल, ‘साहित्यकार : परिचयका हरफहरू - ३९’, **धारणा**, (वर्ष ७, अङ्क ४३), पृ. ६ ।

[28] ज्ञानेन्द्र विवश, ‘कलाकार कुलमानसिंह भण्डारी’, **कान्तिपुर (कोपिला)** (वर्ष ८, अङ्क २६९, २०६० मंसिर ५), पृ. घ ।

[29] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, (काठमाडौं : रामकृष्ण भण्डारी २०६३) पृ. ५७ ।

[30] शोधनायकको लिखित विवरणअनुसार प्राप्त जानकारी ।

[31] ऐजन ।

## २.१२ सामाजिक सेवा र कला-साहित्य संघसंस्थामा संलग्नता

कुलमानसिंह भण्डारी विभिन्न कलासम्बन्धी गतिविधिमा र सामाजिक संस्थामा संलग्न रहेको पाइन्छ । वि.सं. २०१२-२०१३ मा नेपाल कला समिति केन्द्रका सदस्य बनेका भण्डारी नेपाल ललितकला संस्था 'नाफा' को साधारण सदस्यका साथै नेपाल ललितकला एकेडेमी स्थापनार्थ समितिको वि.सं. २०३७ मा आजीवन सदस्य बनेका छन् । नेपाल कलाकार समाजको वि.सं. २०४२ देखि सदस्य बनेका भण्डारी शिक्षा मन्त्रालयबाट गठित ललितकला एकेडेमी विधान मस्यौदा समितिका चार सदस्यहरूमध्ये एक सक्रिय सदस्य हुन् ।[घद] बालसाहित्य समाज, प्रगतिशील लेखक संघ, नेपाल मानव अधिकार सङ्गठन आदिमा उनको संलग्नता देखिन्छ ।[घघ] राजनीतिक, सामाजिक, साहित्यिक र चित्रकलासबन्धी जुनसुकै क्षेत्रमा काम गर्दा पनि अरूको खुट्टा तान्ने र आफू अघि बढ्ने जस्ता कपटपूर्ण कार्यहरू उनीबाट कहिल्यै भएन ।[घढ]

## २.१३ राजनीतिक संलग्नता

कुलमानसिंह भण्डारी राजनीतिमा निकै चासो दिने व्यक्ति हुन् । वि.सं. १९९७ को सहिद काण्डबाट मर्माहत भएका भण्डारी वि.सं. १९९८ बाट राजनीति सभा सम्मेलनमा भाग लिन सुरु गरेका हुन् । वि.सं. २००२ मा नेपाल प्रजापरिषद्को सदस्यता लिई औपचारिक राजनीतिक जीवन सुरु गरेका हुन् । उनले मार्क्सवादबाट प्रभावित भई वि.सं. २००९ मा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिए ।[घछ] उनले वि.सं. २०१० मा अखिल नेपाल किसान संघको दक्षिण क्षेत्रीय सचिव भएर काम गरे ।[घट] वि.सं. २०१५ र २०३६ को चुनावमा उनले ठाउँठाउँमा गई राजनीतिक शिक्षण प्रशिक्षणमा भाग लिएर मार्क्सका दर्शनबाट प्रभावित कुलमानले पुष्पलाल र मनमोहनलाई राजनीतिक गुरु मान्दछन् ।[घठ]

## २.१४ भ्रमण

कुलमानसिंह भण्डारीले विभिन्न कार्यका सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गरेका थिए । उनी  अफिसको कामको सिलसिलामा नुवाकोट, रसुवा, धादिङ,

---

[३२] कान्तिपुर समाचारदाता 'वरिष्ठ चित्रकार भण्डारी रहेनन्', **कान्तिपुर,** (वर्ष ८, अङ्क १५२, २०५७ साउन ४), पृ. ४ ।

[३३] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला,** पूर्ववत्, पृ. ६० ।

[३४] कौशल पाण्डे, पूर्ववत् ।

[३५] श्यामप्रसाद शर्माबाट प्राप्त मौखिक जानकारी ।

[३६] ईश्वरी ज्ञवाली, 'सहरमुखी चिन्तन त्याग्नैपर्छ' **बुधवार साप्ताहिक,** (वर्ष २, अङ्क १, २०५३, चैत्र ६), पृ. ४ ।

[३७] श्यामप्रसाद शर्माबाट प्राप्त मौखिक जानकारी ।

वाग्लुङ, पाल्पा, नवलपरासी, सुर्खेत, म्याग्दी, पर्वत जिल्ला घुमेका थिए । उनी साहित्यिक संस्थाहरूको कार्यक्रममा चितवन, मकवानपुर, सुनसरी, मोरङ, झापा आदि ठाउँमा पुगेका थिए । घरको कामका सिलसिलामा उनले पोखरा, तनहुँ, जनकपुर, गौर, सर्लाही, सिन्धुपाल्चोक, पाटन र भक्तपुरको भ्रमण गरेको पनि जानकारी पाइन्छ । कला सिक्ने र प्रदर्शनका क्रममा उनले दिल्ली, देहरादुन, मसुरी, पटना, लखनौ, दार्जिलिङ र सिलगुढीको भ्रमण गरेको उल्लेख छ ।[३८]

## २.१५ चित्रप्रदर्शनी

कुलमानसिंह भण्डारीले राष्ट्रिय उद्योग प्रदर्शनी लैनचौरमा सरकारको आयोजनामा वि.सं. २००० मा एक भवन स्टलमा चित्र दिएर सामूहिक कला प्रदर्शनीमा पहिलोपल्ट भाग लिएका हुन् । ललितपुर आदर्श कला प्रदर्शनीमा वि.सं. २००८ मा नेपाल कलाप्रदर्शनी वि.सं. २०१३, २०१४ मा महाबौद्ध काठमाडौंमा आयोजित व्यावसायिक प्रदर्शनीमा भाग लिएका छन् । उनले मोरङ युवक सांस्कृतिक समितिको आयोजनामा वि.सं. २०१३ मा चित्रकला पठाई सामूहिक प्रदर्शनीमा भाग लिएका छन् । उनले परोपकार संघ, घरेलु, उद्योग विभाग, नेपाल युवक सङ्गठन, हस्तकला उद्योग विकास सल्लाहकार समिति र वीरेन्द्र कला सङ्ग्रहालय आयोजनामा आयोजित सामूहिक चित्रकला प्रदर्शनीमा भाग लिएका छन् ।[३९] उनले काठमाडौं लगनटोलमा, काठमाडौंको मत्स्यगाउँमा, कीर्तिपुरको बाघभैरव एक व्यक्ति चित्र प्रदर्शनीमा भाग लिएका छन् । खोपासी, सुनसरी, इटहरी, झापा, मकवानपुर, मोरङ, चितवन र नवलपरासीमा उनले एक व्यक्ति चित्रप्रदर्शनीमा भाग लिएका छन् ।[४०] उनले अल इन्डिया आर्टस्को आयोजनामा दिल्लीमा इ.सं. १९५३ मे ५ तारिखमा काउन्सिल फर नेपालीज एफियर्सद्वारा आयोजित दिल्लीमा, श्री ५ सरकारको दिल्ली सवारीको अवसरमा दिल्लीमा, शिल्पकला परिषद् पटनाको आयोजनामा पटनामा, एसियाली चित्रकला प्रदर्शनी सरस्वतीसदन रानीपोखरीमा र पश्चिम बङ्गालको दार्जिलिङमा चित्रप्रदर्शनी गराई उनले अन्तर्राष्ट्रिय कलाप्रदर्शनीमा भाग लिएका छन् ।[४१] उनले नेपालको विभिन्न ठाउँहरू लगायत भारतका विभिन्न ठाउँमा आयोजित कला प्रदर्शनीमा भाग लिई आफ्नो कलाको परिचय गराएका छन् ।

---

[३८] शोधनायकको हस्तलिखित विवरणअनुसार प्राप्त जानकारी ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

## २.१६ प्रकाशित पुस्तककार कृतिहरू तथा रचनाहरू र अप्रकाशित रचनाहरू

कुलमानसिंह भण्डारी जीवनभर साहित्यलेखन गरे । ती रचनालाई सङ्कलित गरेर प्रकाशन गर्ने क्रममा उनको जीवनकालमा एउटा संस्मरणात्मक लेखसङ्ग्रह प्रकाशन गरे । अन्य सङ्कलित गीत, कविता, निबन्ध आदिको पुस्तकाकार कृति बनाउने सोचलाई उनको असामयिक निधनले पूरा हुन सकेन ।[४२] उनका सिर्जनाहरूलाई सङ्कलित गरेर तीनवटा कृतिहरू तयार भएका छन् । उनका अन्य पत्रपत्रिकामा प्रकाशित रचनाहरू पनि छन् ।

### २.१६.१ कुलमानसिंह भण्डारीका प्रकाशित कृतिहरू

उनका प्रकाशित पुस्तककार कृतिहरू यस प्रकारका छन्-

| | | | |
|---|---|---|---|
| क | मेरा कलाकार गुरुहरू | २०५४ वैशाख | जीवनकालमा प्रकाशित |
| ख | कुलमानसिंह भण्डारीका गीत र कविता | २०६१ वैशाख | मरणोपरान्त प्रकाशित |
| ग | कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला | २०६२ असार | मरणोपरान्त प्रकाशित |
| घ | बालसाहित्यमा चित्रकला | २०६३ असार | मरणोपरान्त प्रकाशित |

### २.१६.२ प्रकाशित फुटकर रचनाहरू

कुलमानसिंह भण्डारी पुस्तकाकार कृतिबाहेक अन्य फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक सूची यसप्रकार रहेको छ-

| क.सं. | शीर्षक | विधा | पत्रिका | साल | वर्ष | अङ्क |
|---|---|---|---|---|---|---|
| १. | चित्रकला प्रदर्शन देखाउँदा | निबन्ध | लहर | 2046 भदौ | 11 | 18/19 |
| २. | सार्वजनिक पोखरी मिच्न दिइन | निबन्ध | परिवेश | 2047 चैत्र 30 | 9 | 251 |
| ३. | भ्रष्ट तŒवहरू चिनिराख्नुपर्छ १-२ | निबन्ध | परिवेश | 2048 वैशाख 24,25 | 9 | 270/71 |
| ४. | स्वचालित तान आविष्कारकको अपमान ! | निबन्ध | परिवेश | 2048 जेठ 8 | 9 | 286 |
| ५. | १९९० सालको राजनीतिक सुरक्षा कस्तो थियो ? | निबन्ध | परिवेश | 2048 असार 12 | 9 | 292 |

[४२] जनकप्रसाद हुमागाईं, 'एउटा कलाकार भित्रको सम्झनामा', **प्रकाश साप्ताहिक** (वर्ष १८, अङ्क ३२, २०५७, साउन १६) पृ. ४ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | उनीहरूले वकुल्लालाई हाँस भने | निबन्ध | परिवेश | 2048 श्रावण 22 | 9 | 309 |
| ७. | श्री ३ चन्द्रशम्शेरको फायरिङ ! | निबन्ध | परिवेश | 2048 भदौ 3 | 9 | 312 |
| ८. | बाघको खोरमा मान्छे हाल्ने भनियो | निबन्ध | परिवेश | 2048 भदौ 26 | 9 | 316 |
| ९. | त्यो बन्दुक किन पड्क्यो ? | निबन्ध | साप्ताहिक जनमार्ग | 2048 मंसिर 16 | 10 | 5 |
| १०. | जोगी बलबहादुर | कथा | प्रयास साप्ताहिक | 2049 आसाढ 22 | 8 | 29 |
| ११. | कालीमाटी खाडल पेल्यायौं | निबन्ध | जनमत | 2049 माघ फागुन | 10 | 1/2 |
| १२. | चित्रकलाको मूल्य | निबन्ध | गरिमा | 2050 चैत्र | 12 | 4 |
| १३. | चित्रकलाबारे जान्न बुझ्न खोज्दा | निबन्ध | गरिमा | 2051 असार | 12 | 7 |
| १४. | चित्रकलाप्रति श्रमनिष्ठता | निबन्ध | गरिमा | 2051 चैत्र | 13 | 4 |
| १५. | ललितकला एकेडेमीको आवश्यकता | निबन्ध | गोरखापत्र | 2051 चैत्र 18 | 98 | 323 |
| १६. | कला र सङ्गीतको छुट्टाछुट्टै एकेडेमी पाइने भो | निबन्ध | गोरखापत्र | द्दण्छद्द जेठ द्दण | 95 | 28 |
| १७. | कलाकार प्रज्ञाप्रतिष्ठान प्राप्तिको प्रयत्नमा | निबन्ध | गोरखापत्र | 2052 असार 13 | 95 | 52 |
| १८. | घर खर्चको लागि कामको खोजी | निबन्ध | महिमा | 2052 साउन 1 | 12 | 28 |
| १९. | कला बौद्धिकविलास होइन | निबन्ध | गोरखापत्र | 2052 साउन 15 | 95 | 86 |
| २०. | आब्स्ट्रयाक्ट आर्ट वा अमूर्त चित्रकला शैली सीप र स्रोत | निबन्ध | नौलोकोशेली | 2052 असोज | - | - |
| २१. | आदिम कलाको जगमा नै सामन्तवादी कलाले तला थप्दै गजुर हालेको हो | निबन्ध | रातो थुँगा | 2052 माघ | 5 | पूर्णाङ्क घ |
| २२. | मान्छेको लागि ललितकलाको अध्ययन अनिवार्य | निबन्ध | गरिमा | 2053 जेठ | 14 | 6 |
| २३. | देश र जनताको समस्या र समाधान चित्रकलामा उतार्नु छ। | निबन्ध | प्रलेश | 2053 असोज | 4 | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४. | चित्रकलामा अध्यात्मवादको वर्गीय प्रभाव | निबन्ध | मिर्मिरे | 2053 असोज | 25 | 6 |
| २५. | विट्रिस कलाकार चित्रकला : नेपाली अनुवाद | निबन्ध | गोरखापत्र | 2053 असोज | 96 | 209 |
| २६. | ढुङ्गाको मूर्तिकलाको संरक्षण कसरी ? | निबन्ध | गोरखापत्र | 2053 कार्तिक 3 | 96 | 167 |
| २७. | जनतालाई अमूर्त चित्रकलाको आवश्यकता छैन | निबन्ध | परिवेश | 2054 साउन 9 | 15 | 292 |
| २८. | वीर गणेशमान जिन्दावाद | निबन्ध | कान्तिपुर | 2054 असोज 14 | 5 | 224 |
| २९. | हास्यव्यङ्ग्य चित्रको महŒव बढ्दैछ | निबन्ध | गोरखापत्र | 2054 पुस 12 | 97 | 228 |
| ३०. | सर्वसाधारण जनतालाई अमूर्त चित्रकलाको के आवश्यकता ? | निबन्ध | गरिमा | 2054 चैत्र | 16 | 4 |
| ३१. | कलाकार अझै दासताबाट मुक्त हुन सकेका छैनन् | निबन्ध | मधुपर्क | 2055 असार 25 | 31 | 2 |
| ३२. | कार्टुन व्यङ्ग्यचित्रको सङ्ग्रहालय बनोस् | निबन्ध | साप्ताहिक | 2055 असोज 2 | - | - |
| ३३. | मूर्तिकलाले जनहित भावना लिएर उठ्न सक्छ | निबन्ध | गोरखापत्र | 2055 फागुन 29 | 98 | 203 |
| ३४. | फेरी आफ्नो मन परेको सांसद चुन्न पाइनो भो | निबन्ध | सौर्य साप्ताहिक | 2056 वैशाख 25 | 3 | 19 |
| ३५. | रङ्ग रङ्गका कलात्मक पातप्रतिभा समेटिने फेद फेला पारौं | निबन्ध | गोरखापत्र | 2056 जेठ 22 | 99 | 30 |
| ३६. | समसामयिकताको प्रतिबिम्ब व्यङ्ग्यचित्र | निबन्ध | मधुपर्क | 2056 साउन | 32 | 3 |
| ३७. | हास्यव्वयङ्ग्यकला विधाको यो अवसर | निबन्ध | गरिमा | 2056 साउन | 17 | 10 |
| ३८. | नेपाली कलाको संरक्षण कसरी ? | निबन्ध | दायित्व | 2056 असोज | 13 | पूर्णाङ्क 36 |
| ३९. | वृद्ध हुनु अभिशाप होइन | निबन्ध | अप्सरा | - | - | - |

## २.१६.३ अप्रकाशित रचनाहरूको सूची

उनले लेखेका गीत तथा रचनाहरू प्रकाशित गर्ने सोच हुँदाहुँदै उनको असामयिक निधनले पूरा हुन सकेन । यी अप्रकाशित रचनाहरूको लेख्न समय प्रायः इस्वी सन्को समय र महिनालाई मात्र दिइएको छ । यसैका आधारमा कालक्रमिक सूची यस प्रकार छ -

| क्र.सं. | शीर्षक | विधा | लेखन समय |
|---|---|---|---|
| १. | उज्यालो चाँडो मुस्काउँछ | गीत | जनवरी 1982 |
| २. | हतारै जुट । | गीत | जनवरी 1982 |
| ३. | केही गरुँ गरुँ | गीत | जनवरी 1982 |
| ४. | इच्छा सिद्ध | गीत | फरवरी 1982 |
| ५. | सबको लागि राम्रो | गीत | फरवरी 1982 |
| ६. | विचार पवित्र (अनन्त उपनाम) | गीत | फरवरी 1982 |
| ७. | ओखलेर फालिदिउँ ? | कविता | मई 1982 |
| ८. | खान्न हतपत | कविता | मई 1982 |
| ९. | मइ दिवस | कविता | मई 1982 |
| १०. | गाउँछ गाइने | गीत | जुन 1982 |
| ११. | देश बनाउँदैनन् | गीत | जुन 1982 |
| १२. | चल्छ वर्ग सङ्ग्राम | कविता | जुलाई 1982 |
| १३. | संघर्षको छाल | तामाङ गीत | छ अगस्ट 1982 |
| १४. | जतातते हेरौं | गीत | ज्ञड अगष्ट 1982 |
| १५. | सुख फर्केनन् | गीत | सेप्टेम्बर 1982 |
| १६. | विचार दिन गाह्रो | गीत | अक्टुवर 1982 |
| १७. | मजदुर एकगठ पार्ने हुँ | घोसेगीत | नोभेम्बर 1982 |
| १८. | पहिलो झुल्को घाम | कविता | नोभेम्बर 1982 |
| १९. | साथी मिलौ आउ (प्रदीप उपनाम) | गीत | नोभेम्बर 1982 |
| २०. | लालुपाते फुल झै | गीत | नोभेम्बर 1982 |
| २१. | कुन बाटो लिने (प्रदीप उपनाम) | गीत | नोभेम्बर 1982 |
| २२. | मै हुँ मपाइँ | गीत | डिसेम्बर 1982 |

| | | | |
|---|---|---|---|
| २३. | पाहुना भान्छा घर (प्रदीप उपनाम) | गीत | डिसेम्बर 1982 |
| २४. | खेल्यो विचारका धुरा (प्रदीप उपनाम) | श्लोक | डिसेम्बर 1982 |
| २५. | विस्तारवादको आउँछ छाल | घाँसेगीत | डिसेम्बर 1982 |
| २६. | गीत घन्काउँदै | गीत | डिसेम्बर 1982 |
| २७. | पहिलो प्राथमिकता | गीत | जनवरी 1983 |
| २८. | मायाप्रीती हँसिलो | गीत | फरवरी 1982 |
| २९. | गीतमै सराप्दै | श्लोक | जुलाई 1983 |
| ३०. | गाउँछु गीत | गीत | अगष्ट 1983 |
| ३१. | गाँसौ हित्त-चित्त | घाँसे गीत | अगष्ट 1983 |
| ३२. | म जस्तै तरुनी | गीत | अक्टुबर 1983 |
| ३३. | हाँस्न नजानेको | गीत | मई, 1984 |
| ३४. | भाले बास्छ त्यै बेला | घाँसे गीत | मई, 1984 |
| ३५. | भन्छन् सामन्त | सिलोक | मई, 1984 |
| ३६. | एक भै डटेर | सिलोक | जुन 1984 |
| ३७. | यै यै नाचिदेउ | बालगीत | जुन 1984 |
| ३८. | फूल फूलेर ढपक्कै | घाँसेगीत | जुलाई 1984 |
| ३९. | चाउरेका चाउर्‍यै | गीत | जुलाई 1984 |
| ४०. | जुर्मराउने बेला भो | घाँसेगीत | अगस्ट 1984 |
| ४१. | मई ब्रह्माचारी | गीत | अगस्ट 1984 |
| ४२. | यिनको गरौं खेदो | गीत | अगस्ट 1984 |
| ४३. | क्रान्तिगीत गाउँदा | घाँसेगीत | अगस्ट 1984 |
| ४४. | बिम्भ्केका मानिस | कविता | नोभेम्बर 1984 |
| ४५. | बाली विरुवा गोड्नु | गीत | नोभेम्बर 1984 |
| ४६. | तारा चम्केको | गीत | नोभेम्बर 1984 |
| ४७. | जस्ले पैसा छर्छ | गीत | नोभेम्बर 1984 |
| ४८. | प्रतिज्ञा गरेर | गीत | डिसेम्बर 1984 |
| ४९. | थरर देश काम्यो | भ्याउरे गीत | डिसेम्बर 1984 |
| ५०. | यो देश बनाउँछौं | भ्याउरे गीत | डिसेम्बर 1984 |

| | | | |
|---|---|---|---|
| ५१. | साझा पैलो प्राथमिकता | घाँसे गीत | जनवरी 1985 |
| ५२. | कर्तव्यलाई बुझ्दा | गीत | जनवरी 1985 |
| ५३. | जान्नै पर्ने कुरा | गीत | नोभेम्बर 1985 |
| ५४. | बिम्झेका मानिस | कविता | नोभेम्बर 1985 |
| ५५. | हाम्रो सस्तो पारी (नरेन्द्र उपनाम) | गीत | डिसेम्बर 1985 |
| ५६. | किसानको हाँक | कविता | वि.सं. 2051 भदौ 25 |

### २.१६.४ कुलमानसिंह भण्डारीको नाममा प्रकाशित कृति

कुलमानसिंह भण्डारीको नाममा प्रकाशित 'मेरी सानी साथी' बालकविता सङ्ग्रह (२०४३) हो । यसमा भण्डारीका चित्रहरू राखिएका छन् । यी कविताहरूको रचनाकार श्यामप्रसाद शर्मा हुन् । शर्मा भूमिगत भएको बेला कुलमानसिंह भण्डारीको नाममा प्रकाशित भएको हो । यो कृति पुनः श्यामप्रसाद शर्माको नाममा प्रकाशित भएको छ ।

### २.१७ पुरस्कार र सम्मान

कुलमानसिंह भण्डारी कलासाधक र साहित्यसाधक दुवै हुन् । कला र साहित्यमा लागेर कार्य गरेकामा उनले विभिन्न पुरस्कार र सम्मानपत्र प्राप्त गरेका छन् । चित्रकला क्षेत्रमा उल्लेखनीय योगदान गरेवापत (वि.सं. २०५२ फागुन ६ गते) 'युद्धप्रसाद मिश्र' पुरस्कार प्राप्त गरेको पाइन्छ ।[४३] पारिजात स्मृति केन्द्रले 'पारिजात कला पुरस्कार' (२०५९) मरणोपरान्त कलाकार कुलमानसिंह भण्डारीलाई यथार्थवादी कलासृजनामा उल्लेखनीय योगदान पुऱ्याएवापत प्रदान गरेको हो ।[४४] उनले परोपकार राष्ट्रिय प्रदर्शनीमा मकैको गेडाबाट बनाएको बुद्ध भगवानको अनुहार चित्रमा दोस्रा भई वि.सं. २०११ मा चाँदीको पदक प्राप्त गरे । टुरिस्ट विभागको आयोजनामा पोस्टर प्रतियोगिता भएकोमा दोस्रो स्थानको पुरस्कार 'नगद थैली' प्राप्त गरे । पासाङ ल्हामु सेर्पा भावचित्र प्रदर्शनीमा उनले वि.सं. २०५० चाँदीको पदक प्राप्त गरे । चित्र प्रदर्शनी गर्दै तराईमा घुम्दै जाँदा उनलाई इटहरीमा अभिनन्दन (वि.सं. २०५१) गरिएको पाइन्छ ।[४५] कुलमानसिंह भण्डारीले प्रलेस वार्षिकोत्सव कविता गोष्ठीमा काव्य सहभागितामा धन्यवाद पत्र २०५१ भाद्र २५ गते प्राप्त, कीर्तिपुर सहीद दिवसमा

---

[४३] ऐजन, पृ. ४ ।

[४४] सुकुम शर्मा, **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ६१ ।

[४५] शोधनायकको लिखित विवरणबाट प्राप्त जानकारी ।

आफ्नो कलाकारिता प्रदर्शन गरेर प्रगतिको कामनासहित प्रमाणपत्र २०५०, ललितपुर आदर्श कला प्रदर्शनीमा वाटर कलरका ग्रामीण चित्रहरू बनाएवापत प्रथम-श्रेणीको प्रशंसाको प्रमाणपत्र (२००८ श्रावण ३०) प्राप्त, नेपाल कला समितिको आयोजनामा आयोजित 'नेपाल कला प्रदर्शनी' २०१३ मा मकैको गेडा चित्र प्रदर्शन गरेबापत आदर्शसहितको प्रममाणपत्र, श्री स्वास्थ्य शिक्षा श्रम मन्त्रालयबाट आयोजित व्यवसाय प्रदर्शनीमा व्यङ्ग्यचित्रमा योगदान दिएवापत प्रशंसाको प्रमाणपत्र २०१४, नेपाल हस्तकला प्रदर्शनी बुट्टेदार नली प्रदर्शन गरेवापत प्रमाणपत्र २०४०, नेपाल वातावरण कलाकार समूहद्वारा चित्रकला, मूर्तिकला र व्यङ्ग्यचित्रमा अविच्छिन्न रूपमा कार्य गरेवापत अभिनन्दन-पत्र (२०५५ पुस १० गते) प्राप्त गरेको पनि पाइन्छ ।[४६]

## २.१८ अन्त्यावस्था र देहावसान

वि.सं. २०५६ माघमा धनगढी गएर आएपछि कुलमानसिंह भण्डारी रोगले विस्तारै कमजोर बन्दै गए । खानामा अरुचि, हिंड्नमा कमजोर बनाए पनि तत्काल उनमा रोग भने देखिएन । निकै नै कमजोर भैसकेपछि उनी वि.सं. २०५७ जेठ २२ गते पाटन अस्पतालमा भर्ना भए । उनलाई जण्डिस रोग लागेको वि.सं. २०५७ असार ३ गते मात्र थाहा भयो । पाटन अस्पतालको डक्टरद्वारा शिक्षण अस्पतालमा लैजाने सल्लाहअनुसार असार ३ गते नै उनी शिक्षण अस्पतालमा भर्ना भए । कुलमानसिंहको शिक्षण अस्पतालमा उपचार गर्दागर्दै वि.सं. २०५७ साउन २ गते रातीको ११:५८ बजे मृत्यु भयो ।[४७] उनले मर्ने बेलामा छोरा रामकृष्ण भण्डारीलाई पत्रिका पढेर सुनाउन भनेका थिए । रामकृष्णले पत्रिका पढ्दापढ्दै कुलमानसिंह भण्डारीको देहवसान भयो ।[४८] यसरी कला र साहित्यमा जीवनभर सेवा गरेर ७५ वर्षको उमेरमा यस संसारबाट सदाका लागि विदा भए ।

## २.१९ साहित्यसम्बन्धी मान्यता र धारणा

आधुनिक समय आधुनिक जनताको नजिक पुगेको हुन्छ । कलाको कामबाट जनताले आधुनिकता नाममा बढी फाइदा पाएको हुनुपर्नेमा कला आधुनिक भएकोमा झन् जनताबाट टाढा हुन पुगेको छ र यो उल्टो काम कसरी भयो भन्ने विचार उनले

---

[४६] ऐजन ।

[४७] चैतन्यकुमारी अनुसार प्राप्त मौखिक जानकारी ।

[४८] ऐजन ।

व्यक्त गरेका छन् ।[49] कलाकारिता अभिजात वर्गको बौद्धिकविलास मात्र होइन, पीडित जनता सबैले चित्रकलाको मर्मबोधको मौका पाउनुपर्ने उनको धारणा छ ।[50] उनका मतमा जनताले कला हेरेर भावनात्मक र वैचारिक फाइदा पाउन नसकून भन्ने कलाकारले आफ्नो मात्र रचना समाजमा पुऱ्याई स्यावासी पाऊन् भन्ने दुराशा नै हो ।[51] उनका विचारमा कला वर्गीय हुन्छ, जनपक्षीय कलाकारले जनताको हितलाई सर्वोपरि राखेर कलाको सृजनामा क्रियाशील हुन्छ ।[52] उनी अमूर्त कलाको विरोध गर्छन् - 'अमूर्त भन्नेबित्तिकै त्यो अन्तर्राष्ट्रवादी हुन्छ । त्यो वस्तु संसारमा कसैले पनि प्रष्ट बुझ्न सक्दैन । अमूर्त भन्नेवित्तिकै त्यो कलालाईवादशाहले लगाएको लुगा मान्नुपर्छ जसले बुझिन भन्छ त्यो मूर्ख हुन्छ, भन्ने उनको मत छ ।[53] आधुनिक कला यदि देश र जनताको हितमा सिर्जिएको छ भने त्यस्ता आधुनिकतालाई अरू ढङ्गका कलालाई भन्दा बढी हौसला दिनुपर्छ भन्ने उनको विचार छ ।[54] कलाकारले आफ्नो हैसियतअनुसार तेल रङ्, पानी रङ्, ढुङ्गा रङ् माटो रङ्ले भए पनि आफ्नो मस्तिष्कमा आएको भावनालाई मानु हुँदैन भन्ने उनको मत छ । रङ् बजारमा पाइएन वा पैसा भएन भनेर आफ्नो भावना लुकाउनु हुँदैन भन्ने विचार भण्डारीको छ ।[55] उनकाअनुसार साहित्य मान्छेको समाजलाई निरन्तर नयाँ क्षितिज पैल्याउँदै अझ नयाँ उज्यालोतिर झनझन प्रखर रूपमा अगाडि बढाएर लागिरहने प्रक्रिया हो ।[56]

## २.२० निष्कर्ष

कुलमानसिंह भण्डारीको जन्म वि.सं. १९८२ माघ २१ गते सोमवार भएको हो । उनको बाल्यकाल बाबुआमाको माया, प्रेम र स्नेहका साथ नैकापको ग्रामीण वातावरणमा बितेको हो । ६ वर्षको उमेरमा अक्षराम्भ गरेका कुलमान सानैदेखि कक्षा शिक्षा पढ्नुभन्दा चित्र बनाउन रुचि राख्छन् । उनले स्कुलको पढाइलाई महत्व दिएनन् । वि.सं. १९९९ मा जुद्धकला पाठशालामा दुई वर्ष अध्ययन गरे तर उत्तीर्ण भएनन् । उनको पढाइलाई स्वअध्ययनमा सीमित राखी चित्रकलासम्बन्धी सीपमा

---

[४९] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका गीत र कविता,** (ललितपुर : सहस्राब्दी प्रकाशन प्रा.लि. २०६१) पृ. ६८ ।

[५०] निनु चापागाई, **उत्तरआधुनिकता : भ्रम र वास्तविकता,** (काठमाडौं : सहस्राब्दी प्रकाशन प्रा.लि., २०६१), पृ. ५९ ।

[५१] ऐजन, पृ. ६२ ।

[५२] ऐजन, पृ. ६६ ।

[५३] सुकुम शर्मा, **कुलमानसिंह भण्डारीका गीत र कविता,** पूर्ववत्, पृ. ६८ ।

[५४] ऐजन, पृ. ६९ ।

[५५] ऐजन, पृ. ७० ।

[५६] मोहन दुवाल, 'साहित्यकार : परिचयका हरफहरू - ३९', **जनधारणा,** (वर्ष ७, अङ्क ४३, २०५५, फागुन ६), पृ. ६ ।

आफ्नो सिर्जनात्मक ज्ञान तिखार्दै लगे । वि.सं. २००३ मा उनले ब्रह्मखेलका डम्मरध्वज थापा बगालेकी माहिली छोरी  चैतन्यकुमारीसँग मागी विवाह गरें । उनीहरूका ६ सन्तानहरूमध्ये छोरीमध्येकी कान्छी छोरी दुर्गाको पाँच वर्षको उमेरमा मृत्यु भयो भने अरू पाँच छोराछोरी जीवितै छन् । सामान्य निम्नमध्यम वर्गीय परिवारमा जन्मेका कुलमानको पारिवारिक व्यवस्था सामान्य रूपले चलेको पाइन्छ । उनले घरेलु उद्योग विभागमा एकतीस वर्ष जागिरे जीवन बिताए । कला-साहित्यलाई जागिरे जीवन साथसाथै ल्याएका भण्डारी जागिरे जीवनपश्चात् झन् बढी समय साहित्यलाई दिन पाए । सामाजिक संघसंस्थामा आबद्ध भएका भण्डारीले नेपाली राजनीतिमा प्रगतिशील भावनाका साथ सक्रिय भई कार्य गरे । मार्क्सवादबाट प्रभावित भण्डारीले वर्गीय असमानता विरुद्ध सधैं लडिरहे । उनी कला, साहित्य र व्यक्तिगत कार्यको सिलसिलामा नेपालको विभिन्न ठाउँलगायत भारतको, देहरादुन, दिल्ली, बम्बई, कलकत्ता र पट्ना आदि ठाउँको भ्रमण गरे । ठाउँठाउँमा एकल तथा सामूहिक चित्रप्रदर्शनीमा भाग लिएका भण्डारीले पासाङ्ल्हामू पुरस्कार र युद्धप्रसाद मिश्र पुरस्कारलगायत अन्य पुरस्कार र सम्मान प्राप्त गरे । नेपाली कला, साहित्य र सामाजिक क्षेत्रमा अमूल्य योगदान पुऱ्याएका भण्डारीको वि.सं. २०५७ साउन २ गते सोमबार रातको ११:५८ बजे मृत्यु भयो ।

परिच्छेद-तीन

# कुलमानसिंह भण्डारीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो ।[१] यसमा व्यक्तिविशेषको निजीपनका साथै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता पाइन्छ ।[२] व्यक्तित्व निर्माणमा जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवन व्यतीत गर्ने क्रममा आइपर्ने आरोहअवरोह तथा सम्बन्धित समाज, संस्कार, परिवार, शिक्षादीक्षा, वातावरण, परिवेश आदिबाट व्यक्तित्व निर्धारण हुन्छ । व्यक्तित्वका निर्माणमा उसको पारिवारिक, सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, राजनीतिक आदि पक्षहरूको महत्वपूर्ण भूमिका हुन्छ । जीवन शैलीभित्र व्यक्तिगत स्वभाव र सामाजिक क्रियाशीलता आउँछ । व्यक्तिगत स्वभावले व्यक्तिगत व्यक्तित्व निर्धारण हुन्छ भने सिर्जनात्मक र सामाजिक कार्यले सामाजिक व्यक्तित्व बन्दछ । भण्डारी पनि सिर्जनात्मक र सिर्जनाइतर गरी दुवै खाले व्यक्तित्व हुन् । भण्डारीको सिर्जनात्मक क्षेत्रमा कलाविधा र साहित्यकार दुवै व्यक्तित्व रहेको पाइन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

कुलमानसिंह भण्डारीको शारीरिक व्यक्तित्व आकर्षक थियो । उनको उचाइ ५ फिट ७ इन्च थियो । सामान्य मोटो देखिने भण्डारीको तौल सरदर ६४ देखि ७४ किलोग्राम रहने गर्दथ्यो ।[३] थेप्चो नाक, चिम्सा आँखा, मोटोघाटो शरीर, मङ्गोलियन जातिको जस्तो मुखाकृति देखिन्थ्यो । उनको बोलाइचलाइमा फूर्तिलोपना हुनाका साथै जीउडाल र अनुहार हृष्टपुष्ट देखिन्थ्यो ।[४] प्रायः सर्ट, पाइन्ट र टोपी लगाउने भण्डारी सधैं एउटा झोला भिरेर हिंड्ने गर्दथे ।[५] उनी परिश्रमी, सहयोगी र मिलनसार थिए । बाहिरी अनुहार हेर्दा सामान्य देखिए पनि उनको भित्री हृदय सुन्दर थियो ।[६]

---

[१] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), नेपाली बृहत् शब्दकोश, पाँ.संस्क. (काठमाडौं : नेराप्रप्र. २०५८), पृ. १२४५ ।

[२] ऐजन ।

[३] रामकृष्ण भण्डारीबाट प्राप्त मौखिक जानकारी ।

[४] मोहन दुवाल, 'आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी', **जनमत,** (वर्ष ९, अङ्क ५-६, २०४९), पृ. कभरपृष्ठ ।

[५] मोदनाथ प्रश्रित, **मानसपटलका तस्वीरहरू,** (चितवनः नारायणी प्रकाशन, २०४९) पृ. ९ ।

[६] कुमार राउतबाट प्राप्त मौखिक जानकारी ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

कुलमानसिंह भण्डारी साहित्यमा रुचि राख्ने व्यक्ति हुन् । उनले कविता, निबन्ध, संस्मरण, बालसाहित्य, कथा आदि विषयमा कलम चलाएका छन् । उनले साहित्यलाई जीवनभरि नै कार्यथलो बनाएको पाइन्छ । साहित्यमा उनको प्रमुख विधा कविता र निबन्ध नै हो । उनले अन्य विधामा पनि योगदान पुऱ्याएका छन् ।

#### ३.२.१.१ कवि व्यक्तित्व

कुलमानसिंह भण्डारी कला-साहित्यका विशिष्ट प्रतिभा हुन् । उनको साहित्यका क्षेत्रमा कविता र निबन्ध विधामा विशेष योगदान रहेको छ । उनले साहित्यतर्फ कविता विधामा 'चार किसानको गीत' **नवभारत** टाइम्स (जुलाई, १९५२) मा प्रकाशित कवितामार्फत औपचारिक साहित्ययात्रा आरम्भ गरेका हुन् ।[७] उनका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती कविताहरूलाई सङ्कलन गरेर पुस्तकाकार कृतिका रूपमा प्रकाशन कार्य भने उनको मरणोपरान्त भएको छ । यसै सन्दर्भमा 'कुलमानसिंह भण्डारीका गीत र कविता' कवितासङ्ग्रह प्रकाशन भएको छ । उनको साहित्यिक नाम अनन्त, जगतबहादुर, मीनबहादुर, जुद्धबहादुर, नरेन्द्र र प्रदीप रहेका छन् ।[८] काव्यात्मक अभिव्यक्तिद्वारा विचारको कलात्मक लेपन लगाउन सिपालु कवि भण्डारी कवितामा श्रमिक वर्गको पक्षमा उभिएर मुक्तिको गीत गाएका छन् । उनी कवितामा कलाको विषयलाई लिएर काव्यात्मक अभिव्यक्ति दिन सक्ने कुशल व्यक्ति देखिन्छन् । चित्रमा रेखा र रङसँगै यथार्थ भाव उतार्न रुचाउने भण्डारीले काव्यात्मक शब्दचित्रमा पनि छोडेका छैनन् ।[९] यसरी शोसितपीडित जनताको आवाज प्रकट गर्ने भण्डारीले कविता सरल र सहज भाषामा प्रस्तुत गर्दछन् ।

#### ३.२.१.२ गीतकार व्यक्तित्व

कुलमानसिंह भण्डारीको कवि व्यक्तित्वसँगै गीतकार व्यक्तित्व पनि आउँछ । उनले सानै उमेरदेखि गीत गुनगुनाउने गर्दथे र गीतको रचना पनि गर्दथे ।[१०] उनको 'कुलमानसिंह भण्डारीका गीत र कविता' शीर्षक सङ्ग्रहमा गीत शब्द आएको छ । उनको साहित्ययात्राको सुरुवात 'चार किसानको गीत' शीर्षकको गीतबाट नै भएको

[७] मुकुन्द श्रेष्ठ, 'जसका कृतिहरू लुटिएका छन्', **प्रकाश साप्ताहिक**, (वर्ष १४, अङ्क १९, २०५३), पृ. ४ ।

[८] सुकुम शर्मा (सम्पा.), **कुलमानसिंह भण्डारी गीत र कविता** (ललितपुर : सहस्राब्दी प्रकाशन प्रा.लि., २०६१) ।

[९] सुकुम शर्मा, **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, (काठमाडौं : रामकृष्ण शर्मा, २०६२), पृ. ६५ ।

[१०] विश्वनाथ लुइटेलबाट प्राप्त मौखिक जानकारी ।

हो । उनका यस सङ्ग्रहमा ‘प्रीति लाउन जान्नू’, ‘छिन्ना कुन्जा हातमा’, ‘सच्चा जनसेवक’ आदि गीतहरू पाइन्छन् । यस सङ्ग्रहबाहेक उनका अप्रकाशित गीतहरू पनि रहेका छन् ।[११] उनले कवितात्मक खालका गीतिकविताको रचना गरेका छन् । उनका यी गीति रचनाहरूमा काँठे लोकलय, लोकलय, झ्याउरे लय आदिको प्रयोग पाइन्छ । उनले गीतको क्षेत्रमा महत्वपूर्ण कार्य गरेका छन् ।

### ३.२.१.३ निबन्धकार व्यक्तित्व

कुलमानसिंह भण्डारीको साहित्यसाधना क्षेत्र कविता र निबन्ध विधा हो । निबन्धको क्षेत्रमा उनले कला विषय, सामाजिक विषय, वर्गीय विभेद आदिलाई मुख्य मुद्दा बनाउने गरेको पाइन्छ । उनले निबन्धबाट जनतालाई केही सन्देश दिन चाहन्छन् ।[१२] उनका निबन्धहरूमा प्रगतिशील भावना पाइन्छ । उनका निबन्धमा अध्यात्मवाद एवम् सामन्तवादको विरोध श्रमिक वर्गको पक्षका अभिव्यक्ति आएका हुन्छन् । उनी मार्क्सवादी विचार धाराप्रति आस्थावान व्यक्ति भएकाले उनका निबन्धमा मार्क्सवादी विचारधाराको उदयले जनताको अधिकार प्राप्त भएको अभिव्यक्ति स्पष्ट रूपमा देखापर्दछ ।[१३] उनका निबन्धमा जनसमुदायलाई जागरुक बनाउने उद्देश्यले सामाजिक, राजनीतिक र प्रशासनिक कुरीति एवम् विकृतिमाथि प्रहार गर्दछन् ।[१४] उनका निबन्धमा विचार पक्ष प्रमुख भएर आएका छन् । उनी निबन्धमा आफ्ना विचार राख्न सक्षम छन् ।

### ३.२.१.४ संस्मरणकार व्यक्तित्व

कुलमानसिंह भण्डारीका संस्मरणहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनको केही संस्मरणात्मक लेखहरूलाई समेटेर मेरा कलाकार गुरुहरू (२०५४) उनको जीवनकालमा प्रकाशित पुस्तककार कृति हो ।[१५] यस पुस्तकमा उनले नौजना गुरुहरूसँगको सम्पर्क र आफ्ना गुरुप्रति आदरभाव प्रकट गरेका छन् ।[१६] उनका संस्मरणहरू आत्मसंस्मरण मात्र नभएर गुरुसँगको भेट र बितेका अनुभवको स्मरण हो । यस आदरभित्र आफूलाई सिकारु ठानेर आफ्नो कलायात्राको पनि परिचय दिन

---

११ रामकृष्ण भण्डारीबाट प्राप्त मौखिक जानकारी ।

१२ कुमार राउतबाट प्राप्त मौखिक जानकारी ।

१३ निनु चापागाई, **उत्तरआधुनिकता : भ्रम र वास्तविकता**, (काठमाडौं : सहस्राब्दी प्रकाशन प्रा.लि., २०६१) पृ. ७० ।

१४ ऐजन, पृ. ७१ ।

१५ ऐजन, पृ. ६८ ।

१६ सुकुम शर्मा, ‘स्मृतिका हरफमा कुलमानसिंह भण्डारी’, **नयाँ मोर्चा**, वर्ष ७, अङ्क ३८, २०५७, साउन २४, पृ. ७ ।

सफल छन् । यी संस्मरणहरूमा जनताबाट सिक र जनतालाई देऊ भन्ने कुरा प्रस्तुत गरेका छन् ।[१७] कला क्षेत्र, आफ्ना गुरुहरू र आफूबीचको त्रिकोणात्मक सम्बन्धको परिचयात्मक संस्मरण गर्न भण्डारी सक्षम र सफल छन् ।

### ३.२.१.५ बालसाहित्यिक व्यक्तित्व

कुलमानसिंह भण्डारीले बालसाहित्य क्षेत्रमा पनि सशक्त कलम चलाएका छन् । उनले विशेष गरेर बालबालिकाका चित्र बनाउने गरेको पाइन्छ । उनले बालसाहित्यमा बालबालिकाका लागि चित्रकलाको महत्व, जागरण र अपेक्षाका शब्दहरू प्रस्तुत गरेका छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित बालसाहित्यमा चित्रकलासम्बन्धी दसवटा लेखहरू सङ्कलन गरेर उनको मृत्युपश्चात् बालसाहित्यमा चित्रकला नामक पुस्तक प्रकाशन भएको छ ।[१८] बालसाहित्यको अध्ययन अध्यापनको महत्व चित्रको प्रयोग रेखारङ्को समायोजनको तरिका र अभिभावकप्रति आग्रह नै मुख्य रूपले उनका यी लेखमा आएका छन् ।[१९] उनका 'बालसाहित्यमा चित्रकला' पुस्तकबाहेक अन्य लेखहरूमा पनि बालबालिकाका लागि कला र साहित्यको महत्व आएका छन् ।

### ३.२.१.६ कथाकार व्यक्तित्व

उनको साहित्यिक विधामध्ये कथा पनि लेखेका छन् । जोगी बलबहादुर कथा उनको प्रयास साप्ताहिक पत्रिकामा २०४९ आषाढ २२ गते प्रकाशित भएको हो । उनको प्रकाशित र प्राप्त कथा पनि यही हो । यो कथा उनका बाबु यकबहादुरले उनलाई २००७ साल अगाडि सुनाएको कथा हो ।[२०] यो सामाजिक विषयमा आधारित कथा हो । बलबहादुरले अदृश्य ईश्वरलाई भन्दा आफ्नो जन्मदिने आमाप्रति भक्तिभाव देखाउनु ठूलो धर्म सम्झेका छन् । जोगी बलबहादुर आफ्नो तपस्याबाट मोक्ष प्राप्त गर्ने, यदि मोक्ष प्राप्त नभएमा अर्को जुनीमा राजा बन्ने कुरा यस कथामा आएको छ । स्वैरकल्पनाको प्रयोग भण्डारीले यस कथामा गरेका छन् । सरल रेखीय ढाँचामा अगाडि बढेको छ । छोटो आयामको सरल, स्पष्ट अभिव्यक्तिका साथ प्रस्तुत भएको छ ।

### ३.२.१.७ जीवनी लेखक व्यक्तित्व

---

[१७] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ५६ ।

[१८] सुकुम शर्मा, (सम्पा.) **बालसाहित्यमा चित्रकला**, (काठमाडौं : रामकृष्ण भण्डारी, २०६३) ।

[१९] ऐजन ।

[२०] कुलमानसिंह भण्डारीको जोगी बलबहादुर कथाअनुसार ।

कुलमानसिंह भण्डारीले जीवनी भनेर कसैका बारेमा नलेखे पनि उनले लेखेका लेख, संस्मरणहरूमा जीवनका विविध पाटाको उल्लेख गरेका छन् । उनको 'मेरा कलाकार गुरुहरू' मा कार्चोपी कलाकार पारसमणिको संस्मरणात्मक लेखमा पारसमणिको जीवनी उल्लेख छ । पारसमणिसँग चित्र सिक्न जाँदा पारसमणिले सुनाएका जीवनका उकालीओरालीको वर्णन छ । उनले 'श्रमिक साहित्यकी जाज्वल्यमान पारिजात' शीर्षकलेखमा पारिजातका बारेमा सामान्य चर्चा गरेका छन् ।[२१] भण्डारीले मेरा कलाकार गुरुहरूको 'कलाशिल्पी मङ्गलबहादुर पौडेलसँग' शीर्षक लेखमा मङ्गलबहादुर पौडेलको जीवनका सुखदुःख केलाइएको छ । 'म मास्केजीको चेलो' शीर्षक लेखमा चन्द्रमान मास्केका जीवनका केही पक्षका बारेमा लेखिएको छ । उनका अन्य लेखहरूमा पनि जीवनीका केही पक्ष कतै न कतै प्रतिबिम्बत भएको छ । उनका लेखहरूमा जीवनी, व्यक्तित्वको छाप पनि देखापर्दछ ।

### ३.२.२ कला व्यक्तित्व

कुलमानसिंह भण्डारीको प्रमुख विधा भनेको कला क्षेत्र हो । उनले चित्रका साथै मूर्तिकलाको पनि सिर्जना गरेका छन् । उनी कलाबाट निकै चर्चित भएका छन् ।

#### ३.२.२.१ चित्रकार व्यक्तित्व

कुलमानसिंह भण्डारीले सानै उमेरदेखि चित्र कोर्नमा रुचि राखेको पाइन्छ । एउटा हिसाव सकिनासाथ एउटा चित्र कोर्नै पर्ने उनको बानी थियो । गृहकार्य बिर्सेर उनी चित्र कोर्नमा नै तल्लीन हुन्थे । उनले गृहकार्य नै नगरी चित्र बनाउन खोज्दा बुबाको धेरै गाली पनि खाए ।[२२] उनले आठ वर्षदेखि नै चित्र लेख्न सुरु गरेका हुन् । उनका महत्वपूर्ण चित्रहरू 'पहरो र कुइनो', 'शल्यक्रिया', 'जयमाला', 'मनको कुरा मुखमा ल्याई मन्न सक्दिन', 'सौगात', जस्ता चित्रहरूले समाजमा व्याप्त कुरीतिप्रति प्रहार गर्न सफल छन् । उनका सयौं पुस्तकपुस्तिकाहरूमा गाता तथा मुखपृष्ठहरूमा लेखेका चित्रहरू अति गहन र मार्मिक छन् ।[२३] उनले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा गाताचित्रहरू बनाउने गरेको पाइन्छ । यी चित्रहरूलाई एकीकृत गर्नका लागि उनको मृत्युपछि 'कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला' (२०६२) प्रकाशन भएको छ ।[२४] उनी अमूर्त चित्रकलाको विरोधी छन् । उनले चित्रहरू सुस्पष्ट,

---

[२१] मोहन दुवाल, 'श्रमिक साहित्यको जाज्वल्यमान पारिजात' **जनमत**, वर्ष ९, अङ्क ७-९, २०४९, पृ. ७ ।

[२२] मुकुन्द श्रेष्ठ, 'जसका कृतिहरू लुटिएका छन्', **प्रकाश साप्ताहिक**, वर्ष १४, अङ्क १९, २०५३, वैशाख ।

[२३] मोहन दुवाल, 'आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी, **जनमत**, वर्ष ९, अङ्क ५-६, २०४९ ।

[२४] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीको आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ६५ ।

सुबोध्य र यथार्थ धरातलमा सिर्जना गर्नुपर्छ भन्ने मान्यता राख्दछन् ।[२५] उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको चित्रप्रदर्शनीमा भाग लिएका छन् ।[२६] उनले विविध रङ्को प्रयोग गरेर वैचारिक, सजीव र यथार्थवादी चित्रसिर्जना गरेका छन् । उनका चित्रमा वर्गीय स्वर छ, संघर्ष र मुक्तिको चाहना छ । उनले रुग्ण संस्कारको विरोध गर्दै परिवर्तित जीवनदृष्टिको पक्षमा चित्र रचना गरेका छन् ।[२७]

### ३.२.२.२ मूर्तिकार व्यक्तित्व

उनको प्रमुख क्षेत्र भनेको कला हो । उनलाई चित्रकला र मूर्तिकलामा लाग्न उनका बुबाबाट सहयोग र प्रेरणा प्राप्त गरेका हुन् ।[२८] भण्डारीले १९९७ सालमा १५ वर्षको उमेरमा नै अनुहार हेरेर मुहारचित्र फोटो बनाएका थिए ।[२९] उनले घरमा दुर्गादेवी, भगवान् विष्णु र शिवजीको मूर्तिहरू बनाएको पाइन्छ ।[३०] उनले पाँगामा स्थानीय व्यक्ति लोकबहादुर डङ्गोलको सालिक वि.सं. २०१५ मा निर्माण गरेका हुन् ।[३१] वि.सं. २०१६ मा उनले माटाको मूर्तिहरू बनाएका छन्, जुन मूर्ति सहिद स्मारक पुस्तकालयमा अझैसम्म राखिएका छन् ।[३२] परोपकार संस्थाको आयोजनामा उनको मकैको गेडाबाट निर्मित बुद्धको मूर्तिले द्वितीय पुरस्कार प्राप्त गरेको थियो ।[३३] उनको मूर्तिमा सजीवता भेटिन्छ । उनी ठूलाबडाको सालिक निर्माणको विरोध गरेर सर्वसाधारणको सालिक निर्माणको पक्षमा रहेको पाइन्छ ।[३४] उनी मार्क्सवादमा विश्वास र आस्था राख्ने जनवादी कलाकार भएकाले आफ्नो वर्गको हित हुने गरी मूर्ति कुद्नुपर्छ र सामाजिक रूपान्तरणका लागि विशेष भूमिका खेल्नुपर्छ भन्ने मान्यतामा प्रतिबद्ध छन् ।[३५]

## ३.३ सिर्जनाइतर व्यक्तित्व

---

[२५] ऐजन ।

[२६] ज्ञानेन्द्र विवश, 'कलाकार कुलमानसिंह भण्डारी', **कान्तिपुर (कोपिला)**, (वर्ष ८, अङ्क २६९, २०६०, मङ्सिर ५), पृ. घ ।

[२७] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारी आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ६५ ।

[२८] श्याम व्यन्जनकार, 'ओझेलमा परेका कलाकार', **साधना**, (पूर्णाङ्क ४३, २०५३), पृ. ३९ ।

[२९] ऐजन ।

[३०] चैतन्यकुमारीबाट प्राप्त मौखिक जानकारी ।

[३१] ऐजन ।

[३२] ज्ञानेन्द्र विवश, 'कलाकार कुलमानसिंह भण्डारी', पूर्ववत्, पृ. घ ।

[३३] सुकुम शर्मा, 'कलाकार कुलमानसिंह भण्डारी', **सारथि**, (२०५५ कार्तिक २०), पृ. ३ ।

[३४] रामकृष्णबाट प्राप्त मौखिक जानकारी ।

[३५] पशुपति तिमल्सेना, 'ब्रस, कुची र कलमको टुप्पामा शक्ति देख्ने कुलमानसिंह भण्डारी', **शब्दसंयोजन**, (वर्ष ३, अङ्क ११, २०६३, फागुन), पृ. १० ।

कुलमानसिंह भण्डारीको सिर्जनात्मक व्यक्तित्वको साथमा सिर्जनाइतर व्यक्तित्व पनि पाइन्छ । समाज र देशलाई योगदान दिने सिर्जनाभन्दा भिन्न व्यक्तित्व सिर्जनाइतर व्यक्तित्वअन्तर्गत पर्दछ ।

### ३.३.१ राजनीतिक व्यक्तित्व

कुलमानसिंह भण्डारी मार्क्सवादी चिन्तनमा आस्था राख्ने व्यक्ति हुन् । मार्क्सवादमा विश्वास राख्ने भण्डारी राजनीतिक पार्टी सङ्गठनमा पनि त्यसअनुरूपमा नै सक्रिय भएको पाइन्छ । वि.सं. २००२ मा नेपाल प्रजापरिषद्को सदस्यताबाट राजनीतिक जीवनमा प्रवेश गरेका भण्डारीले २००९ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिए ।[३६] उनले नेपालको जनवादी आन्दोलनलाई अगाडि बढाउन आफ्नो ठाउँबाट महत्वपूर्ण योगदान गरे । उनी एक प्रगतिशील कलाकार र साहित्य सर्जक मात्र होइनन्, एक कुशल सङ्गठक पनि हुन् । उनले सम्भव भएसम्म मुलुकका विभिन्न भागमा पुगेर देशका किसान, मजदुर जगाउने जस्ता कार्यहरू पनि गरेका थिए ।[३७] उनी पञ्चायतकालमा अर्धभूमिगत रहेर कम्युनिस्ट पार्टीको काममा खटे । अर्धभूमिगत अवस्थामा रहेर काम गर्दा उनी योजनाबद्ध किसिमबाट गर्दथे ।[३८] कुलमानसिंह भण्डारी राष्ट्रवादी नागरिकको नाम हो । उनी राष्ट्रियताको बारेमा सधैं चनाखो हुन्थे । महाकाली सन्धिका बारेमा उनी भन्दछन्- 'महाकाली सन्धि समानता र पारस्परिक लाभका आधारमा हुनुपर्नेमा भारत र पश्चिमा शक्तिहरूका दवावमा परेर असमानपूर्ण र नेपाललाई हानि हुने किसिमबाट सन्धि स्वीकृत गरिनु अत्यन्त दुःखलाग्दो कुरा हो । यसबाट जनताको भावनामा ठूलो चोट लाग्न गएको छ । राष्ट्रियताको प्रश्नमा झुक्नु हुँदैन । हामीले यस्तो असमानपूर्ण सम्बन्धको विपक्षमा रहनै पर्छ ।"[३९] उनी राजनीतिमा निरङ्कुशतन्त्र वा सामन्त संस्कारका विरुद्ध सङ्घर्ष गर्ने दिशातर्फ दृढ रहेको पाइन्छ ।[४०] मार्क्सवादी विचारमा स्पष्ट बनेर तद्अनुरूप व्यवहारमा आफ्नो जीवनपद्धतिलाई रूपान्तरण गर्ने भण्डारी कोरा सिद्धान्तवादी नभएर व्यवहारवादी राजनीतिक व्यक्ति हुन् ।[४१]

---

[३६] श्यामप्रसाद शर्माबाट प्राप्त मौखिक जानकारी ।

[३७] कौशल पाण्डे, 'मैले जानेका कुलमानसिंह भण्डारी', **प्रयास साप्ताहिक** (वर्ष १७, अङ्क ४, २०५७, कार्तिक ३), पृ. २ ।

[३८] पद्मप्रसाद शर्मा, 'विभिन्न आकृतिमा देखिन्छन् कुलमानसिंह', **नयाँ युगबोध,** (वर्ष २७, अङ्क ५२, २०६० जेठ ३०), पृ. ४ ।

[३९] ऐजन ।

[४०] पशुपति तिमल्सेना, पूर्ववत्, पृ. १० ।

[४१] ऐजन ।

### ३.३.२ सामाजिक व्यक्तित्व

कुलमानसिंह भण्डारीले सामाजिक कार्य गर्नेतर्फ निकै चासो देखाएका छन् । उनी बाटो बनाउने, पुल निर्माण गर्ने सामाजिक संस्था गठन गर्ने, सामाजिक सङ्गठन निर्माण गर्ने जस्ता सामाजिक कार्य गर्न उत्सुक व्यक्ति हुन् ।[४२] उनले सामाजिक निकास र जागरणका लागि राजनीतिक सङ्गठनमा काम गरे ।[४३] उनले कलाको छुट्टै एकेडेमी चाहिन्छ भनेर २०३६ सालमा गठन भएको नेपाल एकेडेमी स्थापनार्थ समितिमा सक्रिय सदस्य भएर काम गरे ।[४४] कलाक्षेत्रका जुनसुकै पक्षमा रहेर काम गर्ने कलाकार भए पनि कलाका माध्यमबाट समाजलाई अग्रगतिमा लैजानुपर्ने धारणा राख्ने भण्डारी सामन्तवादी समाजका विरुद्धमा छन् ।[४५] उनले नेपाल कलाकार समाज, नेपाल बालसाहित्य समाज, प्रगतिशील लेखक संघ, नेपाल मानव अधिकार सङ्गठन आदि जस्ता सामाजिक संघसंस्थाहरूमा कार्य गरेका छन् ।[४६]

### ३.३.३ मानवतावादी व्यक्तित्व

कुलमानसिंह भण्डारी एक मानवतावादी व्यक्ति हुन् । अन्धाअपाङ्गहरूले मरेको मान्छेको आँखा  पाएर यो झल्झलाकार संसारको दृश्य देख्न पाएका छन् भन्ने सुनेपछि उनमा मरणोपरान्त आँखादान गर्ने इच्छा शक्ति जाग्यो । उनले आँखा मात्रै नभएर मरणोपरान्त उनको शरीर पाएर कसैको अङ्ग सबल बन्दछ भने सम्पूर्ण अङ्ग हस्तान्तरणको लागि शिक्षण अस्पतालमा निवेदन लेखेको पाइन्छ । उनको निवेदनमा लेखिएको छ - "चेतन उडिसकेको भौतिक शरीरलाई परम्पराको जाति र समाजअनुसारको अन्तिम संस्कारलाई उछिनेर म मेरो यो मरेको लास अझै क्रियाशील राख्न शिक्षण अस्पताललाई मेरो यो मरेको लास हस्तान्तरण गर्न चाहन्छु । यसमा भाइ, छोराको कुनै हक लाग्न नपाओस् ।"[४७] यस्तो उनको मानवतावादी सोच लास हस्तान्तरणसम्बन्धी कानुनको अभावमा पूरा हुन सकेन । उनको यो लासदान गर्ने इच्छा पूरा नभए पनि यो नेपाली समाजमा नयाँ कदमको सुरुवात भएको छ ।[४८] उनले

---

[४२] जनार्जन भण्डारीबाट प्राप्त मौखिक जानकारी ।

[४३] लय मैनाली, **कला र कलाकार,** (काठमाडौं : सिष्टमेटिक प्रेस, २०५३) पृ. २९ ।

[४४] मोहन दुवाल, 'आत्मविश्वासका धनी कुलमानसिंह भण्डारी, पूर्ववत् ।

[४५] पशुपति तिमल्सेना, पूर्ववत्, पृ. १२ ।

[४६] मोहन दुवाल, 'साहित्यकार : परिचयका हरफहरू ३९', **जनधारणा,** (वर्ष ७, अङ्क ४३, २०५५ फागुन), पृ. ६ ।

[४७] शोधनायकको हस्तलिखित विवरणबाट प्राप्त जानकारी ।

[४८] सुकुम शर्मा, (सम्पा.), **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला,** पूर्ववत्, पृ. ५९ ।

मरणोपरान्त आँखादान गरे र त्यो आँखा प्रत्यारोपण भएको बुझिन्छ ।[४९] उनले सामाजिक विभेदलाई मानवता विपरीत मान्दछन् । उनले सामाजिक विभेदको विरोध गर्न र अन्त्य गर्न सबैलाई आह्वान गरेका छन् ।[५०] सत्ता र सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत सम्पत्तिमा रूपान्तरण गर्ने सत्ताधारीको संस्कारलाई मानवता विपरीत भएको गतिविधि मान्दछन् ।[५१] मार्क्सवादी चिन्तनमा स्पष्ट बनेर तद्अनुरूप व्यवहारमा आफ्नो जीवनपद्धति रूपान्तरण गर्नुपर्छ भन्ने उनको मानवतावादी सोच छ ।[५२]

### ३.३.४ जागिरे व्यक्तित्व

कुलमानसिंह भण्डारीले जीवनकालको झन्डै आधा समय जागिरमा बिताएका छन् । उनको स्पष्ट रूपमा जागिरे जीवन वि.सं. २००१ मा साहित्यिक पत्रिका 'शाखा' मा काम गरेबाट सुरु हुन्छ । उक्त शाखामा उनले धेरै समय काम गरेनन् । यसपछि उनले 'शारदा' पत्रिकामा काम गरेको पाइन्छ ।[५३] उनले वि.सं. २०१३ देखि वि.सं. २०४४ सम्म घरेलु उद्योग विभागमा क्युरिओ शाखाको प्रमुख शिक्षक कार्य गरेका हुन् । ६० वर्षका उमेद हद पुगेपछि अवकास पाउने नियम भए पनि उनको कार्यकुशलता देखेर दुई वर्ष थप गरी २०४४ सालसम्म प्रमुख शिक्षक भएर कार्य गरेको पनि पाइन्छ ।[५४] उनले पटकपटक गरेर वि.सं. २००१ देखि वि.सं. २०४४ सम्म करिब चार दशक जागिरे जीवन बिताएको पाइन्छ ।

### ३.३.५ कृषक व्यक्तित्व

उनी नेपाली श्रमजीवी जनता हुन् । उनले किसान पाराको जीवन बिताउन मन पराउँछन् । उनले हाम्रो जस्तो अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक मुलुकका लागि कृषि क्रान्ति नै अनिवार्य भएको बताउँछन् ।[५५] उनले जीवनभर मुलुकका किसानको आर्थिक स्थिति माथि उकास्न प्रयत्नरत रहे ।[५६] उनले आत्मविश्वास दरो पार्दै भन्दछन्- "कला सिर्जनाबाट ५ देखि १० प्रतिशत मात्र आर्थिक सहयोग जुट्छ । कुटो, कोदालो खन्छु र

---

[४९] ऐजन, पृ. ५८ ।

[५०] मित्रलाल पंज्ञानी, 'कुलमान', **वेदना**, (वर्ष ३१, अङ्क २, २०६१, पुस), पृ. ३८ ।

[५१] ऐजन ।

[५२] पशुपति तिमल्सेना, पूर्ववत्, पृ. १० ।

[५३] विवश वस्ती, 'कुलमानसिह भण्डारी, **शब्दसंयोजन**, (वर्ष १, अङ्क ११, २०६१, फागुन), पृ. ६ ।

[५४] सुकुम शर्मा, **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ५७ ।

[५५] कौशल पाण्डे, पूर्ववत्, पृ. २ ।

[५६] ऐजन ।

साधारण जीविका, गर्छु, यसैमा मलाई सन्तोष छ ।”[५७] कुलमानको एउटा प्रमुख व्यक्तित्व स्वाभिमानी कृषक हो । यही व्यक्तित्वले उनमा सिर्जनशील परिवेश प्रदान गरेको छ । उनको अधिकांश समय खेतीपातीको मेलोमेसोमा अल्झिएको छ ।[५८] कलाकार भण्डारी सिर्जना विधामा मात्र सन्तुष्ट रहँदैनन् । उनी कुटो कोदालाको ग्रामीण परिवेशमा जीवन बिताउन चाहन्छन् । उनको जीवन गाउँले परिवेशमा गुज्रिएको छ । यही कृषकका दुःखसुखका अभिव्यक्ति कला र साहित्य दुवैमा आएका छन् ।[५९] घरेलु इलम केन्द्रको डिजाइन पदबाट विश्रान्ति अथवा अवकास पाएपछि घरपाखा खेतमा श्रम गरेर हाँसीहाँसी बाँचेका छन् ।[६०] भण्डारीले २०१० सालतिर अखिल नेपाल किसान संघको दक्षिण क्षेत्रीय सचिव भएर काम गरे ।[६१] उनी एक सफल कलाकार हुन् । उनको परिश्रमी हातबाट कला सिर्जना गरे तापनि उनले कृषिलाई कहिल्यै हेला गरेनन् ।[६२]

### ३.३.६ विविध व्यक्तित्व

कुलमानसिंह भण्डारीको माथि वर्णित व्यक्तित्वका साथमा अन्य व्यक्तित्व पनि देखिन्छ । भण्डारीको जागिरे व्यक्तित्व पनि देखापर्दछ । उनले वि.सं. २०१३ भन्दा अगाडि गान्धी आदर्श कला केन्द्रमा कलासम्बन्धी शिक्षण कार्य गरेको पाइन्छ ।[६३] उनले जागिरे जीवनमा प्रमुख शिक्षक भई ३१ वर्ष पूरा गरे । उनको कला शिक्षक व्यक्तित्व पनि महत्वपूर्ण रहेको छ । उनले वि.सं. २००३ देखि केही वर्षको दसैं तिहारको अवसरमा नाटकको आयोजना गरेर नाटक प्रदर्शन गरेको पनि पाइन्छ ।[६४] उनी व्यङ्ग्य चित्रकार पनि हुन् । ‘हालखबर’ पत्रिकाबाट आफ्नो कार्टुनयात्रा प्रारम्भ गरेका भण्डारीले कार्टुन क्षेत्रमा समेत ठूलो टेवा पुऱ्याएका छन् ।[६५] उनी आफ्नो कलायात्रामा छ दशकसम्म व्यङ्ग्यचित्रमा लागेको पाइन्छ । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यङ्ग्यचित्र

---

[५७] मोहन दुवाल, ‘आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी’ पूर्ववत् ।

[५८] ज्ञानेन्द्र विवश, ‘सुन्दर रङ्ग ढुङ्गा माटामा पनि हुन्छ’, **विमोचन,** (वर्ष १३, अङ्क १, २०५०), पृ. २ ।

[५९] ईश्वरी ज्ञवाली, पूर्ववत् ।

[६०] ज्ञानेन्द्र विवश, पूर्ववत्, पृ. २ ।

[६१] ऐजन ।

[६२] मोहन दुवाल, ‘आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी’, पूर्ववत् ।

[६३] कुमार राउतबाट प्राप्त जानकारी ।

[६४] सानुबाबु कार्कीबाट प्राप्त मौखिक जानकारी ।

[६५] रमेश विष्ट, ‘कला क्षेत्रका मूर्धन्य सर्जक’, **नेपाल मिरर,** (वर्ष १, अङ्क २, २०५६, फागुन), पृ. ३५ ।

प्रदर्शनमा भाग लिएका छन् ।[६६] उनका व्यङ्ग्यचित्रहरू कार्टुन कार्टुन २०४५, भाँडभैलो २०५०, भाँडभैलो (गाइजात्रे पर्व) २०५३) आदि थपिएका छन् ।[६७]

उनमा शिक्षक व्यक्तित्व, नाटककार व्यक्तित्व र व्यङ्ग्यकार व्यक्तित्व स्पष्ट देखिन्छ । उनी लागेको प्रत्येक क्षेत्रमा सफलतापूर्वक एवं जिम्मेवारपूर्ण कार्य गरेका छन् ।

### ३.४ जीवनी, व्यक्तित्व र साहित्य/कलाबीच अन्तर्सम्बन्ध

कुलमानसिंह भण्डारीको करिब साढे सात दशकको जीवनावधि देखिन्छ । करिब छ दशकको अवधि उनले कलासाहित्यमा रुचिपूर्वक काम गरे । उनको जीवनी विभिन्न परिवेश र परिस्थितिमा बितेको पाइन्छ । जीवन भोगाइमा बाल्यकालदेखि जीवनको अन्त्यावस्थासम्ममा बसोबासको आरोहअवरोह, उनले भोगेका विभिन्न सरल र कठिन परिस्थिति विभिन्न संघसंस्थामा कार्य गरेको अनुभव आदिको ज्ञान एवं सीपबाट उनको साहित्यिक तथा कला व्यक्तित्व निर्माण भएको हो । भण्डारीले गरेका जीवन सङ्घर्ष, मिहीनेत, निर्भीकता र अध्ययनशीलताले नै उनलाई सफलताको सिंढीसम्म पुऱ्याएको देखिन्छ । उनको आन्तरिक रुचि नै कलासाहित्य लेखनको प्रमुख कारक तत्व हो । तेजबहादुर चित्रकार, चन्द्रमान मास्के, बालकृष्ण सम र पारसमणि रञ्जितकारको घरघरमा लिएको कलाशिक्षणले थप उत्प्रेरणा यस क्षेत्रमा उनका लागि भएको बुझिन्छ । उनका कला तथा साहित्यिक रचनाहरूमा जीवनभोगाइका कटुयथार्थ सामाजिक परवेश, राजनीतिक परवेश, श्रमिक किसानहरूको दुःख, पीडा, मर्म जस्ता विविध कुराहरूको चित्रण पाइन्छ । उनका कला तथा साहित्यलेखनमा सामजिक वर्गीय असमानता, राजनीतिक अस्थिरता, कला क्षेत्रमा गर्नुपर्ने कार्यहरू र जीवन भोगाइ नै प्रमुख भएर आएका छन् । उनको कला तथा साहित्यिक जीवन क्रमशः परिष्कृत र परिमार्जित हुँदै अगाडि बढेको पाइन्छ ।

कुलमानसिंह भण्डारीको जीवनीलाई हेर्दा जीवन भोगाइका अनुभव, अनेक आरोहअवरोह, विभिन्न संघसंस्थाहरूको सम्पर्क विभिन्न विशिष्ट व्यक्तिहरूसँगको सम्पर्क, सामाजिक परिवेश आदिले गर्दा उनको व्यक्तित्व निर्माण भएको देखिन्छ । यही व्यक्तिले गर्दा उनका कलासाहित्य सिर्जनामा समसामयिक परिवेशको राम्रो संयोजन

[६६] गोरखापत्र समाचारदाता, 'भण्डारीका व्यङ्ग्यचित्रले रमेको छ- जे आर्ट ग्यालरी', **गोरखापत्र**, (वर्ष ९७, अङ्क ३३४, २०५४ चैत्र ३०), पृ. १२) ।

[६७] ऐजन ।

भएको छ । उनी प्रारम्भिक कालको सिकारु लेखनदेखि क्रमशः परिष्कृत हुँदै अगाडि बढेका छन् । उनको साहित्य तथा कला सिर्जनातर्फको रुचि मूलतः उनमा अन्तर्निहित शक्तिको परिणति हो । उनको जीवनी, जीवनीबाट प्राप्त व्यक्तित्व र कलासाहित्यको लेखन एक अर्कामा बेरिएको छ । कलाकार व्यक्तित्वको प्रभाव उनको साहित्यिक लेखनमा पनि भएको छ ।

## ३.५ निष्कर्ष

कुलमानसिंह भण्डारी व्यक्ति एक भए पनि उनका व्यक्तित्वका अनेक रूपहरू देखापर्दछन् । उनी सामान्यतया हेर्दा साधारण मान्छे जस्ता देखिन्छन् उनको भित्री हृदय सुन्दर भएको पाइन्छ । उनले कलाका क्षेत्रमा चित्र र मूर्तिको सिर्जना गरेका छन् । साहित्यका क्षेत्रमा भण्डारीले निबन्ध, संस्मरण, कविता, गीत, बालसाहित्य, कथा आदि विधामा कलम चलाएको पाइन्छ । सिर्जनाइतर क्षेत्रमा सामाजिक, राजनीतिक, कृषक, मानवतावादी, जागिरे आदि व्यक्तित्व उनमा देखापर्दछ । उनको परिश्रमी हातमा सुन्दर चित्रको सिर्जना गर्ने सन्देशबाहक साहित्य लेखन गर्ने र सुन्दर मूर्तिको आविष्कार गर्ने, शक्ति रहेको छ । उनको मष्तिष्कमा राजनीतिक कुशलता, सामाजिक क्रियाशिलता र विश्वपरिवेश अनुकूल जीवन व्यतीत गर्ने क्षमता रहेको छ । उनको बालसाहित्यसम्बन्धी लेखबाट बालविकासप्रतिको चाहना रहेको छ । 'बूढो हुनु अभिशाप होइन' जस्ता लेखबाट उनमा वृद्ध मानिसलाई सुन्दर भविष्यका लागि आशावादी हुन सिकाउने ज्ञान रहेको छ । उनमा चित्रभाषी र शब्दभाषी दुवै भाषाको ज्ञान रहेको छ । चित्रमा होस् वा साहित्यमा उनी वर्गीय विभेदको विरुद्धमा चर्को स्वर प्रकट गर्दछन् । कलासम्बन्धी कुरा उनका साहित्यमा र साहित्यसम्बन्धी कुरा उनका चित्रमा देखापर्दछ । सादा जीवन उच्च विचारको जीवनशैली अपनाउने भण्डारी कर्ममा विश्वास राख्दछन् । भण्डारी नेपालका एकजना साँच्चिकै देशभक्त कलाकार तथा साहित्यसर्जक हुन् । किसान पाराको जीवनशैली अपनाउने भण्डारी नेपाल जस्तो अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक मुलुकमा कृषि क्रान्तिको आवश्यकता ठान्दछन् । समग्रमा हेर्दा जीवनभरि न्याय, समानता र प्रगतिको लागि सङ्घर्षरत भण्डारी कसैको निर्देशन वा आदर्शले सम्झनुपर्ने नाम होइन । पचासौँ वर्षको निरन्तर क्रियाशीलता र दृढ आस्थाकै कारणबाट राष्ट्रको उल्लेखनीय व्यक्तित्व उनमा देखापर्दछ । उनी हाम्रो समाजमा असङ्ख्य श्रमजीवी जनताका लागि प्रेरणाका स्रोत हुन् । जीवनमा जति दुःख, हण्डर र सास्ती बेहोर्नु परेपनि उनले जीवनलाई सुन्दर फूल सम्झे । जीवनलाई

आशावादी सोचले हेर्नुपर्छ, जीवन सुन्दर छ यो उनको मूलमन्त्र हो । मार्क्सको दर्शनबाट प्रेरित भण्डारी कला र साहित्य दुवैमा मानिसलाई पुँजीवादको अन्त्य गर्न र सामन्तवादलाई जरैदेखि उखेल्न सन्देश दिन्छन् । उनको बहुमुखी प्रतिभाका कारण शारीरिक सङ्गठनभन्दा ज्ञानको सङ्गठन बढी आकर्षक छ ।

परिच्छेद चार

# कुलमानसिंह भण्डारीको गीत र कविता कृतिको अध्ययन

## ४.१ पृष्ठभूमि

कविता साहित्यको एक विधा हो । 'साहित्य' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । 'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर साहित्य शब्द बन्दछ । साहित्य शब्दले सहभावलाई बुझाउँछ ।[१] साहित्यमा शब्द र अर्थको मिलन हुन्छ, भाव र विचारको समिश्रण हुन्छ, कल्पना र भावनाको योग हुन्छ । साहित्यमा अनुभूति र अभिव्यक्तिको संयोग हुन्छ । साहित्यमा कला र विचारको समन्वय हुन्छ, साहित्यमा जीवन र जगत्मा प्राप्त विभिन्न अनुभूतिको अभिव्यक्त हुन्छ । साहित्य समाजको ऐना हो । यसमा सौन्दर्य चेतना पाइन्छ ।[२] विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचनालाई साहित्य भनिन्छ ।[३] साहित्य आत्मप्रकाशनको एउटा सबल र सफल माध्यम हो । साहित्यमा आत्मप्रकाशनको विभिन्न स्वरूप पाइन्छ । आत्मप्रकाशन मानवमात्रको जन्मजात प्रवृत्ति हो । आत्मप्रकाशन साहित्यको भावभूमि हो ।[४] कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट चिनिन सक्छ । कवितामा अन्तराख्यान वा आख्यान मानवीय अनुभवजगत्को लयात्मक कविताकथनको कौशल विशिष्टताभित्र एक सहकारी विधिप्रविधि मात्रै रहन्छ ।[५] कविले रचेको लयबद्ध वा मुक्तक रचना, कृति वा काव्यात्मक रचनालाई कविता भनिन्छ ।[६] पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले कविताको विभिन्न किसिमले परिभाषा गरेका छन् । समग्रमा भन्नुपर्दा कविद्वारा रचित रचना नै कविता हो ।

## ४.२ गीत र कविता सम्बन्ध

"गीत र कविता अत्यन्त निकटतम् भाषिक कलात्मक साङ्गीतिक अभिव्यक्तिहरू हुन् । यी दुवैका उपकरणहरू पनि प्रायः समान् छन् । मूलतः भाषा,

---

[१] मोहन हिमांशु थापा, **साहित्य परिचय,** चौ. संस्क. (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. २ ।

[२] ऐजन

[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश,** दो.संस्क. (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६३) पृ. १००८ ।

[४] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. ३१ ।

[५] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौं : पाठ्यसामग्री पसल २०५७), पृ. २६ ।

[६] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ. १६१ ।

भाव र लयको रूप-संरचनाको त्रिवेणीमै गीत र कविता दुवै व्यक्तिन्छन् । भाषाले, भावले र लयले आफ्ना अनेक रागात्मक र कलात्मक सम्भावनासहित परस्पर तादात्म्य प्राप्त गरेकै स्थितिमा गीत पनि कविता पनि आत्मसृजनात्मक शिखरमा चढ्छन् । गीतको आँतमा कविता अपरिहार्य रूपमा रहन्छ, अनि कविताको आँतमा पनि गीतिचेत उस्तै अपरिहार्य रहन्छ ।[७] यसरी गीत र कवितामा नजिकको सम्बन्ध रहेको हुन्छ, यसमा वैषम्य पार्ने तत्व सङ्गीत हो । 'कुलमानसिंह भण्डारीका गीत र कविता' सङ्ग्रहमा गीत र कविता दुवै छन् । यसमा गीत केही र कविता धेरै रहेका छन् । यसमा सङ्कलित गीत र कविता हेर्दा प्रायः उस्तै उस्तै खालका छन् । यस सङ्ग्रहका कविताहरू कतै गद्यलयमा पाइन्छ भने केही पद्यात्मक लय भ्याउरेमा लेखिएका छन् । यसका गीतहरू शुद्ध गीतभन्दा पनि गीतिकवितासँग नजिक छन् ।

## ४.३ कुलमानसिंह भण्डारीका गीत र कविताको विश्लेषण

### ४.३.१ कृतिपरिचय

कुलमानसिंह भण्डारीले जुलाई १९५२ वा वि.सं. २०१० मा 'चार किसान गीत' प्रकाशनबाट औपचारिक साहित्य यात्राको प्रारम्भ गरे ।[८] वि.सं. २०१० देखि उनको जीवनका अन्तिम अवस्थासम्म लिखित र मरणोपरान्त प्रकाशित गीत र कविता यस सङ्ग्रहमा सङ्कलित छन् । उनको सङ्कल्प भन्ने  पत्रिकाका प्रकाशित 'हक लिनुपर्छ' शीर्षकको कविता मरणोपरान्त वि.सं. २०५८ मा प्रकाशित भएको हो । उनका अप्रकाशित कविताहरू प्रकाशनका अभावमा त्यसै थन्किएर बसेका छन् । यी फुटकर गीत र कविताहरूले उनका जीवनका अध्ययन, अनुभव र विचारलाई प्रस्तुत गरेका छन् । नेपाली समाजमा देखिएका विकृति र असङ्गत पक्षहरूलाई उद्घाटन गर्दै उनका रचनाले त्यस विरुद्ध लड्न आह्वान गरेका छन् ।

### ४.३.२ संरचना

कुनै पनि कृतिभित्र दुई प्रकारका संरचना हुने गर्दछन् । कुलमानसिंह भण्डारीका गीत र कविता कृतिमा बाह्य संरचना र आन्तरिक संरचना गरी दुईवटा संरचना देखापर्दछन् । यस कवितासङ्ग्रहको बाह्य संरचनालाई हेर्दा ७२ पृष्ठमा संरचित छ । यसमा पृष्ठ १ देखि ६४ सम्म विभिन्न गीत र कविताको सङ्कलन गरिएको छ । पृष्ठ ६५ र ६६ मा कविता/गीत प्रकाशन सन्दर्भ रहेको छ । यस पुस्तकको पृष्ठ ६७ देखि

---

[७] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग ४**, चौ.संस्क (ललितपुरः साझा प्रकाशन छापाखाना, २०६०), पृ. २३ ।

[८] सुकुम शर्मा, (सम्पा.), **कुलमानसिंह भण्डारीका गीत र कविता,** (ललितपुर : सहस्राव्दी प्रकाशन प्रा.लि. २०६१), पृ. १ ।

पृष्ठ ७२ सम्ममा कुलमानसिंहको व्यक्तिवृत्त औपचारिक चित्र प्रदर्शनी र कलासम्बन्धी मान्यता र विचार प्रस्तुत गरिएको छ । यस सङ्ग्रहको सबैभन्दा छोटो कविता 'सप्लाएछ एजेरु' भन्ने शीर्षक कवितामा तीन पङ्क्तिको एक गुच्छ गरी दुई गुच्छमा संरचित रहेको छ । यस सङ्ग्रहमा सबभन्दा लामो गीत तीन पृष्ठ लामो 'चित्रकार भन्दथे' भन्ने शीर्षकको गीत रहेको छ । सामान्य रूपले छोटाछोटा फुटकर रचनाहरूको सङ्ग्रह यस पुस्तकमा गरिएको छ । प्रायः जसो एक पृष्ठ एउटा फुटकर रचनाहरू यस सङ्ग्रहमा आबद्ध गरिएका छन् । यस सङ्ग्रहमा सङ्गृहीत दुईवटा उनका कविताहरू शान्तदासद्वारा अङ्ग्रेजीमा अनुवाद गरिएका छन् । उनका यस सङ्ग्रहमा सङ्कलित कविताहरूको आन्तरिक सङ्गठन पनि बलियो र खँदिलो रहेको छ ।

### ४.३.३. विषयवस्तु र भावविधान

'कुलमानसिंह भण्डारीका गीत र कविता' कवितासङ्ग्रहमा सङ्कलित ५७ वटा कविताहरूलाई तिनमा अन्तर्निहित विषयवस्तु र भावविधानका आधारमा यसप्रकार वर्गीकरण गरिएको छ -

### ४.३.३.१ सामाजिक विष्यावस्तुका आधारमा

मानिस सामाजिक प्राणी हो । सिर्जना मानव मनमा उब्जेका भावनाहरूको प्रस्फुटन हो । सिर्जनामा तत्कालीन समाजका विषयवस्तु आएका हुन्छन् । त्यसमा समाजका राम्रा पक्ष, विकृति र विसङ्गतिहरू पनि आउन सक्छन् । कुलमानसिंह भण्डारीको यस कवितासङ्ग्रहभित्र सामाजिक विकृति, विसङ्गति र तिनीहरू विरुद्ध लड्न तथा क्रान्ति गर्न आह्वान गर्दछन् । समाजविकासको क्रममा जनताको हितका निम्ति देखापरेको मार्क्सवादी विचारधाराप्रति कुलमानसिंह भण्डारीको आस्था छ । जनपक्षीय साहित्यकार भण्डारीका साहित्यले शोषक वर्गलाई झोक चलाउन सक्छ भने शोषित-पीडित श्रमिक वर्गलाई उत्साहित पारेर हौस्याएको छ । साथै उनका साहित्यले धेरै जनसमुदायलाई चेतना बढाई उत्साही बनाएका छन् ।[९] उनी एक प्रगतिशील लेखक हुन् । उनले आफ्ना रचनामा समाजका गरिब, शोषित, पीडित वर्गका मानवीय भावना व्यक्त गरेका छन् । समाजमा रहेका पुँजीपतिहरूलाई किसानको श्रमले पालेको छ । यसमा नै श्रमिकको उदात्त चरित्र प्रदर्शन भएको छ । सामाजिक विषयवस्तुमा आधारित गीत र कविताहरूमा चार किसान गीत, छेपारो उखान भो मलाई, अब

---

[९] निनु चापागाई, **उत्तरआधुनिकता : भ्रम र वास्तविकता**, (काठमाडौं : सहस्राव्दी प्रकाशन प्रा.लि. २०६१), पृ. ७० ।

लम्किरहेछन्, हाउ, घिन्तिङ घिन्तिङ घिन्तिङ नाऊ, बलियो विचारधारा, सुरेले खेल्दै मास्तिर चढ्दैछ किरो, श्रमिक आस्था, शोषक वर्गको नियम, नाइटमेयर, भियतनाम प्रमुख रहेका छन् ।

यस सङ्ग्रहको पहिलो 'चार किसानको गीत' शीर्षक गीत कुलमानसिंह भण्डारीका रचनामध्ये पहिलो प्रकाशित रचना हो । यो रचना 'नवभारत टाइम्स' भन्ने पत्रिकामा जुलाई १९५२ अथवा वि.सं. २०१० मा प्रकाशित भएको हो । 'चार किसानको गीत' शीर्षक गीतमा दुई किसान गीत मात्र अहिले प्राप्त भए तापनि यसको शीर्षक फेरिएको छैन ।

यस गीतमा कृषक र तिनीहरूको श्रमको महत्व देखाउँदै किसानको उच्चतालाई प्रकाश पारिएको छ । कवि भण्डारीले समाजमा किसानको जीवन खुसीपूर्ण जीवन मान्दै सुखदुःख जे गरे पनि आखिर मर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

"बोकेकी डालो दिउँसोलाई खाजा लगेकी विहान ।

बाँचुन्जेल गर्‍यो दुःख र सुख आखिर आर्यघाट चिहान ॥"[ज्ञण] (चार किसान गीत)

दोस्रो कविता 'छेपारोको उखान भो मलाई' कवितामा टाठाबाठा भलादमी भनाउँदाले गरिब किसानलाई शोषण गरी शोषित तुल्याएको भाव प्रकट गरिएको छ ।

"मुखकै मात्र फाइँफुट्टी लगाई
हुनसम्मको शक्ति लगाई
चुम्ने गर्छन् पार्नलाई
कार्यक्षेत्रमा उभिनलाई
छेपाराको उखान भो मलाई ।"[ज्ञज्ञ]

यसमा श्रमिकवर्ग अल्छी, कमजोर नहुन कवि भण्डारी आग्रह छ । किसान वर्ग सस्तो भयो भने शोषकवर्गले थिचोमिचो गर्नेछ भन्दै भण्डारी त्यो शोषक वर्गलाई ध्वस्त पार्न कार्यक्षेत्रमा नै आउनुपर्ने विचार प्रस्तुत गर्छन् । यी शोषक वर्गको विरुद्धमा उभिन ढिलो भएको अनुभवका साथै छेपाराको उखानजस्तै भएर साकार हुन नसकेको भाव व्यक्त गरेका छन् ।

---

[१०] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका गीत र कविता,** पूर्ववत्, पृ. १ ।

[११] ऐजन, पृ. २ ।

उनका प्रायजसो सबै रचनामा सामाजिक भेदभावको विरुद्धका आवाज र किसानको मर्म नबुझेका कुरालाई महत्व दिएका छन् । शोषक र शोषितबीचको द्वन्द्वलाई उनले कविताका माध्यमबाट प्रकट गर्दै शोषकका विरुद्ध क्रान्ति गर्न समेत आग्रह गरेका छन् । अब लम्किरहेछन्- कवितामा उनी यसरी लेख्छन् -

"किसान विश्वको भाग्य बने,

श्रम यिनको छ कठोर अति ।

श्रमिको सार अन्न बन्यो

दुनियाँ बुझाउँछन् जठराग्नि बत्ती ।"[१२]

किसानको श्रमले फलेको अन्नबाट विश्वका मानिसहरू बँचाएको छ । किसानको श्रम नै अन्न हो भन्दै उनले कृषकको श्रमको कदर गरेका छन् । 'हाउ' कवितामा अन्यायको विरुद्धमा लड्न आक्रोशपूर्ण भाव देखाउँदै कवि भण्डारी आक्रमण रूपले प्रस्तुत भएका छन् । श्रमिक वर्गहरू एकआपसमा जुट्नुपर्ने आवश्यकताको बोध यस कवितामा गरिएको छ । 'घिँन्तिङ घिन्तिङ घिन्तिङ नाऊ' शीर्षक कवितामा वर्गीय चेतना यसरी प्रस्तुत गरिएको छ -

"घिन्ताले फट्टिन नाऊ

शोषित उफ्री फड्की आऊ

चुसाहा भाग्लान छेक्न जाऊ ।"[१३]

शोषक विरुद्ध जागौँ, विद्रोहमा जाउँ । त्यसबखत शोषकहरू भागेर उम्कन सक्छन्, ती शोषकहरूलाई छोड्नुहुँदैन भन्दै छेक्नका लागि भनेर जनतासँग भण्डारीको आग्रह छ । शोषकका विरुद्धमा विद्रोह गर्नुपर्ने र क्रान्तिको लागि लड्नुपर्ने आवाज यस कवितामा आएको छ । कवि भण्डारीले यसमा शोषकहरूलाई कसै गरे पनि उम्कन दिनुहुँदैन भन्ने सन्देश दिएका छन् । कुलमानसिंह भण्डारीको यस सङ्ग्रहमा 'बलियो विचारधारा' नामक कविताले सशक्त प्रगतिशील विचार बोकेको छ । चङ्गालाई सत्ता र लट्टाईलाई सर्वहाराको प्रतीकको रूपमा उभ्याई, लट्टाई र चङ्गा बीचको धागोलाई बलियो विचार धाराको रूपमा लिएका छन् । यस कवितामा वि.सं. २०५२ देखि थालिएको जनयुद्धको

---

[१२] ऐजन, पृ. ४ ।

[१३] ऐजन, पृ. ३६ ।

प्रभाव रहेको छ । सर्वहारा वर्गको मुक्तिको लागि बलियो विचारधारासहित लड्नका निम्ति उनले आह्वान गरेका छन् ।

‘श्रमिक आस्था’ कवितामा श्रमिकको आस्थाले रङ्गिन संसारमा परिवर्तन गर्ने सामार्थ्य छ । यही आस्थाले हाम्रो अभाव विरुद्ध लडेर फल प्राप्ति गरेको भाव व्यक्त भएको छ ।

“जब श्रमिक आस्थाले यो प्रगति देखायो

तब आकासे आस्था कहालिएर औंधी रिसायो

त्यहाँ असिना बजार्दै अतिवृष्टि गराएरै पहिरो लगायो ।”[१४] (श्रमिक आस्था)

कवि भण्डारीले श्रमिक आस्था कवितामा अहिले विकसित संसार श्रमिकको श्रमले भएको हो । आजभोलि ठूलाठूला आस्था र सिद्धान्तलाई लिँदै विश्वसमाजलाई ध्वस्त पार्दैछन् भन्ने भावना यस कवितामा व्यक्त गरिएको छ । ‘नाइटमेयर’ शीर्षक कविता शान्तदासद्वारा अङ्ग्रेजीमा अनुवाद गरिएको कुलमानसिंह भण्डारीको कविता हो । समाजका अन्याय विरुद्ध लड्ने भावनाको जागरण यस कवितामा दिइएको छ । हाम्रो अन्यायपूर्ण समाज, गरिब, भोका, कमजोरी सबै मानिसहरू मिलेर एक हौँ र अन्यायको विरुद्धमा लडौं भन्ने सन्देश दिएका छन् । पहिलेदेखि अहिलेसम्म भएको अन्यायको विरुद्ध लडेर विजय प्राप्त गरी खुसीका साथ नाऔं भन्ने विचार व्यक्त गरेका छन् । अर्को अङ्ग्रेजी कविता ‘भियतनाम’ पनि शान्तदासद्वारा अङ्ग्रेजीमा अनुवाद गरिएको भण्डारीको कविता हो । यस कवितामा भियतनाममा भएको विद्रोह र युद्धलाई सम्झँदै नेपालमा पनि अन्यायबाट मुक्तिको लागि क्रान्ति आवश्यक छ र नेपाल आमालाई खुसी पार्न अन्यायको विरुद्ध जाग्नु पर्दछ भन्ने सन्देश दिएका छन् ।

कुलमानसिंह भण्डारी शोषितपीडित वर्गको आवाज उठाउने कवि हुन् । समाजका विकृतिलाई जरैदेखि निर्मूल पार्नुपर्छ भन्ने सन्देश दिँदै समाजको विकृतिलाई हटाउन क्रान्ति विद्रोहबाट मात्र सम्भव छ भन्ने विचार उनका सामाजिक कवितामा व्यक्त भएको छ । समाजमा देखिएको वर्गीय असमानताका कट्टर विरोधी भण्डारी कवितामा आक्रोशपूर्ण रूपले उभिन्छन् । उनका यी सामाजिक कवितामा किसान र श्रमिकको भावना, इच्छा र आकाङ्क्षालाई कुल्चने, पुँजीवादी संस्कारको अन्त्य निश्चित छ । समाजका उच्च वर्ग मानिने शोषकहरूले गरेको श्रमिक वर्गप्रति दमन गर्नु,

[१४] ऐजन, पृ. ४८ ।

थिचोमिचो गर्नु र श्रमिकको मूल्यको बेवास्ता गर्ने प्रति विद्रोहको भावना उनका कवितामा आएका छन् । श्रमिक वर्गले नै विश्वका मानवलाई बचाएको छ भन्दै त्यही श्रमिक वर्गले समाज, देश र विश्वलाई परिवर्तन गरी समृद्ध बनाउन सक्छ भन्ने बलियो विचार उनका कवितामा आएको छ । समाजको विकासका लागि श्रमिक र किसान वर्गको उत्थान गर्नुपर्ने कवि भण्डारीको जोड उनका कवितामा व्यक्त गरिएको छ ।

### ४.३.३.२ कलासम्बन्धी विषयका आधारमा

कुलमानसिंह भण्डारीको मुख्य क्षेत्र कलाकारिता हो । उनका साहित्यलेखनमा पनि कलासम्बन्धी विचारहरू आएका छन् । उनका प्रायः कवितामा गरिब, शोषित व्यक्तिको दुःख, कष्ट, क्षमता र सफलता चित्रात्मक रूपमा प्रस्तुत छ । उनले कतिपय कवितामा कलालाई नै विषय बनाएका छन् । कलालाई नै विषय बनाएर लेखिएका कविताहरूमा, छिना कुन्जा हातमा, अमूर्त चित्रकला, क्यानभासले वसन्त पर्खेको छ, मूर्ति कुँदिन्छ, चित्रकला हेर्ने मेला भो, रेखाचित्र सिकाउने गर्छन्, लक्ष्य ताक्या छु, चित्रकला जान्नुपर्छ, सिक्छौं हामी चित्रकला, क्यानभास खाली होला ?, उसैको बन्छ चित्र र मूर्ति, रेखा कोरौं बाटुलो, तेर्सो रेखा कोरौँ, चित्रकार भन्दथे रहेका छन् ।

उनका अन्य कवितामा पनि कलासम्बन्धी विचार कहीँ न कहीँ आएको छ । यी कविताहरूमा स्पष्ट रूपमा शीर्षकबाट नै कलासम्बन्धी धारणा व्यक्त भएको छ । अमूर्त चित्रकलाका विरोधी भण्डारीका चित्रमा कुनै न कुनै विचारले छोएका हुन्छन् । उनका चित्र सचेत र स्पष्ट छन् । यो तथ्य उनका कवितामा पनि रहेको छ । अमूर्त चित्रले पाठकको मन बुझ्न सक्दैन र त्यो नबुझ्ने चित्रको के अर्थ वा पाठकले नबुझेका ती चित्र कसका लागि भन्ने प्रश्न उनी गर्दछन् । अमूर्त चित्र कोर्ने कलाकारप्रति भण्डारीका कवितामा व्यङ्ग्य भाव प्रकट गरिएको छ । उनको 'अमूर्त चित्रकला' कवितामा व्यङ्ग्यभाव यसरी प्रकट भएको छ-

"कलाकारजी
यो चित्रबारे बुझाइदिनोस्
कलाकार जी झर्कदै भने
"बुझ्ने हैन यो, हेर्ने हो ।""[१५]

---

[१५] ऐजन, पृ. १५ ।

'छिनाकुन्जा हातमा' कवितामा कवि भण्डारीले मूर्ति तयार गर्ने व्यक्तिको हातमा छिना र कुन्जा हुनुपर्छ भनेका छन् । घाँसे गीत भनिएको यस रचनामा उनले मूर्ति बनाउने साधनको उपयोगबारे बताएका छन् । उनको अर्को कविता 'मूर्ति कुँदिन्छ' मा सहिदको सम्भनामा चौबाटोमा मूर्ति बनाउनुपर्ने र प्रजातन्त्र ल्याउने सहिद भुल्न नहुने विचार व्यक्त गरेका छन् । उनको 'क्यानभासमा वसन्त पर्खेको छ' कवितामा चित्रकलासम्बन्धी भावना यसरी अभिव्यक्तव भएको छ-

"त्यो साधा क्यानभासमा हेर्दै
चित्रकार आफ्नो कल्पना र वास्तविकताको संसार गाँस्दै
मान्छेका पीडा, तड्पन र वेदना समेट्दै
क्यानभासमा रङ्ग  सजाउँदै कला बुन्न खोज्दैछ ।"[ञट]

कवि भण्डारीले साधा क्यानभासलाई मरुभूमिको रूपमा चित्रण गर्दै क्यानभासमा चित्र कोरेर वसन्तरूपी हरियाली छाउने र यसै रङ्गीचङ्गी चित्रमा रमाउनुपर्छ भन्ने भावना व्यक्त गरेका छन् । उनको अर्को कविता 'चित्र हेर्ने मेला भो' कवितामा भण्डारीले एउटा गाउँमा गएर चित्र कोरेको अनुभव र मानिसहरू धुइरिएर आएको कुरा यस कवितामा प्रस्तुत गरिएको छ । उनले 'रेखाको चित्र सिकाउने गर्छन' कवितामा कलासम्बन्धी भाव यसरी व्यक्त गरेका छन्-

"रेखाको रूप लामा र छोटा, मोटो र मसिनो,
अग्लो र होचो, पातलो, बाक्लो कोही रेखा मलिनो
कलाकार भित्र रेखाको चित्र सिकाउने गर्दछन्,
देशको सेवा श्रमिकको सेवा रेखैले गर्दछन् ।"[ञठ]

कवि भण्डारी कलाकारहरू रेखाको चित्र सिकाउने गर्दछन् । रेखाहरू विभिन्न किसिमका भए पनि त्यसले देशको र श्रमिकको सेवा गर्ने विचार यस कवितामा आएको छ । चित्रकलाको उद्देश्य पनि यस कवितामा स्पष्टसँग आएको छ । 'चित्रकला जान्नुपर्छ' कवितामा भण्डारीले चित्रकला जान्नुपर्ने, यसबाट इलम हुने, चेतना आउने र जनतालाई बुझाउन सकिने भाव व्यक्त गरेका छन् । 'सिक्छौँ हामी चित्रकला' कवितामा चित्र बनाउन सिकेका कुरा व्यक्त गरेका छन् । समाजमा निःस्वार्थी बनेर

---

[१६] ऐजन, पृ. २६ ।

[१७] ऐजन, पृ. ३२ ।

काम गर्नेको नै चित्र र मूर्ति बन्ने कुरा भण्डारीको 'उसैको बन्छ चित्र र मूर्ति' कवितामा आएको छ । 'तेर्सो रेखा कोरौँ' कवितामा भण्डारीले चित्र बनाउने कलाका बारेमा लेखेका छन् । 'चित्रकार भन्दथे' भन्ने गीतमा उनले विभिन्न ठाउँमा जस्तै, यज्ञ, सप्ताहा, हरियाली वन, पशुपक्षी, झरना आदि कुराहरू चित्रद्वारा नै शोभायमान र राम्रो देखिने कुरा व्यक्त गरेका छन् । उनले चित्रद्वारा संसारलाई फूलबारी बनाउने कुरा यस रचनामा उल्लेख गरेका छन् ।

समग्रमा 'कुलमानसिंह भण्डारीका गीत र कविता' कवितासङ्ग्रहमा भएका चित्रकलासम्बन्धी कवितामा चित्र बनाउने तरिका, चित्रकला पनि एउटा इलम, मूर्ति वा चित्र समाजको निःस्वार्थी व्यक्तिको बनाइने, कलाद्वारा जनचेतना जगाउन सकिने भाव व्यक्त भएको छ । चित्रकला यथार्थताको प्रतीक, समाजलाई जागरुक र चेतनशील बनाउने कला हो भन्ने कुरा उनका कलासम्बन्धी कवितामा आएको छ । यो दुनियाँ रमाइलो बनाउने, चाखलाग्दो बनाउने, वातावरण नै उल्लासमय बनाउन कला सबैले जान्नुपर्छ भन्ने भावलाई कवि भण्डारी यी कविताहरूमा व्यक्त गरेका छन् ।

### ४.३.३.३ मायाप्रेमसम्बन्धी विषय

यस कवितासङ्ग्रहमा सङ्कलित केही कविताले प्रेममय भावना, युवायुवतीको रागात्मक पक्ष र प्रेम गर्न पाउनु सबैको अधिकार हो भन्ने भावना उजागर गरेका छन् । उनका यस सङ्ग्रहका प्रेमसम्बन्धी कविताहरूमा प्रेम र रतिभावनालाई शृङ्गारिक उच्चता नदिई, शिष्ट र संयम रूपले प्रेममय भावनामा लेखिएका कविता प्रीति, मन परेको भेट्दो, प्रीति लाउन जान्नू, प्रेम गरेरै भए पनि दुलही लैजाओ !, प्रेमिकाको प्रेम हुन् ।

भण्डारीका प्रेम विषयसम्बन्धी कवितामा मन मिलेमा आफ्नो जोडी आफैले रोज्न पाउनुपर्छ र मन नमिलेमा छोड्न पाउनुपर्छ जस्ता अभिव्यक्तिले प्रेमको उदारतालाई देखाएको छ । प्रेममा हुने विकृतिप्रति सचेत हुँदै वर्ग मिल्ने, मन मिल्ने साथी रोज्नुपर्छ भन्दै एकअर्कामा राम्ररी चिनेर मात्र प्रेम गर्न उनी आग्रह गर्दछन् । उनी कवितामा प्रेम नै संसार हो, प्रेममय जीवन नै सुखी जीवन हो भन्ने भावना व्यक्त गर्दछन् । प्रेम मान्छेलाई मात्र होइन 'इपा' जस्तो अविकसित तर स्वच्छ, सरल र निश्कलंङ्कित ठाउँलाई पनि गर्नुपर्दछ भन्ने भाव यिनका कवितामा पाइन्छ । 'इपा' गाउँलाई ग्रामीण युवतीको रूपमा लिँदै सहरिया विकृतिलाई होइन, ग्रामीण प्राकृतिक

सहजतालाई प्रेम गर्नु नै सच्चा प्रेम हो र प्रेम गर्न जान्नु सबैका लागि हितकार हुन्छ भन्ने भाव यस कवितामा कविले व्यक्त गरेका छन् ।

"प्रेमले पनि वर्ग खोज्छ विचार पनि खोज्छ

जिउडाल, कद समेत रङ्ग पनि रोज्छ ।"[१८]

प्रगतिशील विचार राख्ने भण्डारी कवितामा प्रेमभित्र पनि वर्ग समाानता खोज्दछन् । समान वर्ग र एउटै विचार भएका जोडीले प्रेम गरे दीर्घजीवी हुने कुरा उनी बताउँछन् । बाहिरी रूप पनि राम्रो खोज्नु मानिसको स्वभाव हो, तर मन मिल्ने प्रेम जोडी मिले भने देशको सेवा गर्न सक्छन् भन्ने भाव उनले व्यक्त गरेका छन् । आफ्नो जोडी रोज्न आफै सक्नुपर्छ र सत्तासँग हक लिन सक्षम हुनुपर्छ भन्दै भण्डारीले प्रेमभित्र नै वर्गीय सोच र हकका बारेमा अधिकार खोज्न आग्रह गरेका छन् ।

**४.३.३.४ मानवअधिकारसम्बन्धी विषयका आधारमा**

कुलमानसिंह भण्डारी मानवअधिकारका विषयमा आवाज उठाउने साहित्यकार हुन् । उनको 'मानवअधिकार' शीर्षक कवितामा समानता र स्वतन्त्रताको हक मानवअधिकार हो भन्ने भाव व्यक्त गरिएको छ । मालिक-दास, नारी-पुरुष, ठूलोजात र सानोजात भन्ने असमानताको भेद गरिनु हुँदैन भन्दै सबै मानिस समान छन् र हक सुविधा सबैमा बराबर हुनुपर्छ भन्ने उनको विचार यस कवितामा आएको छ । उनको विचार मानवअधिकारसम्बन्धी कवितामा यसरी व्यक्त भएको छ -

"अदालतमा मुद्दा लड्न खुला रूपले पाउनुपर्छ सबैले

समाजमा बस्दा इज्जतसाथ डुल्न पाउनुपर्छ सबैले

काम गरेर ल्याको आफ्नो ज्याला कमाइ भोग्न पाउनुपर्दछ

आफ्नो विचारलाई निडर भई अघि सार्न पाउनुपर्छ ।"[१९] (मानवअधिकार)

आफ्नो विचार राख्न पाउनु, इज्जतसाथ डुल्न पाउनु, आफ्नो परिश्रमको ज्याला भोग्न पाउनु र अन्यायमा परे खुला रूपले मुद्दा लड्न पाउनु, मानव अधिकार हो । यी मानवअधिकार सबै मानिसका लागि समान हुनुपर्छ भन्ने भाव यहाँ आएको छ । उनको विचारमा सङ्गठित भई संस्था खोल्न पाउनु, काम गरेर श्रमको उपभोग गर्न पाउनु, काम गर्न नसक्दा विदा पाउनु, शिक्षाको समान अवसर, महिला, बालक र वृद्धका लागि

[१८] ऐजन, पृ. ३९ ।

[१९] ऐजन, पृ. ४३ ।

विशेष व्यवस्था हुनुपर्ने कुरामा जोड दिन्छन् । उमेर पुगेका युवायुवतीले मन मिले विवाह गर्न पाउनुपर्ने र मन नमिलेमा छोड्न पाउनुलाई पनि उनले मानवअधिकार भित्र राख्दछन् । यी मानवअधिकार जनतामा प्राप्त भए संसारमा शान्ति हुने र मानवअधिकार हनन् भएमा जनताले क्रान्तिको राँको लिएर विद्रोहमा सधैं उठिरहने विचार उनले यस कवितामार्फत व्यक्त गरेका छन् ।

### ४.३.३.५ आस्था र विचारसम्बन्धी विषयका आधारमा

कुलमानसिंह भण्डारीका धेरै कवितामा राजनीतिले समाजमा पारेको प्रभावका बारेमा चर्चा छन् । उनका केही कविता विचार र आस्थालाई लिएर लेखिएका छन् । उनका विचार, आस्था र नेतासम्बन्धी विषयमा लेखिएका कविताहरूमा सुरेली खेल्दै मास्तिर चढ्दैछ किरो, शोषक वर्गीय नियत !, खबरदार ! हुन् ।

यी कविताहरूमा कीरोरूपी भ्रष्टचारी नेताहरू सुरेली खेल्दै वा विभिन्न माध्यम बनाउँदै सत्ता प्राप्त गर्न खोज्छन् । ती भ्रष्ट नेतालाई तल खसाल्न पर्ने उनको विचार छ । फूल र बगैंचा, सत्ता र कुर्चीको प्रतीकात्मक रूपमा आएर कीरोरूपी भ्रष्ट नेतालाई तुलना गर्दे भ्रष्ट नेताले सत्ता सम्हाले देशलाई ठूलो खतरा बढ्ने चिन्ता व्यक्त गर्दै फूलको थुँगाबाट खसाल्न आग्रह गर्दै कवि लेख्छन् -

" ......... र त्यो फूल बगैचा द्रोहीलाई
फूलको थुँगाबाट खसाल !
र त्यो बगैँचाको सुन्दर राष्ट्रहितकारी
फूलहरूलाई बचाओ ।"[२०] (सुरेली खेल्दै मास्तिर चढ्दैछ किरो)

'शोषक वर्गीय नियत !' कवितामा विचार सबैको आ-आफ्नो हुन सक्छ तर भावना एउटै हुनुपर्छ । अहिले विश्वमा फरक आस्था र विचारलाई बन्दुकले समाप्त गर्ने होड चलेको छ । आस्था र विचारलाई बन्दुकले मार्न सक्दैन भन्ने भाव यस कवितामा आएको छ । 'खबरदार !' कवितामा पुराना संस्कार अर्थहीन छन् ती संस्कारमा वसन्तरूपी नयाँ पालुवा आएझैं नयाँ विचार र संस्कार अवश्य नै आउँछ । यो प्राकृतिक नियम हो । नयाँ पालुवा नयाँ विचारको प्रतीक हो यसमा नै रमाउनु पर्छ भन्ने भाव पनि कवितामा व्यक्त गरिएको छ ।

---

[२०] ऐजन, पृ. ४५ ।

### ४.३.३.६ विविध पक्षहरू

कुलमानसिंह भण्डारीका गीत र कवितामा जागिरको अनुभवलाई "घोडा चढ्याछु" कवितामार्फत उनले दर्साएका छन् । जागिरे हुँदा महिनावारी तलब झिकेको, आफूले जिम्मेवारीपूर्ण कार्य बहन गरेको अनुभव उनले व्यक्त गरेका छन् । जागिर बढुवाको लागि क्षमतालाई भन्दा कागजलाई बढी महत्व दिने गरेको उनको अनुभव छ । कागजलाई घोडाको रूपमा लिँदै कागजमा नै भरपर्नुपर्ने जागिरे जीवनलाई उनले जस्ताको तस्तै रूपमा उतारेका छन् । 'गोरखाको भविष्य' कवितामा उनले गोरखाबाट नेपाल एकीकरण सुरुवात भएको, गोरखा नाउँले विशालता प्राप्त गरी नेपाल नाम पाएको छ, भनेका छन् । वीर गोर्खालीको नाम विश्वभर गुन्जाएको छ तापनि नेपालको विकास हुन सकेको छैन भन्ने भाव कवितामा आएको छ । नेपाली युवाहरू लाहुर जान बाध्य छन्, किसानहरूको समस्या जस्ताको तस्तै छ । श्रमिकको विकासको चाहना तीब्र रूपमा छ, यदि उनीहरूको श्रमको सही सदुपयोग भएमा गोरखाको सुन्दर भविष्य र योजना फुल्नेछ साथै नेपालीका चाहना पूरा हुनेछ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । उनको 'बूढाको आफ्नो मत' झ्याउरे लयमा लेखिएको मार्मिक व्यथा र वेदना बोकेको कविता हो । यस कवितामा बूढाबूढी भएपछि छोराछोरीले बाबुआमाप्रतिको कर्तव्य बिर्सिएको सामाजिक अवस्थाको चित्रण छ । यस्तो सामाजिक अवस्था देखेर उनले उमेर छँदा नै कमाएको धनको केही प्रतिशत बुढेसकालका लागि साँच्न आग्रह गर्दछन् । तरुण जोसजाँगरलाई निष्क्रिय तुल्याएर बाबुको धनको आशमा बस्नु ठिक होइन भन्दै आफ्नो कमाइ र पौरख खानु आनन्ददायक र मीठो हुन्छ भन्ने उनको विचार यस कवितामा आएको छ । बाबुबाजेको सम्पत्ति छोराहरूलाई बाँडिदिने तर आफ्नो कमाइ विरामी र अशक्त हुँदालाई राख्नुपर्छ भन्ने उनको मत छ । यसरी समाजमा छोराछोरीले बुढेसकालका बाबुआमालाई नहेरेको विकृति स्वरूप यस कविताको रचना भएको हो । उनले 'बूढाको आफ्नो मत' कवितामा यसरी भनेका छन् -

"छोराछोरी बलियाबाङ्गा कमाउन सक्नेछन्
अंशको रूपमा दयाको रूपमा धन बचे खानेछन् ।"[२१]

समग्रमा कुलमानसिंह भण्डारीका गीत र कवितामा प्रगतिशील विचार र भाव भरिएको छ । समाजमा वर्गीय द्वन्द्वप्रति विरोध जनाउने कवि भण्डारीको कतै विद्रोहको

[२१] ऐजन, पृ. २८ ।

चेत आक्रमक रूपमा देखापर्दछ भने कतै संयमिक रूप देखापर्दछ । श्रमिक किसानले गरेको दुःख, दर्द र भलाइको कदर भएन भने क्रान्तिको राँको बोकेर शोषक र सामन्ती वर्गलाई ध्वस्त र समाप्त पार्न पछि हट्दैनन् । किसानहरू श्रममात्र होइन, विद्रोह पनि गर्न सक्छन् भन्दै उनीहरू सधैं सर्वहाराको पक्षमा संघर्ष गर्दछन् भन्ने शाब्दिक भाव प्रकट भएको छ । भण्डारीको मुख्य क्षेत्र कला हो । उनी कलाकार भएकाले कलासम्बन्धी विचार, धारणा र मान्यताले कवितात्मक रूप लिएको छ । चित्र बनाउनु पूर्व के गर्नुपर्छ, कस्ता चित्र भएमा दर्शक आकर्षित हुन्छन् र चित्रले के सन्देश दिनुपर्छ भन्ने उनीभित्रका कलासम्बन्धी ज्ञान सङ्केतात्मक रूपमा कवितामा आएका छ । जीवनका अनुभव, सुखदुःख र विचारात्मक भावले उनको मनोभाव उद्घाटन गरेको छ ।

कवि भण्डारीको यस सङ्ग्रहभित्र सङ्कलित कवितामा शीर्षक मात्र फरक तर भाव वा अभिप्राय प्रायः समान तर केही फरक अक्षरहरू देखापर्दछन् । 'संसार रच्ने जवान' र 'मजदुर मित्र औतार' शीर्षक कवितामा प्रायः सबै कुरा एउटै छन् कतै कतै अक्षर फरक छन् । त्यस्तै 'प्रेमिकाको प्रेम' र 'हक लिनुपर्छ' कवितामा प्रायः भाव एउटै तर अक्षरहरू कतैकतै भिन्नभिन्न देखापरेका छन् । समान भाव भए पनि यी कविता भिन्नभिन्न शीर्षकका साथ प्रस्तुत भएका छ्न ।

## ४.४ लयविधान

कविताको मुटु वा धुकधुकी नै लय हो । यही लयगत विशेषताले गर्दा साहित्यका अन्य विधाबाट कविता विधा अलग हुन्छ । भाषामा प्रयोग हुने स्वरव्यञ्जन वर्णहरूको उच्चारणबाट निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । "यो लयविधान प्रथमतः भाषिक स्वरव्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएकाले वितरण प्रक्रियाको कलागत प्राप्ति हो र कविताकृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यति विधानबाट थालिन्छ ।"[२२] यस सङ्ग्रहका कविताहरू छन्दोबद्ध नभई मुक्त छन्दका छन् । कतै भ्याउरे लय, कतै काँठेलय छ भने धेरै गद्यलयमा नै रचना गरिएको छ । यस सङ्ग्रहका कविताहरूमा आनुप्रासिकता कतै भेटिन्छ भने कतै भेटिंदैन । यी कवितामा छन्द नभए पनि साङ्गिीतिक झङ्कार पाइन्छ ।

"काली बगर वारिपारि बगरल्ल पारी
तरिएका अरबौंका सम्पत्तिका भारी ।"[२३]

---

[२२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४**, चौ.सं. (ललितपुर : साझा प्रकाशन छापाखाना, २०६०), पृ. १८ ।

[२३] सुकुम शर्मा (सम्पा.), **कुलमानसिंह भण्डारीका गीत र कविता,** पूर्ववत्, पृ. ७ ।

### ४.५ बिम्ब, प्रतीक र अलङ्कार

कुनै कृतिमा मुख्य कथ्य र अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो । यो बिम्ब कविताका भाव परिपोषक वा भावव्यञ्जक तत्व समेत हो ।[२४] कुलमानसिंह भण्डारीका कवितामा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग प्रसस्त मात्रामा भएको छ । 'बूढाको आफ्नो मत' शीर्षक कवितामा भण्डारीले बूढाबूढी भएपछि पाइने दुःखलाई सम्झेर बुढेसकालको लागि केही पैसा जोगाउनुपर्ने धारणा व्यक्त गरेका छन् । यस कविताको सम्पूर्ण विषय बूढाबूढीको जीवनका लागि सञ्चय गर्नुपर्ने भाव प्रकट भएकोले जीवनसम्बन्धी बिम्ब प्रस्तुत भएको छ । यस कविताको एउटा अंश यस्तो छ-

"सुनको टुक्रा माटोको धोक्रो नासोमा जिम्मा छ
बूढीको नाममा धर्तीमा जिम्मा दिएको प्रमाण छ
खनी र खोस्री कमाई खान नसक्ने बेलामा
माटोको धोक्रो बेचेर टुक्रा पैसा ली हातमा"[२५] (बूढाको आफ्नो मत)

'बलियो विचारधारा' शीर्षक कवितामा चङ्गा सामन्तको प्रतीक, लट्टाई गरिब सर्वहाराको प्रतीक र धागो बलियो विचारधाराको प्रतीक रूपमा प्रस्तुत गरिएको छ । यस कविताको अंश यस्तो छ-

"चङ्गा लट्टाईबीचको धागो
बलियो विचारधारा
यो धर्तीमा गुन्जिँदैछ
सर्वहारा नारा !"[२६] (बलियो विचारधारा)

यसरी 'माकुराकको फूल' शीर्षक कवितामा पनि आफ्नै जन्मभूमिमा जन्मिएर हुर्किएर तिनै आमालाई चुसेर खोक्रो पार्ने मानवताहीन मान्छेको प्रतीकका रूपमा प्रयोग गरिएको माकुराले प्रतीकात्मक अर्थ बहन गरेको छ । 'संसार रच्ने जवान' शीर्षक कवितामा जवान श्रमिकको प्रतीकका रूपमा आएको छ । 'सप्लाएछ एजेरु' शीर्षक कवितामा ठूलो रूखको गाभामा मौलाएर सुमेरु पर्वत झैं बनेर घाम छेकेर अरूलाई ओसमा पार्ने ऐजेरु सामन्तको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।

---

[२४] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. २० ।

[२५] सुकुम शर्मा (सम्पा.), **कुलमानसिंह भण्डारीका गीत र कविता**, पूर्ववत्., पृ. २८ ।

[२६] ऐजन, पृ. ४१ ।

भण्डारीका यस सङ्ग्रहका कवितामा विभिन्न किसिमका अलङ्कारहरूको स्वाभाविक रूपले प्रयोग भएका छन् । यस सङ्ग्रहका कवितामा अनुप्रासमा धेरैजसो अन्त्यानुप्रास मिलेको पाइन्छ । जस्तै एउटा अन्त्यानुप्रास मिलेको कविताको उदाहरण यसप्रकार छ-

"रङ्ग चोपी कुची चल्छ, पोती आकार

ठाडो, तेर्सो घुमाउरो रूप साकार ।"[२७] (रूप साकार)

यस्तै उनका कवितामा आफैमा पूर्ण झैं लाग्ने छोटा टुक्राइएका वाक्यांशहरूका अन्त्यमा प्रयोग गरिएका हेरैं, खोजैं, बुझैं, लेखैं, देखैंजस्ता अन्त्यानुप्रासहरूकै प्रयोग गरिएको छ । 'मन परेको भेट्दो' शीर्षक कवितामा उत्प्रेक्षा अलङ्कारको स्पष्ट प्रयोग गरिएको छ । यस कविताको एउटा श्लोक यसप्रकार छ-

"नुहाउँ, धोऊँ, पौडी खेली पारि तरौं कि ?

चिसो पानी कालीको पिइहालौं कि ?[२८] (मन परेको भेट्दो)

यसरी उनका कवितामा बिम्ब, प्रतीक र अलङ्कारको उचित आकर्षक र प्रभावकारी बनेका छन् ।

## ४.६ भाषाशैली

भाषा विचार विनियमको सशक्त साधन हो । शैली भनेको प्रस्तुतिको तरिका हो । भाषाशैली भनेको भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । ललित, रागात्मक, व्यञ्जक र लयात्मक भाषा प्रयोग गरी लेखिएको कविता बढी मिठासपूर्ण हुन्छ ।[२९]

भाषाशैलीका हिसावले कुलमानसिंह भण्डारीका कवितामा सरल, सहज र मिठासपूर्ण भाषाको प्रयोग भएको छ । नित्य व्यवहारमा आउने शब्द, शब्दावली, कथनपद्धतिले पनि उनका कविताहरू रोचक र घोचक बनेका छन् । उनका कवितामा झ्याउरे, गीतिलय र गद्यकविताको लय नै रहेको छ । उनका कवितामा आदर्श पाइँदैन, बरु यथार्थताले ढाकिएका छन् । उनका कवितामा कतै अनुप्रास मिलेको छ भने कतै मिलेको छैन । उनका कवितामा आवश्यकताअनुसार उद्गारचिह्न,

---

[२७] ऐजन, पृ. १८ ।

[२८] ऐजन, पृ. ७ ।

[२९] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १९ ।

विस्मयादिबोधकचिह्न, अल्पविरामचिह्न, प्रश्नवाचकचिह्न जस्ता विविध व्याकरणिक चिन्हको प्रयोग गरी वर्णविन्यासमा ध्यान दिएको देखिन्छ । प्रश्नवाचकचिह्न प्रयोग गरिएको एउटा कविताको नमुना यहाँ दिइएको छ-

लेकवैँसीका तन्नेरीलई काम दिउँ कि ?

भर्ती केन्द्र मूल बाटो गइँ बाटो छेकौँ कि ?[३०] (मन परेको भेट्दो)

उनका कविताका भाषाशैली अस्पष्टता पाइदैन । साधारण पाठकले पनि पढ्न र बुझ्नसक्ने भाषा प्रयोग भएको छ । यस सङ्ग्रहका कवितामा उक्ति वक्रताले रोचक बनाउनुभन्दा पनि सोझो कथनशैलीले पाठकलाई तानेको छ ।

## ४.७ निष्कर्ष

कुलमानसिंह भण्डारीले साहित्यको कविता विधामा पनि आफ्नो उपस्थिति देखाएका छन् । उनका गीत र कविता दुवै समावेश गरिएको यस सङ्ग्रहको नाम 'कुलमानसिंह भण्डारीका गीत र कविता' शीर्षक उपयुक्त छ । भण्डारीका जीवनका सुखदुःख, उकालीओराली, मनका विचार, जीवनअनुभव, समाजमा देखिएका विकृति र विसङ्गतिहरू र कलासम्बन्धी विचारको प्रस्फुटनले यस सङ्ग्रहको सिर्जना गरेको हो । यस सङ्ग्रहमा ५७ वटा कविता र गीत सङ्कलन गरिएको छ । आकारमा सानो भए पनि यस सङ्ग्रहमा कवि भण्डारीका कविताविधाका प्रवेशदेखि अन्त्यावस्थासम्मका कविता समेटिएका छन् । यस सङ्ग्रहमा सामाजिक विषयसम्बन्धी, कलासम्बन्धी, मायाप्रेमसम्बन्धी र अन्य विविध विषयमा आधारित गीत र कविता रहेका छन् । सामाजिक विषयमा समाजका विकृति र विसङ्गतिहरूलाई देखाउँदै कवि भण्डारीले क्रान्ति गर्न आह्वान गरेका छन् । उनका क्रान्तिका आवाज चर्को र आक्रमक ढङ्गले प्रस्तुत भएका छन् । उनी मार्क्सवादी विचारमा प्रतिबद्ध छन् । उनका कवितामा वर्गीय असमानता, सामन्तीसंस्कार र शासक वर्गको विरोध गरिएको छ । उनको कवितामा गरिबीका आवाज प्रकट गर्दछन् र विद्रोहका नारा लगाउँछन् । उनी समाजका मर्म र वर्गसँग परिचित छन् । समाजको वर्गीय धरातलमा उनी गरिब वर्गको पक्षमा उभिएर मुक्तिको गीत गाउँछन् । उनी कला पारखी भएकाले उनका कवितामा कलासम्बन्धी विचार स्वतः आएका छन् । कला क्षेत्रमा प्रयोग भएको रेखारङ्को शाब्दिक प्रस्तुति यस सङ्ग्रहमा भएको छ । उनी रेखारेखाले कविता कोर्छन् र रङ्को भावले जलप

[३०] ऐजन ।

लगाउँछन् । उनका कवितामा युवायुवतीका प्रसङ्ग, प्रेमविवाह, मनमिल्दो जोडी, उमेरमिल्दो र विचारमिल्दो जोडीले प्रेम गरे स्थायी हुने भाव व्यक्त गरेका छन् । जीवनका अनुभव, बुढेसकालको पीडा, वर्गीय द्वन्द्व र सामाजिक मूल्यमान्यताका कुराहरूले उनका कविता थप आकर्षक बनेका छन् । कुनै विचार पोख्न सोझो कथनशैली अपनाउने भण्डारीले छोटाछोटा कविता रचना गरेकाव छन् । सरल शब्दावली, सहज अभिव्यक्ति, स्वाभाविक भाषाशैली, सम्प्रेष्य भाव आदि यस सङ्ग्रहका प्रस्तुतिका विशेषता हुन् । यस सङ्ग्रहका कवितामा बिम्ब र प्रतीकको प्रशस्त प्रयोग भएको छ । उपमा, अनुप्रास, उत्प्रेक्षा आदि विविध अलङ्कारको प्रयोगले उनका कविता रोचक र पठनयोग्य बनेका छन् । सरल शब्द, छोटो पङ्क्ति, मुक्त छन्द भए पनि साङ्गीतिकताले कवितालाई आकर्षक बनाउने छ । कवि वैचारिक पक्षमा स्पष्ट छन् तर त्यो स्वर कवितामा प्रभावकारी भएर आउन सकेको छैन । उनले कवितामा दिएका विचार नयाँ पिंढीका लागि पथप्रदर्शक बनेको छ । उनको काव्यभाषा सरल र अभिव्यक्ति सहज छ । छोटा आयामका कविता र प्रस्तुतिमा स्पष्टता उनका काव्यगत विशेषता हुन् ।

परिच्छेद-पाँच

# कुलमानसिंह भण्डारीका निबन्धहरूको अध्ययन

## ५.१ पृष्ठभूमि

निबन्ध तत्सम शब्द हो । 'बन्ध्' धातुमा 'नि' उपसर्ग र घञ् प्रत्यय लागेर निबन्ध शब्दको व्युत्पत्ति हुन्छ ।[१] यसको अर्थ राम्ररी बाँध्नु, कसिनु, सङ्ग्रह गर्नु भन्ने बुझिन्छ ।[२] कुनै वस्तु, विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधा निबन्ध हो ।[३] आधुनिक नेपाली निबन्ध पाश्चात्य साहित्यको देन हो । निबन्धको परिभाषाको क्रममा मोन्तेनको आत्मप्रकाशन र बेकनको विकीर्ण चिन्तनको मान्यता रहेको छ । समग्रममा भन्नुपर्दा निबन्ध जीवनजगत्को कुनै पनि विषयवस्तुबारे विशिष्ट या कुनै पनि उद्देश्य वा प्रयोजन अँगाली आत्मपरक वा वस्तुपरक शैलीमा अभिव्यक्त गद्यात्मक रचना नै निबन्ध हो ।[४] निबन्ध तत्वका सम्बन्धमा विद्वानहरूबीच मतमतान्तर पाइए तापनि निबन्धका आवश्यक तत्वहरू तीन प्रकारका रहेका छन् । ती विषयवस्तु, शैली र विचार हुन् ।[५]

निबन्ध भाषाको गद्य रूप हो । नेपाली भाषाको उद्भव एघारौं शताब्दीमा गद्यात्मक अभिलेखबाट भएको हो । अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधिमूलो, यात्रासम्बन्धी विभिन्न सामग्रीहरू निबन्धको पृष्ठभूमिका रूपमा रहेका छन् । नेपाली साहित्यको इतिहासमा पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) नै साहित्यिक गुणले युक्त पहिलो निबन्धात्मक कृति हो ।[६] दिव्योपदेशलाई थालनी विन्दु मानेर यसपछिका उल्लेखयोग्य कृतिहरूमा रामभद्रपाध्या रेग्मीको 'लक्ष्मीधर्मसंवाद' (२०५१), सन्त शशीधरको 'वाणीपनिषद्' (१८८९), वेनामीको 'जङ्गबहादुरको बेलायत यात्रा', (१९१०) र चिरञ्जीवी शर्माको 'आफ्नु कुरा' (१९५५) आदि महत्वपूर्ण प्राथमिककालीन गद्यरचना हुन् ।[७] माध्यमिक कालीन नेपाली निबन्धको थालनी 'गोरखापत्र' को प्रकाशनबाट भएको हो । यस समयका निबन्धलेखनमा सक्रिय देखिने स्रष्टाहरू र तिनका रचनाहरू हुन्-

---

[१] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** ते.संस्क. (ललितपुर : साझा प्रकाशन, २०५८) पृ. ६ ।

[२] ऐजन, पृ. ७ ।

[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश,** दो.सं. (काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि., २०६३) पृ. ५५१ ।

[४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६ ।

[५] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पाँ.संस्क (काठमाडौं : रत्न पुस्तक भण्डार २०४८) पृ. २१ ।

[६] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** ते.संस्क (काठमाडौं : नवीन प्रकाशन, २०५१), पृ. ३ ।

[७] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** ते.संस्क, (काठमाडौं : पाठ्यसामाग्री पसल २०५६), पृ. १४ ।

हरिहर आदीको 'गोर्खाभाषा दुर्दशा', वीरेन्द्रकेशरी अर्यालको 'वेसरी' राममणि आदिको 'कवितारीति' र उनको वस्तुपरक निबन्धमा 'मातृभाषाको आवश्यकता' प्रमुख छन् ।[८]

आधुनिक नेपाली निबन्धको थालनी वि.सं. १९९१ को 'शारदा' पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' शीर्षक निबन्धबाट भएको हो । कतिपय समालोचकहरू 'शारदा' मा प्रकाशित वि.सं. १९९१ को बालकृष्ण समको 'बर्दाहामा सिकार' लाई प्रथम आधुनिक निबन्ध मान्न खोजे पनि साहित्यिक इतिहासकारहरूले त्यस रचनालाई निबन्ध नमानेर कथाका रूपमा लिएका छन् ।[९] नेपाली निबन्धमा देवकोटाको स्वच्छन्दतावादभन्दा भिन्न रहेर हृदयचन्द्रसिंह प्रधानको 'तीस रूपैयाँको नोट' (२००४) बाट दोस्रो चरण प्रारम्भ हुन्छ ।[१०] यही प्रगतिवादलाई नै श्यामप्रसाद शर्मा, खड्मान मल्ल, यदुनाथ खनाल लगायत समकालीन निबन्धकारले साथ दिएका छन् । बदरीनाथ भट्टराई, भीमनिधि तिवारी आदिले वर्णनात्मक र विवरणात्मक निबन्धका माध्यमबाट वस्तुपरक निबन्धको क्षेत्रलाई विस्तार गर्ने काम गरे ।[११] कमल दीक्षितले खोज-अनुसन्धान अध्ययन अन्वेषणमूलक निबन्ध लेखे । भैरव अर्याल, केशवराज पिँडाली, प्रेमराज शर्मा, अच्छा राई 'रसिक' आदिले हास्यव्यङ्ग्य निबन्धलाई अगाडि बढाए । यसैक्रममा खोज अनुसन्धान तथा हास्यव्यङ्ग्यात्मक धाराले उल्लेख्य विकास गरेको छ ।[१२] आधुनिक निबन्धको तेस्रो चरण वि.सं. २०२० को रूपरेखामा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलिन हुँदै निबन्धबाट सुरु भई हालसम्म पनि चलिरहेको छ । शङ्कर लामिछाने पाश्चात्य साहित्यका नवीन चिन्तन, वाद, प्रणालीसँग परिचित हुनाले मोन्तेनद्वारा सुरु गरिएको निजात्मक निबन्धलाई उनले निरन्तरता दिएका छन् । उनको एब्स्ट्रयाक्ट चिन्तन प्याज (२०२४) यसको उदाहरण हो । शङ्कर लामिछानेका सहयात्री निबन्धकारहरूमा भैरव अर्याल, श्रीधर खनाल, श्याम गोतामे आदिले हास्यव्यङ्ग्यको माध्यमबाट नेपाली निबन्धलाई अगाडि बढाएका छन् । तारानाथ शर्माका निबन्धमा जीवनका गहन पक्षहरूलाई केलाउँदै सामाजिक विषमतामाथि तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यस चरणका प्रमुख निबन्धकारहरूमा रामकृष्ण शर्मा, कमल दीक्षित इन्द्रबहादुर राई, बासुदेव

---

[८] मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, छै.संस्क (काठमाडौं : साझा प्रकाशन, २०५९) पृ. १४१ ।

[९] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०) पृ. २१९ ।

[१०] ऐजन, पृ. २२४ ।

[११] ऐजन ।

[१२] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४६ ।

त्रिपाठी, रामलाल अधिकारी, ठाकुर पराजुली, चूडामणि बन्धु, राजेन्द्र सुवेदी, मोदनाथ प्रश्रित, देवेन्द्रराज उपाध्याय आदि देखिएका छन् ।[13] आधुनिक निबन्धको विकासका क्रममा वि.सं. २०४६ पछिका अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । देशका युवापुस्ताहरूमा बढ्दै गएको अनुशासनविहीनता, राष्ट्रिय स्वार्थ र अस्तित्वमा आएका कम्पनहरू, नारी अस्मितामाथि आएका क्रयविक्रय, वलात्कार, गुण्डागर्दी, लुछाचुँडी आदि आजका विद्यमान विसङ्गति हुन् ।[14] यिनै विसङ्गतिमाथि तीब्र प्रहार गर्ने निबन्धहरूमा माधवप्रसाद पोखरेल, गङ्गा उप्रेती, निर्मोही व्यास, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, घनश्याम कँडेल, रुद्र खरेल, कृष्ण धरावासी, सुधा त्रिपाठी, मोहन दुवाल आदि पर्दछन् ।[15]

वि.सं. २०४० देखि वि.सं. २०५९ सम्मका केही निबन्धकारहरूको मा राममणि रिसाल, मुकुन्द आचार्य, मोहन दुवाल, जयराम शर्मा 'विरक्त', दलबहादुर काउछा, भक्तबहादुर नेपाल, कोमलप्रसाद पोखरेल, कृष्ण धरावासी, ज्ञानेन्द्र विवश, हरिप्रसाद सिलवाल, विनोद मञ्चन पर्छन् ।

यिनै निबन्धकारहरूको बीचमा कुलमानसिंह उभिन सफल भएका छन् । 'कला र कलाकार' साहित्यिक लेखको पुस्तकमा प्रकाशित 'बाग्लुङका कलाशिल्पी मोहनमानसिंह बज्राचार्य' संस्मरणात्मक निबन्धको प्रकाशनमार्फत कुलमानसिंह भण्डारी निबन्धमा प्रवेश गरे । वि.सं. २०४० देखि २०५६ सालसम्म उनका निबन्धहरू प्रकाशन भएका छन् । यसै बीचमा उनको संस्मरणात्मक निबन्धसङ्ग्रह 'मेरा कलाकार गुरुहरू' वि.सं. २०५४ मा प्रकाशित भएको छ । यसरी वि.सं. २०४० पछिका निबन्धकारहरूका कुलमानसिंह भण्डारी देखापरेका हुन् ।

## ५.२ प्रेरणास्रोत र प्रारम्भ

कुलमानसिंह भण्डारी चित्रलेखनको प्रारम्भ आठ वर्षदेखि नै गरेको भए पनि साहित्यलेखनको प्रारम्भ २०१० सालको चार किसानको गीत बाट गरे ।[16] भण्डारीले निबन्ध लेखन कहिलेदेखि आरम्भ गरे । त्यसको स्पष्ट जानकारी छैन । निबन्धकार भण्डारीका छोरा रामकृष्ण भण्डारीको जानकारीअनुसार कुलमानसिंहले वि.सं. २०२६

[13] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. १४२ ।

[14] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. १८ ।

[15] ऐजन ।

[16] मुकुन्द श्रेष्ठ, 'जसका कृतिहरू लुटिएका छन्', **प्रकाश साप्ताहिक**, (वर्ष १४, अङ्क १९, २०५३, वैशाख), पृ. ४ ।

बाट निबन्ध लेखन आरम्भ गरेका हुन् ।[१७] वि.सं. २०२६ मा कुन निबन्धमार्फत नेपाली निबन्ध साहित्यमा प्रवेश गरे त्यो रचनाको आधिकारिक जानकारी भने पाइएको छैन । उनका 'मेरा कलाकार गुरुहरू' संस्मरणात्मक निबन्धसङ्ग्रहमा सङ्गहीत 'बाग्लुङका कलाशिल्पी मोहनमानसिंह बज्राचार्य' संस्मरणात्मक निबन्ध वि.सं. २०४० वैशाख-असार अङ्क कला र कलाकार साहित्यिक लेखको पुस्तकमा प्रकाशित भएको हो । यो नै उनको पहिलो प्रकाशित संस्मरणात्मक निबन्ध हो ।[१८] प्रकाशित निबन्धका आधारमा उनको निबन्धयात्रा २०४० वैशाखबाट प्रारम्भ हुन्छ ।

उनको निबन्ध लेखनको प्रेरणा आफ्नै अन्तरईच्छा शक्ति हो । उनी बाग्लुङका मोहनमानसिंह बज्राचार्य र चामु गुभाजुलाई देखेपछि उनमा यी वृद्ध कलाकारको नाम र काम बिलाएर जान नदिने अठोट आउँछ र उनले लेख निबन्ध लेखनको थालनी गरेको पाइन्छ ।[१८] भण्डारीको जीवनसङ्घर्ष, जीवनअनुभव, समाजमा देखिएको वर्गीय असमानता, राजनीतिक अस्थिरता, कलाको क्षेत्रमा देखिएको गतिरोध नै उनको निबन्ध लेखनको प्रेरणास्रोत बनेको छ । कलाक्षेत्रमा गतिविधि र सामाजिक गतिविधिलाई भण्डारीले निबन्धमार्फत पाठक समक्ष राखेका छन् । उनका निबन्धमा कलाक्षेत्रका गतिविधि सामाजिक तथा राजनीतिमा देखिएका समस्या र उनका जीवनानुभव क्रमशः प्रमुख विषय बनेका छन् ।

## ५.३ 'मेरा कलाकार गुरुहरू' संस्मरणात्मक निबन्धसङ्ग्रहको अध्ययन

### ५.३.१ सामान्य परिचय

'मेरा कलाकार गुरुहरू' कुलमानसिंह भण्डारीको संस्मरणात्मक निबन्धसङ्ग्रह हो । उनको जीवनकालमा प्रकाशित एक मात्र पुस्तकाकार कृति यही हो । यो कृति वि.सं. २०५४, वैशाखमा जनमत प्रकाशन, बनेपाबाट प्रकाशित भएको हो । यस सङ्ग्रहभित्र नौ ओटा संस्मरणहरू रहेका छन् । यस संस्मरण कृतिमा भण्डारीको चित्रकला सिक्ने बेलाका गुरुहरूसँगको भेट र कुराहरूको आदानप्रदानलानई स्मरण गरेर लेखिएको छ । ७४ पृष्ठमा संरचित यस सङ्ग्रहको गाताचित्रमा नौजना कलाकार गुरुहरूको चित्र अङ्कित गरिएको छ । यस सङ्ग्रहको पुस्तकमा कलाकार भण्डारीले

[१७] रामकृष्ण भण्डारीबाट मौखिक जानकारी ।

[१८] शोधनायकको रचनाहरूबाट प्राप्त जानकारी ।

[१९] कुलमानसिंह भण्डारी, **मेरा कलाकार गुरुहरू**, (बनेपा : जनमत प्रकाशन, २०५४) ।

आफ्ना नौजना गुरुहरूसँगको सम्पर्क, प्राप्त प्रेरणा, कलाप्रतिको दृष्टिकोण र मान्यतालाई स्मरण गर्दै परिचयात्मक चिनारी दिएका छन् ।

संस्कृतको 'स्मृ' धातुमा 'सम' उपसर्ग र 'अत्' प्रत्यय लागेर संस्मरण शब्दको व्युत्पादन भएको हो । यसको शाब्दिक अर्थ 'राम्ररी स्मरण गर्नु' हुन्छ । बारम्बार सम्झनामा आउने बितेका दिनको कुरो मीठो प्रकारको सम्झना, मधुर स्मृति, राम्रोसित वा बरोबर सम्झना गर्ने काम पुरानो घटना, वस्तु महत्व, आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्वपूर्ण कुराको उल्लेख कथन वा रचनालाई संस्मरण भनिएको छ ।[२०] जीवनमा अनुभव गरिएका र भोगेका स्थितिहरू, नजिकबाट सम्पर्कमा आएका घटना र क्रियाहरूलाई स्मृतिमा राखेर निजात्मक ढङ्गले कलात्मक रूपमा स्थापित गरिने वस्तुहरूको निबन्धात्मक लेखन संस्मरण हो ।[२१] संस्मरण साहित्य नेपाली साहित्यको आधुनिक कालमा भएको कान्छो विधा हो । आत्मकथाकै परिष्कृत, सङ्गठित र विवरणसहितको शृङ्खलाबद्ध प्रस्तुति संस्मरण हो तर संस्मरणहरूको सङ्ग्रहलाई आत्मकथा भन्न मिल्दैन । निजात्मक अनुभूतिको प्रधानता, यथार्थमूलकता र तटस्थता यसको स्वरूप हो र भुक्त जीवनगाथा संस्मरणको मूल विशेषता हो । अतः आफ्नो जीवनसित सम्बद्ध व्यक्ति वा घटनाका बारेमा लेखकको सम्झनामूलक धारणाको अभिव्यक्ति नै संस्मरणको प्रमुख विशेषता मान्न सकिन्छ ।

### ५.३.१.१ वाग्लुङ्का कलाशिल्पी मोहनमानसिंह बज्राचार्य

यस संस्मरणात्मक निबन्ध 'मेरा कलाकार गुरुहरू' मा सङ्गृहीत पहिलो संस्मरण हो । यसमा 'वाग्लुङका कलाशिल्पी मोहनमानसिंह बज्राचार्य' सँगको भेटवार्ता प्रस्तुत छ । कला अध्ययनका लागि वाग्लुङ जाँदा कलाशिल्पी मोहनमानसिंहसँग उनले गरेको संवादलाई यसमा प्रस्तुत गरेका छन् । लेखकले वृद्ध, दुब्ला र कमजोर देखिएका तर कलाशिल्पीका उत्कृष्ट प्रतिभा मोहनमानसिंहसँगको परिचय र उनीसँग गरेको संवादलाई प्रस्तुत गरेका छन् । मोहनमानसिंहले कला सिक्दाको अनुभव, कलासम्बन्धी कार्य उनका कलाकार साथीहरू र उनको पारिवारिक अवस्थाको वर्णन छ । यसमा भण्डारीले भूमिकासहित गुरुसँग चारवटा प्रश्न राखेका छन् । आफ्ना गुरुको अवस्था र परिचय दिइएको यस भेटवार्ता नामक प्रस्तुतिभित्र 'केही अनुभव' शीर्षकमा वाग्लुङ अनि कलाको सन्दर्भ र मोहनमानसिंहको अवस्थाको चित्रण छ । निगालाको नलीमा

---

[२०] बालकृष्ण पोखरेल र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** पा. संस्क. (काठमाडौं : ने.रा.प्र.प्र. २०५८), पृ. १२१० ।

[२१] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि,** पूर्ववत्, पृ. ४२ ।

बुट्टा भर्ने बज्राचार्यको कलाप्रति लेखकको आकर्षण छ । उनमा आफ्नो गुरुको दयनीय अवस्थाको अनुभूतिका कारण कलाकारको वास्तविकता उदाङ्गो बनाएको पाइन्छ ।[२२] प्रश्नोत्तर शैलीमा प्रस्तुत यो संस्मरण कलाको बारेमा लेखिएको छ । संवादका कारण यस संस्मरण नाटकीय शैलीमा प्रस्तुत भएको छ । बोलचालको भाषा, तत्सम स्रोतका र तद्भव शब्दको बाहुल्यताले पाठकका लागि यस संस्मरण रोचक बनेको छ ।

### ५.३.१.२ म मास्केजीको चेलो

यसमा संस्मरण लेखकका बुबाले बाल्यकालमा उनलाई कलाको इलम सिक्न लैजाँदाको अमिट छाप संस्मरणात्मक रूपमा चर्चा गरिएको छ । लेखकको अवस्था गुरु मास्केको परिचयभित्रको मिठो समन्वय यस संस्मरणमा पाइन्छ । चन्द्रमानसिंह मास्के एक कुशल कलाकार हुन् । एकेडेमी स्थापनार्थ समितिका अध्यक्षसमेत भएका मास्केसँगको कुराकानी र जीवनानुभव संस्मरण लेखकले प्रस्तुत गरेका छन् । उनले मास्केको सच्चा चेलो भएर सिकेको कला तथा अनुभवलाई आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । मास्के पुरानो परम्परावादी सामन्ती संस्कारमा जन्मे हुर्के पनि उनी आधुनिक प्रगतिशील, जोसिलो अग्रगामी व्यक्ति हुन भन्ने कुराको संस्मरण लेखकले यसमा उल्लेख गरेका छन् ।

यो संस्मरणात्मक निबन्धमा कुलमानसिंह भण्डारीले चन्द्रमानसिंह मास्केसँग कलासम्बन्धी तालिम सिक्न जाँदादेखि उनीसँगको निकट अवस्थामा प्राप्त ज्ञान र अनुभव यसमा प्रस्तुत छ । १० पृष्ठमा संरचित यस संस्मरणमा सरल र सहज शब्दावली, बोलचालको भाषा र छोटा वाक्यको प्रयोग पाइन्छ ।

### ५.३.१.३ आदरणीय गुरु तेजबहादुर चित्रकारप्रति कृतज्ञता

यस संस्मरणमा १९९८ सालको हिउँदमा लेखक चित्रकला इलम सिक्दाका प्राप्तिहरूको संस्मरणात्मक प्रस्तुति छ । संस्मरण लेखक भण्डारी जुद्धकला पाठशालामा चित्रकला इलम सिक्न जाँदाको क्षण र तेजबहादुर चित्रकारसँगको सम्पर्कले उनमा प्राप्त हौसलालाई यस संस्मरणमा स्मरण गरिएको छ । भण्डारीका गुरु तेजबहादुर चित्रकारको सोझो प्रवृत्ति, सज्जन प्रकृतिका यथार्थ र प्रष्ट वक्ता भएको संस्मरण लेखकले उल्लेख गरेका छन् । चित्रकला सिकाउन उनलाई समय दिएर कलाका क्षेत्रमा डोऱ्याउने गुरूप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । पाठकलाई भाषागत दुरुहता, बुझ्नमा

---

[२२] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला,** (काठमाडौं : रामकृष्ण भण्डारी, २०६२) पृ. ५४ ।

कठिनताको अनुभव यस संस्मरणमा गर्नुपर्दैन । बोलचालको भाषा र यथार्थ प्रस्तुतिका कारण साधारण पाठकले पनि सजिलैसँग बुझ्न सकिन्छ ।

### ५.३.१.४ कलाशिल्पी मङ्गलबहादुर पौडेलसँग

वि.सं. २०४१ माघमा पोखराको उद्योग तथा हस्तकलासम्बन्धी प्रदर्शनीमा हस्तकलाशिल्पी मङ्गलबहादुरसँग संस्मरण लेखक भण्डारीको भेटका साथै उनीसँग भएका कलासम्बन्धी कुरा, सुखदुःखका कुरा, घरयासी कुरालाई यहाँ प्रस्तुत गरिएको छ । बाँसका जराबाट बनाइएका कलाबाट प्रभावित हुँदै मङ्गलबहादुरको सामान्य पढाइ, निरन्तर अभ्यास र लामो समयको अनुभवलाई संस्मरण रूपमा यसमा प्रस्तुत गरिएको छ । बाँसको भाटो, कप्टेरो, ढुङ्गो र त्यसका टुक्राबाट विभिन्न वस्तुका आकृति बनाउने कलाकार मङ्गलबहादुरको जीवनी, दयनीय अवस्था र उनको कलागत उच्चताको प्रस्तुति यसमा गरिएको छ ।[२३] यसमा मङ्गलबहादुर पौडेललाई लेखकले मूल्याङ्कन गर्दै, "दाउरा बाल्नसमेत असजिलो पर्ने बाँसका जरालाई कला पारखी बैठकमा सजाउन लायक वस्तु बनाउन सक्ने प्रतिभा भएका यस्ता कला शिल्पीहरूको उचित कदर हुँदा नयाँ प्रतिभाहरू पनि उदाउने वातावरण बन्न जानेछ र साथै गौरव बढ्नेछ भन्ने लाग्यो" भन्ने कुराको उल्लेख गरेका छन् ।[२४] यसमा शिल्पीकारको कलासम्बन्धी विचार प्रस्तुत गरिएको छ । यसमा बोलचालको भाषा र स्वाभाविक प्रस्तुति छ ।

### ५.३.१.५ बा र म

संस्मरण लेखक कुलमाानसिंह भण्डारी चित्रकलाका विशिष्ट प्रतिभा हुन् । उनलाई चित्रकलामा लाग्न बुबाबाट प्राप्त प्रेरणा, बुबासँग बितेका दिन, कला सिक्न जाँदा विभिन्न कलाकार गुरुसँग परिचय गर्दाको स्मरण यसमा गरिएको छ । उनका बुबाले गाउँमा गरेको सामाजिक कार्य, अफिसमा हुँदा गरेका न्यायपूर्ण कार्य आदिको चर्चा यसमा गरिएको छ । संस्मरण लेखकका बुबा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिन्तक, गीत कवितामा रुचि राख्ने, लेख-कविता लेख्ने, ज्योतिष विद्यामा दख्खल भएका प्रतिभाशाली व्यक्तित्वको भएको चर्चा यसमा गरिएको छ । वर्णनात्मक रूपमा लेखिएको यस संसमरणमा भाषागत र प्रस्तुतिगत सहजता भेटिन्छ । बोलचालको भाषा प्रयोगले यस संस्मरणलाई स्वाभाविक बनाएको छ ।

---

[२३] ऐजन पृ. ५६ ।

[२४] कुलमानसिंह भण्डारी, पूर्ववत्, पृ. ३१ ।

### ५.३.१.६ कार्चोपीकलाकार पारसमणि

रेसमी धागाले कार्चोपीभरि अनुहार बनाउने पारसमणिसँग भण्डारीको परिचय यसमा गरिएको छ । कला सिक्न जाँदा गुरु चन्द्रमानसिंह मास्केकहाँ जाँदा एकआपसको भेटले लेखक र पारसमणिको घनिष्ठता बढ्दै गएको छ । यसमा संस्मरण लेखक भण्डारी पारसमणिसँगै काम गर्न थालेपछि दुवैबीच भएका सुखदुखका विचारको आदानप्रदान गरिएको छ । घनिष्ठता बढ्दै गएपछि दुवैजना भारतको दिल्लीमा पुगेको घटनाको वर्णन यसमा गरिएको छ । पारसमणिलाई काठमाडौंमा कलाबाट जीवन धान्न गारो भएपछि चितवनको भरतपुर गएर बसेको र पारसमणि बसेको ठाउँको नाम पारसनगर रहेको चर्चा यसमा गरिएको छ । यसमा संस्मरणकारलाई पारसमणिले कार्चोपी कला सिक्न आग्रह गरेका तर भण्डारी सरल कामबाट जनचेतना दिनसक्ने चित्रकला नै उपयुक्त भएको उल्लेख गरिएको छ । पारसमणिको “यो कार्चोपी इलमले जतिसुकै नाउँ चलेपनि मैले खान नपाएर मनपर्ने सम्म हुन सक्छ ।”[२५] मार्मिक कथनले पाठक स्तब्ध बन्छ । यसमा स्तालिनको तस्विर प्रसङ्ग अनि मार्क्सवादी दर्शनको परिचय र साथीभाइको हार्दिकताभित्र पारसमणिको जीवनीको वर्णन गरिएको छ ।[२६] वर्णनात्मक शैलीमा लेखिएको यस संस्मरणमा भाषागत सरलता भेटिन्छ ।

### ५.३.१.७ कला-शिल्पी चामु गुभाजु

वाग्लुङ जिल्लामा रहेका कला-शिल्पी चामु गुभाजुसँग संस्मरण लेखकको भेट र उनीसँग भएको संवाद यस संस्मरणमा प्रस्तुत गरिएको छ । त्यस संवादमा चामु गुभाजुको विस्तृत परिचय समेटिएको छ । यस संस्मरणमा कलाको उचित कदर नभएको औंल्याउँदै चामु गुभाजुले कला पेसा छोडेर पलायन हुनुपर्ने स्थितिको चर्चा छ । यसमा कला संरक्षणका लागि स्थानीय समाज र सरकार लाग्नुपर्ने कुरामा जोड दिइएको छ । यसमा पुरानो परिपाटी त्यागेर नयाँ उपयुक्त आधार खोज्नुपर्ने विचार संस्मरणकारको छ । प्रश्नोत्तर शैलीमा लेखिएको यस संस्मरणमा संवादको प्रयोगले नाटकीय ढङ्गमा प्रस्तुत भएको छ । लुकेको प्रतिभाको परिचय गराउनु यस संस्मरणको प्रमुख उद्देश्य हो ।

---

[२५] ऐजन, पृ. ४२ ।

[२६] सुकुम शर्मा, (सम्पा.) **कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला**, पूर्ववत्, पृ. ५६ ।

### ५.३.१.८ मैले चित्रकला इलम सिक्दाको सुरुको बेला

यस संस्मरणात्मक निबन्धमा भण्डारीको प्रारम्भिक चित्रकला सिक्दाको स्मरण छ । यसमा भण्डारी बुबा पल्टनमा भर्ती भएका र उनको नेपालगन्ज व्यारेकमा सरुवा भएपछि मसुरीशमशेर जबरासित कला सिक्दाको स्मृतिमय चित्रण छ ।[२७] यसमा नेपालगन्ज जाँदा बुबाबाट उनलाई मसुरीशमशेरसँग गराइएको भेट र त्यहाँ उनले प्राप्त गरेको चित्रकलासम्बन्धी तालिमका साथै चित्रकलामा उनलाई प्राप्त भएको प्रगतिको चर्चा गरिएको छ । यो संस्मरण सुरुदेखि अन्त्यसम्म रेखीय ढाँचामा प्रस्तुत भएको छ । आत्मपरक शैलीमा प्रस्तुत यस संस्मरणमा प्रथम पुरुष सर्वनाम (म, हामी) को प्रयोग गरिएको छ ।

### ५.३.१.९ बालकृष्ण समबाट तेलरङ्गको चित्र बनाउन सिकें

साहित्यकार बालकृष्ण समले पनि चित्र बनाउने गरेको पाइन्छ । संस्मरण लेखक भण्डारी बालकृष्णबाट नै तेलरङ् चित्र बनाउन सिकेको यस संस्मरणमा उल्लेख गरिएको छ । यसमा उनको समसँगको परिचय सम्पर्क र चित्र बनाउन सिकाउने तरिकाको पनि उल्लेख यसमा गरिएको छ । तीन पुस्ता कलामा लागेका सम र उनीबाट भण्डारीले कला सिक्न पाएको सहयोगलाई यसमा प्रस्तुत गरिएको छ । यसमा आफ्ना बासँग पहिलोपल्ट बालकृष्ण समकहाँ पुगेको, जदौ गरेको, समको रङ्प्रतिको मोह र पारिवारिक वातावरण, साहित्यिक चहलपहल, पुतलीको विवाह प्रसङ्ग, समजीकी छोरी ज्वाला समको चित्रकारिताप्रतिको लगाव, प्रदर्शनी प्रसङ्ग आदिको उल्लेख छ ।[२८] "दर्जा, सत्ता र सम्पन्नताले गर्दा खर्चिलो इलम भए पनि कठिनाइ देखिँदैन । खर्च फुर्मास गर्नमा कन्जुस्याइँ गर्नु नपर्ने यी बालकृष्ण समशेरलाई मेरा हितैषी गुरुको रूपमा मान्दछु"[२९] भन्ने आत्मस्विकारोक्ति यस संस्मरणमा लेखकका तर्फबाट रहेको छ ।

रेखीय कथात्मक ढाँचामा प्रस्तुत यस संस्मरणमा 'म', 'मैले' जस्ता प्रथम पुरुष सर्वनामको प्रयोग छ । यस संस्मरणमा भाषामा क्लिष्ठता र बुझ्नमा अस्पष्टता छैन् । प्लेन, फिनिसिङ, ग्राउन्ड, ग्यालरी जस्ता आगन्तुक शब्दको प्रयोग र तत्सम र तद्भव स्रोतका शब्दको बढी प्रयोग पाइन्छ । नेपाली समाजमा प्रचलित शब्द र बोलचालका

---

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] कुलमानसिंह भण्डारी, पूर्ववत्, पृ. ७३ ।

शब्दको प्रयोग यस संस्मरणमा गरिएको छ । भण्डारीको कला सिक्दाको स्मरण नै मुख्य कथ्यवस्तु हो ।

### ५.३.२ विधातत्त्वका आधारमा संस्मरणहरूको विश्लेषण

### ५.३.२.१ अनुभूति पक्ष

व्यक्तिले कुनै घटना दृश्य वा ज्ञानको प्रत्यक्ष अनुभव गरेपछि उसको वस्तुप्रति एक किसिमको भावना वा धारणा  पैदा हुन्छ । त्यही भावना नै साहित्यमा निजात्मक अनुभूति रूपमा व्यक्त हुन्छ । एउटै घटना वा वस्तुप्रति पनि व्यक्तिगत स्वाभाव र परिवेशका आधारमा अनुभूति अलगअलग हुने भएकाले नै यो नितान्त निजात्मक हुन्छ । यसका अभिव्यक्ति वस्तुपरक, भावनात्मक, सहज, उत्पाद्य वा वर्णनात्मक रूपमा पनि हुन सक्छ । प्रत्येक लेखकको आफ्नो भावुकताअनुसार अनेक थरीका अनुभवलाई सहजानुभूतिमा परिणत गर्दछ । स्रष्टाले आफूले भोगेका घटनालाई आख्यानात्मक, विवरणात्मक, वर्णनात्मक आदि ढङ्गबाट व्यक्त गर्दछ, त्यही अनुभूतिको आधार बन्दछ ।

यी संस्मरणहरूमा उनका प्रत्यक्ष अनुभूतिहरूलाई प्रस्तुत गरिएको छ । भण्डारीले कलाकार गुरुहसँग भेट्दा महसुस गरेका अनुभूति यहाँ प्रकट गरिएको छ । 'बाग्लुङका कलाशिल्पी मोहनमानसिंह बज्राचार्य' शीर्षक संस्मरणमा गुरुहरूसँगको भण्डारी अनुभूति यस्तो छ : "मोहमान बज्राचार्य गुरुलाई देख्दा मनमा करुणा जागृत भयो । "नमस्ते गुरुजी ।" भनी बोल्दा पनि मुटुमा भक्कानो छुट्ला जस्तो भयो ।"[३०] यसरी संस्मरण लेखकमा कारुणिक भाव जागृत भएको अनुभूति प्रकट भएको छ । उनका केही आफ्ना अनुभूति छन् भने केही गुरुहरूले भनेका घटनाहरूले उनका मनमा प्रभाव पारेर प्रस्तुत गरेका छन् । 'कार्चोपीकलाकार पारसमणि' शीर्षकमा पारसमणिले भनेको कुरो यस्तो छ : "मेरी आमा पनि म सानै छँदा बित्नुभएकोले बाले अर्की आमा बिहे गर्नु भएको थियो । ती सानीआमाले मलाई आफ्नी आमाले जस्तै गरी स्याहार्नु भएको थियो । म चिफसाहेबको ड्राइभर छँदा घर आइपुग्ने बित्तिकै आमाले कोट फुकाली दिनुहुन्थ्यो ।"[३१] यसरी पारसमणिले भनेका कुराबाट सबभन्दा पर मानिने सौतेनी आमाले उनीप्रति गरेको राम्रो व्यवहारलाई देखाएका छन् । यसमा संस्मरणकारले पारसमणिको अनुभूतिलाई प्रथम पुरुष शैलीबाट प्रस्तुत गरेका छन् ।

---

३० ऐजन, पृ. १ ।

३१ ऐजन, पृ. ४२ ।

यस संस्मरणात्मक निबन्धसङ्ग्रहका संस्मरणहरूमा उनको अनुभूतिका विविध पक्ष देखापरेका छन् । कतै उनले भोगेका, कतै उनले देखेका दुःखसुखका अनुभूति यी संस्मरणमा छन् भने कतै उनलाई अर्कै पात्रले सुनाएका दुःखसुखको अनुभूति प्रकट गरिएको छ । यहाँ संस्मरण लेखकका अनुभूतिलाई सोझो र स्पष्ट रूपमा प्रकट गरिएको छ ।

### ५.३.२.२ विचार वा चिन्तन

यस सङ्ग्रहका संस्मरणहरूमा कतै प्रत्यक्ष रूपमा र कतै नाटकीय शैलीमा विचार प्रस्तुत भएका छन् । घटनाको प्रस्तुतिमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उनका कलासम्बन्धी तथा जीवनसम्बन्धी विचारहरू प्रतिबिम्बित भएका छन् । कलासम्बन्धी अध्ययन र जीवनअनुभव नै उनको प्रमुख विचार पक्ष हो । निर्भीक व्यक्तित्वको प्रस्तुति, कलाप्रति जिज्ञासु र साधनारत भाव, गुरुहरूप्रति श्रद्धाभाव, आफ्ना र गुरुहरूको जीवनअनुभव आदि पनि उनका विचार पक्ष हुन् । 'कार्चोपीकलाकार पारसमणि' शीर्षकमा संस्मरण लेखक भण्डारीको कला सिक्ने विचार प्रस्तुत गरेका छन् । "मैले जागिरबाट राजिनामा स्वीकृत गराएँ । अब भारतमा चित्रकलासम्बन्धी अध्ययन गर्न जाने तयारीमा छु । बाटोखर्चका लागि सञ्चयकोष झिकें अरू थपथाप खर्च बासँग लिएँ । भारतमा चित्रकलासम्बन्धी गुरु खोजेर जनतामा अरू थप विद्या बढाउने विचार गरेको छु ।"[३२] यसमा उनले चित्रकलाको अध्ययन हाँसिल गरेर चित्रकलामा निपुण हुने विचार प्रकट गरेका छन् ।

### ५.३.२.३ शिल्प वा शैली पक्ष

कृतिकारले आफ्ना निजात्मक अनुभूतिलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दछ । सो अभिव्यक्तिका क्रममा विषयवस्तुले लिएको संरचनापक्ष नै प्रस्तुतिशिल्प हो । रचनाकारहरू एउटै विषयलाई पनि वर्णनात्मक, आख्यानात्मक, संवादात्मक, कवितात्मक, व्यङ्ग्यात्मक वा नाटकीय आदि शैलीमा प्रस्तुत गर्न सक्दछन् ।

भण्डारीको प्रस्तुतिशिल्पको मुख्य विशेषता नै सरलता, सर्वबोध्यता र संवादात्मकता हो, जसले संस्मरणलाई नाटकीय स्वरूप प्रदान गरेको छ । उनले संवादबाटै चरित्रचित्रणदेखि परिवेश र कलाको वर्णनसमेत गरेका छन् । यसमा छोटा र

[३२] ऐजन, पृ. ४४ ।

लामा संवाद पाइन्छ । 'कलाशिल्पी चामु गुभाजु' शीर्षकमा छोटा र यथार्थता प्रकट गर्ने संवाद प्रस्तुत भएको छ ।

प्रश्न - तपाईका चिनेजानेका केटीहरूले तपाईलाई बोलाई "मसँग विवाह गर्छौ ? "किन भनेको ?"

उत्तर : उनीहरूको दृष्टिमा मेरो विवाह गर्ने उमेर नरहेको हुँदा चिनेजानेका धेरैजसो केटीहरूले जिस्क्याउनको लागि "मसँग विवाह गर" वा "म तिमीसँग आउँछु" भनी बरोबर जिस्क्याउने गरेका छन् । कारण उनीहरूले त्यसोभन्दा पनि म रिसाउँदिन र उनीहरूलाई बिझाउने कुरा पनि केही बोल्दिन अनि ममाथि यो क्रम बरोबर दोहरिन्छ ।"[३३] यसका प्रश्नकर्ता संस्मरण लेखक हुन् भने उत्तरकर्ता कलाशिल्पी चामु गुभाजू हुन् । यसका संवादले चामु गुभाजूको एक्लो जीवनको यथार्थताको झलक र उनको सरल स्वाभावको परिचय दिन्छ । यस्ता संवादले नाटकीय शैली प्रकट भएको छ । उनले संस्मरणहरूलाई वर्णनात्मक र कथात्मक शैलीमा प्रस्तुत गरेका छन् । संस्मरणलेखक र उनका गुरुहरूको जीवनमा घटेका घटनालाई सरल रेखीय किसिमले वर्णन गर्दा कथा जस्तो बनेको छ ।

### ५.३.३ भाषाशैली

कुलमानसिंह भण्डारीको मुख्य अभिप्राय पाठकले कसरी बुझ्न सक्छन् भन्ने छ । यसैले उनका संस्मरणमा सरल, सहज शब्दावली बोलचालको भाषाको प्रयोग पाइन्छ । यसमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू पाइन्छन् । तत्सम स्रोतका भ्रमण, विन्ति, मुद्रा, कला, गुरु, वाणी, वृद्ध, मुस्कान, अनुयायी, वृत्तान्त आदि जस्ता शब्दहरू प्रयोग पाइन्छ । तद्भव स्रोतका सिपालु, चासो, सङ्गठन, सिकाउनु, माग्नु, सुविधा आदि शब्दहरू प्रयोग पाइन्छ । आगन्तुक स्रोतका नालिस, प्रिन्सिपल, ब्यारेक, साहेब, प्लेट, ट्यु, डिम आदि शब्दहरूको प्रयोग पाइन्छन् । यसमा गाउँले बोलचालका भाषा चुलुम्म, घुसुक्क, पाइला, गर्जो, ओखती, तुना, टुङ्गो आदिजस्ता शब्दहरूको प्रयोगले थप आकर्षक बनेको छ । छोटामा दुई शब्ददेखि ६ लाइनसम्मको वाक्य भेट्टाउन सकिन्छ । यसमा कतैकतै गुरु, रङ्ग, दुरूस्त जस्ता शब्दलेखनमा व्याकरणिक त्रुटि पाइए पनि भाषागत त्रुटि भने पाइँदैन । यसका कुनैकुनै ठाउँमा "त्यतिबेला पाँच रुपियाँ हातमा पर्दा निकै नै धेरै रुपियाँझै लागेको थियो मलाई[३४] जस्ता अन्त्यमा क्रिया

---

[३३] ऐजन, पृ. ५६ ।

[३४] ऐजन, पृ. ३५ ।

नभएका वाक्यले व्याकरणिक विचलन देखापर्छ । यसमा प्रयोग भएको काव्यात्मक भाषाले पठनमा रुचि जगाउँछ । प्रश्नवाचकचिह्न, पूर्णविरामचिह्न, अर्द्धविरामचिह्न, उद्गारचिह्न, योजकचिह्न र कोष्ठकचिह्नको उचित प्रयोगले व्याकरणिक नियमलाई पालन गरेको छ । यस सङ्ग्रहमा कतै वर्णनात्मक प्रस्तुति, कतै संवादात्मक र नाटकीय शैलीको प्रयोग गरिएको पाइन्छ ।

### ५.३.४ निष्कर्ष

'मेरा कलाकार गुरुहरू' कुलमानसिंह भण्डारीको संस्मरणसङ्ग्रह हो । यो उनको पुस्तकाकार कृतिमा पहिलो प्रकाशन हो र उनको जीवनकालमा प्रकाशित एक मात्र पुस्तकाकार कृति हो । साधनाका क्रममा कला खार्न र माझ्न अग्रज कलाकारहरूमा सुझाउ, सल्लाह, गाली, तिरस्कार आदि प्रेरणाका स्रोत बन्छन् । आफ्नो रोजाइको मार्गमा अग्रसर रहँदा गुरुहरूको मायाममताका साथमा घोचिला पेचिला संस्मरणहरू मायालु भएर हृदयमा गाँसिएका हुन्छन् । आफूले पाएको प्रेरणा, सँगालेको संस्मरण र अँगालेको मार्गमा अग्रजहरूको देन जति मार्मिक हुन्छ, त्यति नै अप्ठ्यारो पनि हुन्छ । यस्ता संस्मरणहरूबाट पछिल्ला पिँढीका साधकहरूका लागि मार्गनिर्देशन, प्रेरणा र कार्यमा तल्लीनता ल्याउन तथा साधनामा विचलित नहुन मदत मिल्छ । यस्तै मान्यताको प्रस्तुति नै "मेरा कलाकार गुरुहरू" भन्ने पुस्तक हो । यसमा कलाकार कुलमानसिंह भण्डारीले आफूले कला सिक्दाका सुरुको अवस्थाको स्मरण गरेका छन् । यसमा मोहनमानसिंह वज्राचार्य, चन्द्रमान मास्के, तेजबहादुर चित्रकार, मङ्गलबहादुर पौडेल, यकबहादुर भण्डारी, पारसमणि प्रधान, चामु गुभाजु, मसुरीशमशेर र बालकृष्ण सम गरी नौजना गुरुहरूको स्मरण गरिएको छ । यी गुरुहरूबाट नै संस्मरण लेखक भण्डारीलाई कलामा लाग्न प्रेरणा प्रदान गरेको पाइन्छ । यसमा गुरुहरूसँगका जीवनअनुभव, सुखदुःखको विचार आदानप्रदान गरिएको छ । आफ्ना प्रेरणास्रोत गुरुहरूको संस्मरण गर्दै आफ्नो साधना निरन्तरताको मार्ग देखाउन उनी यस कृतिमा सफल भएका छन् । यसमा संस्मरण लेखकको अनुभूतिलाई वर्णनात्मक, संवादात्मक, अन्तर्वार्तात्मक र संस्मरणात्मक प्रस्तुति छ । सरल, सहज शब्दावली, स्पष्ट अभिव्यक्ति र बोलचालको भाषा प्रयोगले पठनमा रोचकता थपेको छ । यसमा कला सिक्न जाँदाको अनुभव नै मुख्य विषय बनेको छ ।

## ५.४ बालसाहित्यमा चित्रकला निबन्धसङ्ग्रहको अध्ययन

### ५.४.१ परिचय

'बालसाहित्यमा चित्रकला' निबन्धसङ्ग्रह निबन्धकार कुलमाानसिंह भण्डारीद्वारा रचित निबन्धात्मक लेखहरूको सङ्कलन हो । निबन्धकार भण्डारीका विभिन्न पत्रपत्रिकामा प्रकाशित बालसाहित्यसम्बन्धी लेखहरूलाई सङ्कलन गरेर सुकुम शर्माको सम्पादन र रामकृष्ण भण्डारीद्वारा २०६३ साल असारमा प्रकाीशत गरिएको हो । ५१ पृष्ठमा संरचित यस सङ्ग्रहमा दशवटा निबन्धात्मक लेखहरू रहेका छन् । यी सबै लेखहरूमा बालसाहित्य र कलासम्बन्धी धारणाहरू आएका छन् । उक्त सङ्ग्रहमा बालसाहित्यमा आवश्यक पर्ने चित्रकलाको महत्व दर्साइएको छ ।

### ५.४.२ विषयवस्तु वा भावका आधारमा

#### ५.४.२.१ बालसाहित्यमा कलाकारिता

बालसाहित्यमा कलाकारिता शीर्षक निबन्ध बालसाहित्यमा चित्रकला निबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध हो । यसमा बालबालिकाहरूलाई पढ्न सिकाउँदा चित्रको प्रयोग गर्नु उपयुक्त हुन्छ  भन्ने भाव प्रकट गरिएको छ । छोटो छोटो रचना हुनुपर्ने, एक पृष्ठको बालसाहित्यलेखनमा एउटा चित्र अनिवार्य हुनुपर्ने निबन्धकारको मान्यता रहेको छ । बालबालिकाहरूले आफ्नो मातृभाषामा पढ्ने व्यवस्था हुनुपर्ने बालसाहित्यको पुस्तकमा सरल स्वाभाविक र प्रष्ट बुझिने चित्र हुनुपर्ने विचार यसमा प्रस्तुत गरिएको छ । "अझ अभिभावकहरू र गुरुहरूले त्यस्ता धेरै साहित्यमध्ये राम्राराम्रा कृतिहरूको छनौट गरी बालबालिकाहरूलाई दिनु आवश्यक छ ।"[घछ] निबन्धकारले यस निबन्धमा बालसाहित्य बालबालिकाको लागि मात्र नभएर अभिभावक र गुरुहरूले उनीहरूलाई पढ्ने वातावरण सिर्जना गरिदिनुपर्ने धारणा व्यक्त गरेका छन् । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा बालसाहित्यमा चित्रको आवश्यकता दर्साइएको छ ।

#### ५.४.२.२ बालसाहित्यमा चित्रकलाको आवश्यकता

लिपिको विकास हुनुभन्दा अगाडि नै चित्रको विकास भएको हो । चित्रको विकासपछि नै विभिन्न लिपिहरूको विकास भएको हो भन्दै बालकहरूले चित्रसहितको अक्षर पढ्न रुचाउने भाव यस निबन्धमा व्यक्त गरिएको छ । चित्र र लेखबीच एक-आपसको सम्बन्ध हुन्छ । बालकको अध्ययन रुचिका लागि साहित्यका जुन विधा भए पनि चित्र राख्नु आवश्यक भएको कुरा यस निबन्धमा उल्लेख गरिएको छ ।

[३५] सुकम शर्मा, (सम्पा.) **बालसाहित्यमा चित्रकला** (काठमाडौं : रामकृष्ण भण्डारी, २०६३) पृ. २ ।

"बाालसाहित्यमा चित्रको आवश्यकता र महत्व लेखक र प्रकाशकले राम्ररी बुझ्नुपर्ने छ । यसरी प्रकाशन क्षमता बालसाहित्यका क्षेत्रमा बढाउनुपर्नेछ ।"[३६] बालसाहित्य लेखनमा लेखक र प्रकाशकले बालसाहित्यसम्बन्धी ज्ञान भएको व्यक्ति हुनुपर्ने विचार यस निबन्धमा व्यक्त गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा बालबालिकाहरूलाई बालसाहित्यको महत्व दर्साइएको छ ।

### ५.४.२.३ सचित्र बालसाहित्य पढ्न पाउने वातावरण

बालकको विकास भयो भने भोलिको देश पनि विकसित हुन्छ । गाउँगाउँमा, कुनाकाप्चामा बालसाहित्य पुऱ्याएर सबै बालबालिकाले पढ्ने  वातावरण पाउनुपर्ने धारणा निबन्धमा आएको छ । यसका लागि नेपाल बालसाहित्य समाजले चासो देखाउनुपर्छ । सचित्र बालपाठलाई पढ्ने उत्साह जगाउन सकेमा उनीहरूको मनमस्तिष्कको विकास छिटो हुने विचार यस निबन्धमा उल्लेख गरिएको छ । गुरुहरू र अभिभावकहरूले बालसाहित्य पढ्न अभिरुचि जगाए बालकमा शैक्षिक गुणस्तर वृद्धि हुने भण्डारीको ठहर छ । "बालबालिका र केटाकेटीहरूमा बालसाहित्यको पठनप्रतिको चासो लिने अभिभावक र गुरुहरूले ध्याउन्न दिन खोज्नुपर्छ ।"[३७] वर्णनात्मका शैलीमा लेखिएको यस निबन्ध बालसाहित्यमा अभिभावक र गुरुहरूको चासो रहनुपर्ने विचार व्यक्त गरिएको छ ।

### ५.४.२.४ सचित्र बालसाहित्यमा रेखा, रूप, रङ्को किसिम

बालसाहित्यमा चित्रकला आवश्यक पर्दछ । यसमा बालबालिकाले मन पराउने र मन नपराउने खालका चित्रहरू दर्साइएको छ । बालबालिकाले मन पराउने चित्र उमेरअनुसार फरकफरक हुन्छ र उमेरअनुसारको चित्र राख्नुपर्ने धारणा यस निबन्धमा उल्लेख गरिएको छ । चित्रबाट बालकलाई सकारात्मक र नकारात्मक प्रभाव पर्ने गर्दछ । सकरात्मक प्रभाव पर्ने चित्र बालबालिकाका लागि निर्माण गरिएमा उनीहरूको बौद्धिक विकास र सोचाइको क्षमतामा विकास भएर राम्रो ज्ञान हुने अभिप्राय यस निबन्धमा दर्साइएको छ । "सचित्र बालसाहित्यका पुस्तकहरू पढेर सानैदेखि सामान्य ज्ञानमा पोख्त भई राख्नुपर्दछ । यसरी बालकले आफ्नो भविष्यको बाटाको सोचाइमा

---

[३६] ऐजन, पृ. ७ ।

[३७] ऐजन, पृ. ९ ।

पुग्न सक्ने क्षमता राख्नुपर्दछ ।"[घड] वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा बालसाहित्य निर्माणकर्तालाई सकारात्मक चित्र बनाउन आग्रह गरेका छन् ।

[३८] ऐजन, पृ. १४ ।

### ५.४.२.५ बालसाहित्यमा रङ्गिन चित्रको महत्त्व

पाठ्यपुस्तकमा विषय सुहाउँदो चित्रको प्रयोग गर्नुपर्दछ । बालबालिकालाई रुचिअनुसारका बालसाहित्यसम्बन्धी पुस्तक पढ्न दिनुपर्छ भन्ने धारणा निबन्धकारको रहेको छ । यस संसारमा विविध रङ्हरू रहेका छन् । ती रङ्हरूलाई चित्रकलामा प्रयोग गर्न सके बालबालिकामा ज्ञानआर्जन गर्ने थप उर्जा प्राप्त हुने कुरा बताइएको छ । “बालकको कोमल आँखा र मनमस्तिष्कलाई ध्यानमा राखी चित्रमा चर्को रङ् लगाउनु हुँदैन । कोमल र मधुर रङ्को सम्मिश्रणमा चित्रको सजीवता झल्कन सकोस् ।”[३९] बालकका लागि उचित रङ्को प्रयोग हुनुपर्ने धारणा व्यक्त भएको यस निबन्धमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.४.२.६ अपाङ्ग बालबालिकाका लागि बालसाहित्य सिर्जना गरौं

यस निबन्धात्मक लेखमा अपाङ्ग बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनुपर्ने उल्लेख गरिएको छ । ब्रेलशिक्षाको आविष्कारले अन्धाअपाङ्लाई ठूलो सहयोग पुगेको बताउँदै सचित्र ब्रेल शिक्षाको आवश्यकता पर्ने कुरा भण्डारीले यस लेखमा बताउँछन् । अपाङ्गका लागि नेपालमा भएको कार्यक्रम अपुग भएको मान्दै जति संस्था कार्यरत छन् त्यसको उपयोग गर्नुपर्ने उनको धारणा छ । “संसारमा हजारौं भाषा र हजारौं किसिमका लिपिलाई यो एउटै ब्रेल लिपिमा समेटिएको छ । यो अन्धाअपाङ्ग ब्रेल लिपिको आविष्कारले ज्यादै ठूलो उपलब्धि हासिल गरेको छ । धन्यवाद यो ब्रेललिपिका अन्धा आविष्कारकलाई ।”[४०] वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यस निबन्धमा ब्रेलशिक्षाले अन्धाअपाङ्गको शिक्षामा पुऱ्याएको फाइदाको उल्लेख गरिएको छ ।

### ५.४.२.७ रेखाचित्र सिकाउन खोज्दा

चित्रकला सिक्न इच्छा गर्ने विद्यार्थी लगनशील र निरन्तर आभ्यासिक हुनुपर्छ । रेखाचित्र सिक्न गुरुसँग सम्पर्क गर्नुपर्ने, गुरु नभेटाइएमा आफैले पनि अभ्यास गर्न सकिने धारणा यसमा प्रकट गरिएको छ । यसमा रेखाचित्र बनाउन सिक्नुपर्ने नियमहरू रेखा कोर्ने तरिका र आवश्यक सामानहरू चाहिने कुराको उल्लेख गरिएको छ । रेखाचित्र सिक्न खोज्दा सरलबाट जटिलतिर जानुपर्ने र चित्र कोर्न सिपालु भइसकेपछि चित्र बनाउन अगाडि सर्नुपर्ने धारणा यस निबन्धमा उल्लेख गरिएको छ । “दुरुस्त पार्न

---

[३९] ऐजन, पृ. १६ ।

[४०] ऐजन, पृ. २३ ।

सक्ने काममा अरू प्रख्यात कलाकारहरूका राम्राराम्रा कलाकृतिहरू खोजी गरी तिनका कृतिबाट प्रकृति रेखामा उतार्दा दुरुस्त हुने गरी बनाउन सक्नुपर्दछ । त्यसका सुधारका लागि पनि अरू जान्नेलाई  सुझाउअनुसार दोहोराएर साफी गर्नुपर्दछ ।"[४१] वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धको उद्देश्य चित्रकला बनाउने तरिकाबारे ज्ञान दिनु रहेको छ ।

### ५.४.२.८ चित्रकलामा रङ्गको महत्त्व

यसमा रङ्को महत्व दर्साइएको छ । रङ् खोज्न कतै भौतारिनु नपर्ने, आफ्नै घर परिवार रङ् बनाउन सकिने उल्लेख छ । रङ्विनाको कुनै चिज नभएको बताउँदै चित्रकारले रङ्को प्रयोग उचित प्रयोग गर्ने कुरा यस निबन्धमा बताइएको छ । रङ्लाई विज्ञानसँग तुलना गर्दै यी दुवै जति खोतल्दै गयो त्यति नै नयाँ ज्ञान दिने बताइएको छ । "यो रङ् रङ्गाउने कामलाई कसैले पुरानो भन्न मिल्दैन । यो जहिले पनि नयाँ भएर बस्तछ । विज्ञानलाई जति खोतल्यो त्यति नै नयाँनयाँ भएर नयाँनयाँ ज्ञान दिन खोज्छ ।"[४२] रङ्को महत्वलाई देखाइएको यस निबन्धको शैली वर्णनात्मक छ ।

### ५.४.२.९ बालसाहित्यमा अभिभावकको दायित्व

सक्षम अभिभावकले नयाँ पिढींलाई योग्य र उन्नत नागरिक बनाउन उमेरअनुसारको बालसाहित्यको अध्ययन हुनुपर्ने धारणा निबन्धकारको छ । यस निबन्धमा बालबालिकाको भविष्यको योजनामा अभिभावकले ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । "सबभन्दा पहिले अग्रगामी अभिभावकहरूको माग र गुण बनाउने अभियान नै चलाउनु पर्ने देखिन्छ ।"[४३] वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा बालबालिकाको विकासका लागि अभिभावकको भूमिकालाई दर्साइएको छ ।

### ५.४.२.१० पहाडी वातावरण र बालसाहित्य

पहाडी वातावरण राम्रो भए पनि त्यहाँका बालबालिकाहरू अझै बालसाहित्य पढ्न वञ्चित छन् । बालसाहित्य लेखन र वितरण उचित प्रबन्ध मिलाएर बालसाहित्य पहाडी भूभागमा पुऱ्याई सबैले पढ्ने वातावरण पाउनुपर्छ भन्ने भण्डारीको विचारको यसमा व्यक्त गरिएको छ । बालसाहित्यको निर्माण गर्दा उचित चित्रको प्रयोग गर्नुपर्ने बताउँदै अभिभावकले बच्चाका लागि बालसाहित्य पुस्तक पढ्न अभिप्रेरित गर्नुपर्ने

---

[४१] ऐजन, पृ. ३४ ।

[४२] ऐजन, पृ. ४३ ।

[४३] ऐजन, पृ. ४५ ।

धारणा यसमा व्यक्त गरिएको छ । बालसाहित्य सबै बालबालिकाले पढ्न पाउनुपर्छ भन्ने सन्देशमूलक विचार बोकेको यो निबन्ध वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ५.४.३ विधातत्वका आधारमा विश्लेषण

### ५.४.३.१ विचार वा चिन्तन

यस निबन्धसङ्ग्रहका निबन्धहरू वर्णनात्मक रूपमा प्रस्तुत गरिएका छन् । कुनै एउटा विषय लिएर त्यसको वर्णन गरिएको छ । यसमा बालबालिकाको लागि चित्रको महत्व दर्साइएको छ । चित्रले बालबालिकाको मनलाई उल्लासमय बनाउने र पढ्न रुचि जगाउने कुराको उल्लेख गरिएको छ । चित्र बनाउन रेखा, रङ् कोर्दा अपनाउनुपर्ने नियमको पनि उल्लेख गरिएको छ । "कुनै पनि खालको चित्रकला, मूर्तिकला वा हस्तकलाका जुनसुकै वस्तुहरूको आकारप्रकार ढाँचाकाँचा रूपरङ्गका आधारमा चित्त प्रसन्न हुने वा नहुने कुराका सुरुमा कोरिएको रेखाको अवस्थामा भर पर्दछ ।"[४४] यसरी चित्र कोर्दा ध्यान पुऱ्याउनु पर्ने कुरामा जोड दिइएको छ । बालसाहित्यको प्रसङ्गमा "नेपालका विविध प्रकाशन संस्थाले पनि बालसाहित्यको प्रकाशन गरी बालबालिकाको हितमा सघाउ पुऱ्याउन चाहन्छन् भने यो ठूलो योगदान हुनेछ । यो उनीहरूको कर्तव्य पनि हो ।"[४५] भनिएको छ । यो सङ्ग्रह मुख्य रूपले कलासम्बन्धी विषयमा केन्द्रित रहेको छ । बालबालिकाले चित्र भएको साहित्य पढ्न रुचाउँछन् । बालबालिकामा सकारात्मक प्रभाव पार्ने खालको चित्रको प्रयोग हुनुपर्छ र सबै ठाउँका बालबालिकाले चित्रसहितको बालसाहित्य अनिवार्य रूपले पढ्न पाउनुपर्छ भन्ने कुरा यस सङ्ग्रहका निबन्धको मूल विचार पक्ष हो ।

### ५.४.३.२ शिल्प वा शैलीपक्ष

यस निबन्धसङ्ग्रहको प्रस्तुति शैली वर्णनात्मक छ । एउटा शीर्षकमा केन्द्रित रहेर त्यसको वर्णन गरिएको छ । यस सङ्ग्रहमा कतै पनि संवाद आएको छैन र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको पनि छैन । निबन्धकार भण्डारीको प्रस्तुति शिल्पको मुख्य विशेषता नै सरलता र सर्वबोध्यता हो । जसले गर्दा साधारण पाठकले पनि सजिलैसँग पढ्न र बुझ्न सक्छ । यसको सोझो प्रस्तुति छ । "यस संसारमा कुनै न कुनै रङ् नभएको कुनै ठाउँ नै छैन । जताततै रङ्ले व्यापकता पाएको छ । तैपनि हामी रङ् हेरेर अघाएका छैनौं । यो ठाउँ चाहिं रङ् नभएको ठाउँ हो भन्न आउँछ भने

[४४] ऐजन, पृ. ३३ ।

[४५] ऐजन, पृ. ५१ ।

त्यसलाई इनाम दिनुपर्छ ।"[४८] यस सङ्ग्रहका निबन्धमा सोझो र वर्णनात्मक प्रस्तुति रहेको छ ।

### ५.४.३.३ भाषाशैली

'बालसाहित्यमा चित्रकला' निबन्धमा सरल, सहज शब्दावलीको प्रयोग र स्पष्ट अभिव्यक्ति पाइन्छ । सोझो भनाइ र काव्यात्मक भाषा प्रयोगले यस निबन्धलाई रोचक बनाएको छ । साधारण पाठकले पनि सजिलैसँग बुझ्ने खालको सोझो प्रस्तुति छ । "अझ चराचुरुङ्गीमा र कीटपतङ्गहरूमा त बुट्टा डिजाइन भरिएर रङ् लगाइएको छ झन् ।"[४७] यस्ता अन्त्यमा क्रिया नभएका वाक्यगत व्याकरणिक विचलन पनि यसमा पाइन्छ । यसमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग पाइन्छ । तत्सम स्रोतका अमूल्य, निर्माण, शिक्षा, दृश्य, पवित्र, गुरु, वसन्त, कला जस्ता शब्दहरू प्रयोग यसमा पाइन्छ । तद्भव स्रोतका सिपालु, सिकाउनु, हेर्नु जस्ता शब्दहरूको प्रयोग पनि भएको छ । आगन्तुक स्रोतका, डिजाइन, पोट्रेट, केमिकल, किफायती, डट्पेन, साइनपेन, पेन्सिल, बोर्ड आदि जस्ता केही शब्दहरूको प्रयोग पाइन्छ । छोटा वाक्यको बढी प्रयोग, मिश्र तथा संयुक्त वाक्यको प्रयोग पनि पाइन्छ । यी निबन्धहरूमा व्याकरणिक त्रुटि त्यति पाइँदैन । सोझो भनाइ र वर्णनात्मक शैलीमा यस सङ्ग्रहका सबै निबन्धहरू प्रस्तुत गरिएको छ ।

### ५.४.४ निष्कर्ष

'बालसाहित्यमा चित्रकला' निबन्धसङ्ग्रह निबन्धकार भण्डारीको बालसाहित्यसम्बन्धी लेखहरूको सङ्ग्रह हो । यसमा दशवटा बालसाहित्यसम्बन्धी निबन्धहरू सङ्कलन गरिएको छ । बालबालिकाले चित्रसाथ पढ्नाले पढ्नमा रुचि लाग्ने र ज्ञान आर्जनमा सघाउ पुऱ्याउने उल्लेख यस सङ्ग्रहका निबन्धमा गरिएको छ । बालसाहित्यमा बालबालिकाहरूलाई सकारात्मक प्रभाव पार्ने चित्र मात्र हुनुपर्दछ । चित्रबाट नै बालबालिकाले साहित्यलाई छिटो बुझ्न सक्छन् । रङ्को प्रयोग गर्दा पनि ध्यान दिई कोमल हृदय भएका बालबालिका चाहनाअनुरूपको रङ् प्रयोग गर्नुपर्ने धारणा यस सङ्ग्रहका निबन्धहरूमा व्यक्त भएका छन् । 'रेखाचित्र सिकाउन खोज्दा' शीर्षक निबन्धमा प्रारम्भिक चरणमा चित्र बनाउने तरिका सिक्न खोज्दा अपनाउनुपर्ने सजगता, प्रयोग गरिने सामान आदिको उल्लेख गरिएको छ । 'पहाडी वातावरण र

---

[४६] ऐजन, पृ. ४१ ।

[४७] ऐजन, ४१ ।

बालसाहित्य' शीर्षकमा बालबालिकाहरूलाई पहाडी परिवेशको चित्र मनपर्ने हुनाले बालसाहित्यमा झरना, पहाड, हरियाली आदि जस्ता चित्र समावेश गर्न बालसाहित्यको रचनाकारलाई आग्रह गर्दछन् । सरल शब्द, सोझो अभिव्यक्ति र भाषामा परिष्कार यस सङ्ग्रहको भाषागत विशेषता हो । वर्णनात्मक शैलीद्वारा बालबालिकाको विकास र अभिभावकले बालबालिकाप्रति खेल्नुपर्ने भूमिका प्रकाश पार्नु यस सङ्ग्रहको मूल अभिप्राय हो ।

## ५.५ कुलमानसिंह भण्डारीका फुटकर निबन्धात्मक रचनाहरूको अध्ययन

कुलमानसिंह भण्डारीका फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यहाँ यी फुटकर निबन्धहरूको खोजी गरी अध्ययन, विश्लेषण गरिएको छ । उनका निबन्धको आकार प्रायः छोटो देखिन्छ । कला, समाज, राजनीति, संस्मरण आदि विभिन्न विषयमा उनका निबन्ध आधारित छन् । भण्डारी कुशल कलाकार हुन् । त्यस कलाको छाप उनका निबन्धमा यत्रतत्र पाइन्छ । कलासम्बन्धी विषयलाई लिएर उनले धेरै निबन्धहरूको सिर्जना गरेका छन् । उनका निबन्धहरूको अध्ययन विषयका आधारमा गरिएको छ ।

### ५.५.१ कलासम्बन्धी निबन्धहरू

कलासम्बन्धी विचार, कलामा हुनुपर्ने सुधार, कला विकासका लागि चाहिने एकेडेमी, कलाबाट मान्छेमा पार्ने प्रभाव आदि विषयमा लेखेका निबन्ध भण्डारीका कलासम्बन्धी निबन्धहरू हुन् । व्यङ्ग्यचित्रको महत्व र विकासका बारेमा पनि उनका निबन्धहरूमा चर्चा गरिएका छन् । उनका कलाविषयका निबन्धहरूको चर्चा यहाँ गरिएको छ ।

#### ५.५.१.१. चित्रकला प्रदर्शनी गराउँदा

निबन्धकारको चित्रकारी प्रतिभा र निबन्ध लेखनको कौशलसँग जोडिएर आएको यस निबन्धले उनको लेखन र कलाको उचाइको पहिचान गराएको छ । पाठकको रुचिले रचनाकारको उचाइ बढेझैं कलाकारको उचाइ बढ्न र चर्चामा आउन दर्शकको भूमिका रहन्छ । यस निबन्धमा चित्रकारले चित्रमा समाजको सजीव रूप ल्याउनुपर्ने उल्लेख गरिएको छ । सिर्जनामात्र राम्रो भएर नपुग्ने दर्शकका सामु त्यसलाई प्रस्तुत गर्दा चित्रमा भएको भाव र आकर्षणको पनि व्याख्या गर्न सक्नुपर्ने विचार निबन्धकारको रहेको छ । यस निबन्धमा चित्रलाई पनि कृषि तथा अन्य पेसाका रूपमा

तुलना गर्दै कृषिमा बाली राम्रो नहुँदा कृषकको पसिना खेर गएजस्तै चित्र प्रष्ट भएन भने चित्रकारको पनि पसिनाखेर जाने धारणा व्यक्त गरिएको छ । कला सिर्जना गरुन्जेलसम्म मात्र कलामा कलाकारको अधिकार हुने तर कला सिर्जित भैसकेपछि कलाकार संरक्षक मात्र हुने विचार भण्डारीले यस निबन्धमा उल्लेख गरेका छन् ।

यस निबन्धमा भण्डारीले चित्रकार र चित्रकारिताका बारेमा विविध पक्षको चर्चा गरेकाले यसलाई वैचारिक निबन्धको उत्कृष्ट नमुना मान्न सकिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा कला दर्शकसमक्ष प्रष्ट बुझ्ने गरी प्रस्तुत गर्नुपर्ने मूल विचारपक्ष आएको छ । चित्रकारितालाई अन्य पक्षसँग तुलनात्मक लेखन यसमा छ । 'बाली खेर जानु, दश नङ्ग्री खियाउनु जस्ता टुक्काहरूको प्रयोगले यस निबन्धको पठनमा सहजता र रसिकता थपेको छ ।

### ५.५.१.२ चित्रकलाको मूल्य

चित्रकलाको इतिहासमा परापूर्वकालदेखि हालसम्म सौखिन रूपले, प्रशंसाको आशले, व्यवसायिक रूपले र धन आर्जन गर्ने आशले चित्रकलाको रचना भएको पाइन्छ । यस निबन्धमा नेपालको चित्रकला विदेशमा लैजाँदा नेपालको परिचय विदेशमा पनि खुल्ने र विदेशी पैसा पनि आर्जन हुने हुँदा चित्रकलाको निर्यात हुनु ठूलो खुसीको कुरा भएको उल्लेख गरिएको छ । कला अनुत्पादक हो भन्ने पुराना परिपाटीलाई त्याग्दै कला उत्थानको कामलाई प्रजातान्त्रिक परिपाटीभित्र इज्जतसाथ समावेश गरिनुपर्छ भन्ने निबन्धकार भण्डारीको विचार छ । प्राचीन समयमा चित्रकारलाई दरबारमा जागिर दिने, उचित पुरस्कार सम्मान दिने गरेको पाइन्छ । चीनमा कलाकारको उचित मूल्याङ्कन हुने कुरामा अरनिको नै साक्षी भएको यसमा व्यक्त गरिएको छ । यसमा नेपालले विश्वको कुनै पनि ठाउँमा कलाको विषयमा चर्चा पाउने गरेको उल्लेख गरिएको छ । संसारमा जतिजति प्रजातान्त्रिक सभ्यताको विकास हुन्छ, त्यतित्यति नै कलाले प्रश्रय पाउने र कलाकारले कलाको उचित मूल्य प्राप्त गर्ने कुरा यस निबन्धमा व्यक्त गरिएको छ ।

यो निबन्ध वर्णनात्मक शैलीमा लेखिएको कलापरक निबन्ध हो । कलाको इतिहास कोट्याउँदै भण्डारीले प्रजातान्त्रिक व्यवस्थामा कलाको उचित मूल्य पाउने विश्वास व्यक्त गरेका छन् । सामान्य बोलीचालीको भाषा र सरल शब्दावलीको प्रयोगले निबन्धको पठनमा रोचकता थपिएको छ ।

#### ५.५.१.३ चित्रकलाबारे जान्न बुझ्न खोज्दा

चित्रकारले विभिन्न किसिमका चित्रहरू बनाउँछन् । घटना, समस्या, भाव र उद्देश्यविनाको चित्र चित्रकारले नबनाउने उल्लेख गर्दै दर्शकलाई चित्रको भाव बताउन नचाहने चित्रकारलाई निबन्धकारले सामन्तवादीको संज्ञा दिएका छन् । विचार फरकफरक भए पनि श्रमिकको फाँटमा सबै चित्रकारहरू श्रमजीवी चित्रकार नै हुन् । प्रजातान्त्रिक मर्यादाका हिसाबले पाउनुपर्ने पेसागत हकहितका लागि कला एकेडेमीका लागि सबै एकजुट भएर पहल गर्नुपर्ने भण्डारीको विचार छ ।

वर्णनात्मक शैलीमा लेखिएको यस निबन्ध कला विषयमा केन्द्रित छ । कला एकेडेमी बनाउनका लागि सबै कला श्रमिकलाई एकजुट हुनुपर्छ भन्ने धारणा निबन्धमा मुख्य विचारको रूपमा उठाइउको छ । भण्डारीले भाव बताउन नचाहने सामन्ती संस्कार भएका चित्रकारप्रति तीखो व्यङ्ग्य गरेका छन् । यस निबन्धमा शब्दगत सरलता र भाषागत स्पष्टता पाइन्छ ।

#### ५.५.१.४ चित्रकलाप्रति श्रमनिष्ठता

यस निबन्धमा चित्रकारको विभिन्न अवस्था र क्रियाकलापको चर्चा गरिएको छ । चित्रकलाबाट कसैले असङ्ख्य धनआर्जन गरेको र कसैलाई खान नपुगेको स्थितिको वर्णन छ । चित्रकारका चित्र कुन बेला काम लाग्ने हो थाहा हुँदैन । चित्रकारका जीवनभरि उपेक्षित चित्रले मरेपछि मात्र कदर पाउने यथार्थतालाई यसमा प्रस्तुत गरिएको छ । यसमा चित्रकारले उपयोग गरेको चित्रको मूल्य, पाउने कदर र उसले गरेको कार्यको श्रम मिल्दोजुल्दो हुनुपर्छ भन्ने धारणालाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

विवरणात्मक शैलीमा प्रस्तुत गरिएको यस निबन्धमा कलाबाट कसैले धन आर्जन गर्न सकेको र कसैले नसकेको विचार मुख्य रूपले प्रस्तुत गरिएको छ । पाठकले पढ्दा अप्ठ्यारो महसुस नगर्ने सरल शब्द र भाषाको प्रयोग यसमा गरिएको छ ।

#### ५.५.१.५ ललितकला एकेडेमीको आवश्यकता

नेपालको ललितकलाको इतिहास केलाउँदै वि.सं. १९९८ मा जुद्धकला पाठशाला स्थापना, वि.सं. २००२ मा कलासंस्था (नाफा) को स्थापना, वि.सं. २०२७ मा ललितकला क्याम्पसको स्थापना र वि.सं. २०३३ मा (नाफा) कलासंस्थालाई सहित्य

एकेडेमीमा गाभेको कुरा यस निबन्धमा उल्लेख गरिएको छ । ललितकला एकेडेमी नभएसम्म कला क्षेत्रको प्रगति नहुने भण्डारीको विचार छ ।

विवरणात्मक शैलीमा प्रस्तुत गरिएको यस निबन्धमा कलासंस्था स्थापनाको समयलाई उल्लेख गरिएको छ । यस निबन्धमा कला एकेडेमीबाट मात्र कलाक्षेत्रको विकास हुने विचार व्यक्त गरिएको छ । तत्सम र आगन्तुक स्रोतका शब्दको केही प्रयोग गरिएको यस निबन्धमा तद्भव स्रोतका शब्दको अधिक प्रयोग भएको छ । साधारण पाठकले पढ्न सक्ने सरल भाषाशैली छ ।

### ५.५.१.६ कला र सङ्गीतको छुट्टाछुट्टै एकेडेमी पाइने भो

यस निबन्धमा निबन्धकार भण्डारी कला र सङ्गीतको छुट्टाछुट्टै एकेडेमीका लागि गरेका पहल र सफल हुन लागेको स्थितिको चर्चा गरेका छन् । साहित्य एकेडेमी वि.सं. २०१४ मा खुलेको विषयलाई प्रेरणाको रूपमा लिएर कला र सङ्गीतप्रेमी साथीहरूलाई मिलेर एकेडेमीको पहल गर्न निबन्धकारले आग्रह गरेका छन् । वि.सं. २०३६ मा तीनवटा एकेडेमीको मागअनुसार विज्ञान एकेडेमी वि.सं. २०३९ मा खुलेकामा निबन्धकारले खुसी व्यक्त गरेका छन् । यसमा कला र सङ्गीतको एकेडेमीको लागि सरकारले दिएको आस्वासनबाट निबन्धकार आशावादी भएको कुरा व्यक्त गरिएको छ ।

एकेडेमीलाई मुख्य विषय बनाएर लेखिएको यो निबन्ध विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसमा प्रथम पुरुष शैली प्रयोग गरिएको छ । प्रायः सरल शब्दको प्रयोग गरिएको यस निबन्धमा वाक्यगत व्याकरणिक विचलन भने ठाउँठाउँमा रहेको देखिन्छ ।

### ५.५.१.७ कला प्रज्ञाप्रतिष्ठान प्राप्तिको प्रयत्नमा

साहित्यभन्दा धेरै अगाडि विकसित भएको कलालाई समाजबाट छुट्याउन सकिंदैन । कलाले सधैं जनताको हितमा, श्रमिकको हितमा कार्य गर्दछ । प्रतिस्पर्धाको युगमा नेपाली कलालाई विकास गर्न कलाको प्रज्ञाप्रतिष्ठान चाहिन्छ भन्ने धारणा यस निबन्धमा प्रकट गरिएको छ । वि.सं. २०३६ देखि सङ्गठित भएर प्रज्ञाप्रतिष्ठान माग भएको अवस्थामा वि.सं. २०५२ मा कलाको छुट्टै प्रज्ञाप्रतिष्ठान दिने सरकारको आस्वासनबाट कलाकारमा आशाको किरण छाएको भाव यस निबन्धमा व्यक्त गरिएको छ ।

यस निबन्धमा कलाको एकेडेमी प्राप्त गर्ने प्रयास मुख्य विषय बनेको छ । विवरणात्मक शैलीमा लेखिएको यस निबन्धमा भाषिक क्लिष्टता पाइँदैन ।

### ५.५.१.८ कला बौद्धिकविलास होइन

कलाकार समाज निरपेक्ष रहेर बस्न सक्दैन । उसलाई कलाकार बन्नका लागि मानवोचित सबै किसिमका सामाजिक व्यवहार आवश्यक हुन्छ । कलाकार समाजमा वर्ग निरपेक्ष रहेर बस्न नसक्ने, वर्ग निरपेक्ष भएर बसेको कलाकारको अस्तित्व नहुने कुरा यस निबन्धमा उल्लेख गरिएको छ । कलाकारले रचना गरेका कलाले समाजमा रहेको मूल्यमान्यतालाई प्रतिबिम्बित गरेको हुनुपर्छ र शासकले पनि कलाकारको उचित मूल्याङ्कन गर्नुपर्ने धारणा निबन्धकारको रहेको छ । कलाकारले तानाशाही युगमा पनि टिकेर स्वतन्त्र कलाकारिता गर्न पाउनुपर्दछ । वास्तवमा कला कसैको विलासको साधनमात्र नभएर समाजमा रहेको विकृति र विसङ्गतिका विरुद्ध लड्न सक्ने आँट भर्न सक्दछ भन्ने निबन्धकारको विचार यस निबन्धमा प्रस्तुत गरिएको छ ।

यस निबन्धमा कलाको महत्व देखाउँदै कलालाई बौद्धिक विलासमात्र नभएर समाजका विकृति र विसङ्गति विरुद्ध लड्न आवाज उठाउने साधन हो भन्ने वैचारिक सन्देश दिइएको छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा भाषागत क्लिष्टता पाइँदैन ।

### ५.५.१.९ आब्स्ट्रयाक्ट आर्ट वा अमूर्त चित्रकला शैली सीप र श्रोत

अमूर्त चित्रकला नेपालमा विदेशबाट आयातित भएको हो । यसको प्रयोग भएको तीन दशक भए पनि जनताको माझमा लोकप्रिय बन्न सकेको छैन । यस निबन्धमा चित्र प्रदर्शनीमा जाँदा चित्र नबुझिकन नै प्रशंसा गर्ने सामन्ती संस्कारको विरोध गरिएको छ । बाहिरबाट हेर्दा अमूर्तचित्र नयाँ सोच र आधुनिक मानिने तर गहिरिएर विचार गर्दा त्यस्ता चित्रले जनताको मन छुन नसक्ने विचार यस निबन्धमा प्रकट गरिएको छ । यस निबन्धमा चित्र सिर्जना गर्ने चित्रकारले चित्रको भाव बुझाउन नसक्ने अमूर्तवादी चित्रकारप्रति व्यङ्ग्य प्रकट गरिएको छ । अमूर्त कला प्रदर्शनले कला क्षेत्रलाई नै क्षति पुऱ्याउने औंल्याउँदै अमूर्त चित्रकला बढ्दै गएमा कलामा नै नकरात्मक असर पुग्ने विचार निबन्धकारमा रहेको छ । अमूर्त चित्रकारलाई जनताको भाव बुझाउन जनताको चेतना वृद्धि गर्ने चित्र रचना गरी कला क्षेत्रको उन्नति गर्न निबन्धकारले यस निबन्धमा आग्रह गरेका छन् ।

वर्णनात्मक शैलीमा लेखिएको यस कलापरक निबन्धमा अमूर्त चित्रको विरोध र मूर्त चित्रनिर्माण गर्नुपर्ने स्पष्ट विचार व्यक्त गरिएको छ । सरल शब्दको प्रयोग गरिएको यस निबन्धमा कतैकतै अङ्ग्रेजी शब्द, आब्स्ट्रयाक्ट, आर्ट जस्ता आगन्तुक स्रोतका शब्दको प्रयोग गरिएको छ भने तद्भव स्रोतका शब्दका बाहुल्यता रहेको छ ।

### **५.५.१.१० आदिम कलाको जगमा नै सामन्तवादी कलाले तला थप्दै गजुर हालेको हो**

आदिम कालदेखि नै सामन्तवादी वर्गसत्ताले कलालाई प्रयोग गरेको छ । युरोपमा प्रजातन्त्रको उदयपछि कला जनताको माझमा पदार्पण गरेको हो । दोस्रो विश्वयुद्धपछि मात्र कलामा जनपक्षीय कलाको तला थपिएको हो भन्ने भण्डारीको विचार छ ।[४८] सामन्त वर्गहरूले आफ्नो वर्ग स्वार्थका लागि भए पनि कलाको विकास गरेका छन् । यिनीहरू जनपक्षीय कलाकारका नजिक हुन चाहँदैनन् र डराउँछन् । यिनीहरूको दास मनोवृत्ति हटाउन सकेमा जनपक्षीय कलाकारका असल साथी हुने विचार यस निबन्धमा व्यक्त गरिएको छ । यस निबन्धमा शोषितपीडित सामन्तवादी कलाकारलाई जनपक्षीय कलाकारमा मिलाउन खोजिएको पाइन्छ । सामन्ती कलासंस्कृतिलाई चिनेर नौलो जनवादी कला संस्कृतिको स्थापना गर्नु जनपक्षीय कलाकारको कार्य हो । समाजवादी र साम्यवादी कला संस्कृतिको विकास गर्न जनताको चाहनाअनुसार नै कलासंस्कृतिको निर्माण गर्नुपर्ने धारणा यस निबन्धमा व्यक्त गरिएको छ ।

वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा सामन्तवादी संस्कारमा हुर्केको कलालाई जनपक्षीय कलालाई छुट्टै बनाउन नसकिने र पुरानै जगमा जनपक्षीय कलाको तला थपिने विचार मुख्य विषय भएर आएको छ र शीर्षक नै मुख्य कथ्य विषयसँग सम्बन्धित भएर प्रस्तुत भएको छ ।

### **५.५.१.११ मान्छेका लागि ललितकला अध्ययन अनिवार्य**

चित्रकला मानिसको लागि हेर्न, बुझ्न, सोच्न र अध्ययनका लागि उपयोगी कला हो । रूप, रेखा र रङको संयोजनबाट बनेका चित्रहरू हेर्नाले मानिसको मनमस्तिष्क सक्रिय, चलायमान र सृजनशील हुन्छ । मानिसको दैनिक कार्य जस्तै कलालाई अनिवार्य अध्ययनको एक अङ्ग बनाउनुपर्ने धारणा यस निबन्धमा प्रकट भएको छ । यस निबन्धमा ललितकलाको अध्ययनले व्यक्ति आफू सिँगारिने र घर,

---

[४८] निनु चापागाई, **उत्तरआधुनिकता : भ्रम र वास्तविकता** (काठमाडौं : सहस्राब्दी प्रकाशन प्रा.लि., २०६१) पृ. ६० ।

समाज, देश, संसार नै सिँगारिने चर्चा गर्दै चित्रबाट शारीरिक र मानसिक विकास हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । मृत्युपछि पुग्ने स्वर्गलाई भन्दा कलाद्वारा सिँगारिएको पृथ्वी नै स्वर्ग हुने धारणा यस निबन्धमा प्रकट गरिएको छ । कलाको अध्ययनबाट मानवको मानवोचित गुणको विकासका साथै अहिलेको विश्वमा पनि परिवर्तन ल्याउने भण्डारीको मान्यता रहेको छ ।

कलाको वर्णन गरी लेखिएको यो निबन्ध वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ । छोटो आकारको यस निबन्धमा हुनेछ, सक्नेछ, रहनेछ जस्ता अभूत कालको प्रयोग गरिएको छ । कला अध्ययन मानिसको लागि अनिवार्य छ भन्ने मुख्य विचार यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### **५.५.१.१२ ढुङ्गाको मूर्तिकला संरक्षण कसरी ?**

ढुङ्गाको मूर्ति निर्माण गर्ने परम्परा आदिम कालदेखि नै चल्दै आएको हो । मूर्ति नेपालीको मन, वचन र कर्मले पूजनीय रहेको छ । निर्माण गरिएका मूर्तिमा श्रमिकको श्रमको मूल्य ठूलो रहेको हुन्छ । यसलाई संरक्षण कसरी गर्नेबारे निबन्धकारले चासो देखाएका छन् । पूजाको नाममा रङ्, अबीर, पैसा आदिको अव्यवस्थित रूपमा प्रयोग, मूर्तिमा काम गर्नेको हेलचक्रयाँइबाट नै मूर्तिको नास हुने मुख्य कारण बनेको छ । यसलाई संरक्षण गर्न रङ्, अबीर र पैसा चढाउने उचित व्यवस्था गर्ने, मूर्तिमा काम गर्नेले हिफाजनका गर्ने, घाम र पानीबाट जोगाउन पालको व्यवस्था गर्ने, मूर्तिमा घिउ घसिदिने र पुराना भइसकेका मूर्तिको पुननिर्माण गर्नुपर्ने भण्डारीको मत व्यक्त भएको छ । निबन्धकारले मूर्ति संरक्षण गर्न गुठी संस्था, पुरातत्व विभाग र स्थानीय वासिन्दाले पहल गर्नुपर्ने कुरा यस निबन्धमा राखेका छन् ।

यस निबन्धमा ढुङ्गाको मूर्ति संरक्षण गर्ने उपायलाई विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । सामन्ती स्वार्थलाई प्रतिनिधित्व गरे पनि पुराना मूर्तिको संरक्षण गर्नुपर्ने यस निबन्धको मुख्य विचार पक्ष हो ।

### **५.५.१.१३ जनतालाई अमूर्त चित्रकलाको आवश्यकता छैन**

यस निबन्धमा मूर्त चित्रकला भावरहित हुने कुरा बताइएको छ । अमूर्त चित्रकला सम्पादकले आँखा चिम्लेर सम्पादन गरिदिने, दर्शक आफू मुर्ख हुने डरले चित्रको भाव नसोध्ने जस्ता कुराले अमूर्त चित्रकलालाई प्रश्रय दिएको छ । कला देशनिर्माणको एउटा पक्ष भएको बताउँदै यस निबन्धमा मूर्त कलाले जनतामा

सकारात्मक प्रभाव पार्ने भाव उल्लेख गरिएको छ । यस निबन्धमा जनपक्षीय कलाकारहरूलाई मूर्त चित्र सिर्जना गर्न आग्रह गर्दै चित्रमा समाजका कुरा प्रतिबिम्बन गर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यस निबन्ध चित्रकलाको विषयमा चर्चा गरिएको छ । चित्रलाई जनपक्षीय बनाउन मूर्त चित्रको सिर्जना गर्नुपर्ने धारणा नै प्रमुख विचारपक्ष भएर आएको छ । भाषागत सरलता र स्पष्टता साथै व्याकरणिक चिह्नको प्रयोग उचित रूपमा गरिएको छ ।

**५.५.१.१४ वीर गणेशमान जिन्दावाद**

यस निबन्धमा भण्डारीको आत्मसंस्मरण छ । निबन्धमा वि.सं. २००८, २०१७, २०४७ मा पटकपटक गणेशमानसँगको भेट, उनले भण्डारीप्रति गरेको व्यवहार र उनीबाट पाएको स्यावासीले भण्डारीको कलामा उर्जा थपेको जनाइएको छ । गणेशमानले वि.सं. २००८ मा भण्डारीको कलाबाट प्रभावित भई उनलाई कलासम्बन्धी अध्ययनको लागि विदेश जान प्रस्ताव गरेका कुरा पनि यसमा व्यक्त छ । त्यसबेलाका शिक्षामन्त्री तथा अन्य व्यक्तिले त्यति चासो नदेखाएपछि उनी सरकारी कोटाबाट विदेश जान पाएनन् । उनले व्यक्तिगत पैसा खर्च गरेर भए पनि भारतको मसुरी गई कलासम्बन्धी अध्ययन गरे । निबन्धकार भण्डारीले गणेशमानलाई मूर्त कलाको पक्षपातीका रूपमा रहेको र अमूर्तता विरोधी व्यक्तिको रूपमा वर्णन गरेको पनि यसमा चर्चा छ । यस निबन्धमा गणेशमानले कलाक्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै उनीसँग निबन्धकारको भेटलाई प्रस्तुत गरिएको छ ।

यसमा भण्डारीको आत्मसंस्मरण छ । भण्डारीसँग विगतका दिनमा भएको गणेशमानसँगको भेट र कलासम्बन्धी विचारलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । सरल भाषाको प्रयोग र व्याकरणिक चिह्नको उचित प्रयोगले यो संस्मरणात्मक रोचक वनेको छ ।

**५.५.१.१५ हास्यव्यङ्ग्यकला विधाको यो अवसर**

हास्यव्यङ्ग्य समाज नेपालको आयोजनामा आयोजित वि.सं. २०५५ श्रावण २३ गतेदेखि भाद्र १२ गतेसम्म भएको अन्तर्राष्ट्रियस्तरको कार्टुन प्रदर्शनको चर्चा यस निबन्धमा गरिएको छ । यस प्रदर्शनमा प्रदर्शित चित्रले नेपाल र संसारभरिकै राज्य

सत्ताले देश र जनताप्रति गरेको शोषणपूर्ण कार्यको भण्डारफोर गरेको छ ।[४९] निबन्धकार भण्डारीले यस्ता प्रदर्शनीको प्रशंसा गर्दै आउँदा दिनमा पनि यस्ता चित्र प्रदर्शनीमा बढी भन्दा बढी जनतालाई सहभागी गराउन पाइक पर्ने ठाउँमा आयोजन गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

चित्र प्रदर्शनीसम्बन्धी विषयमा प्रस्तुत यस निबन्ध वर्णनात्मक शैलीमा लेखिएको छ । कलाको विकास र उन्नतिका लागि बेलाबेलामा कलाप्रदर्शनी गर्नुपर्ने धारणा यस निबन्धमा दर्साइएको छ ।

### ५.५.१.१६ हास्यव्यङ्ग्य चित्रको महत्त्व बढ्दैछ

हास्यव्यङ्ग्य चित्रलेखन पहिलेदेखि प्रारम्भ भएको भए पनि नेपालमा वि.सं. २००७ बाट खुकुलो वातावरण भएको पाइन्छ । व्यङ्ग्यचित्रले राजनीतिमा देखिएको विकृति र विसङ्गतिलाई देखाउनका लागि यसले महत्वपूर्ण भूमिका खेलेको छ । व्यङ्ग्यचित्र जनताको आवाज हो तर केही उरन्ठेउला युवाले यसको दुरूपयोग गरेको विचार यस निबन्धमा व्यक्त गरिएको छ । विशेषगरी राजनीति, सामाजिक विकृति र विसङ्गतिका विरुद्ध हास्यव्यङ्ग्य निकै सोचघोचका साथ प्रस्तुत हुन्छ । नेपालमा कार्टुनचित्र आएको आधा शताब्दी भएको छ । तापनि अहिले यो निकै लोकप्रिय बनेको कुरा यस निबन्धमा उल्लेख गरिएको छ ।

कलासम्बन्धी विषयमा लेखिएको यस निबन्ध वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ । हास्यव्यङ्ग्यको बढ्दो प्रयोग निबन्धको विषय बनेको छ । हास्यव्यङ्ग्य चित्रले समाजका र राजनीतिका विसङ्गतिलाई व्यङ्ग्य गरेको कुरा यस निबन्धको मुख्य धारणा हो । सरल शब्द र सहज भाषा भए पनि तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दावलीको प्रयोग गरिएको छ ।

### ५.५.१.१७ सर्वसाधारण जनतालाई अमूर्त चित्रकलाको के आवश्यकता ?

चित्रकलाले खास लक्ष्यलाई पन्छाएर अमूर्त चित्र रचना गर्नुहुँदैन । अमूर्त चित्र मात्र नभएर साहित्यका विभिन्न विधा कविता, कथा, निबन्धमा अमूर्तताको आवश्यकता छैन । निबन्धकार पाठक वा दर्शकले बुझ्न नसकिने अमूर्त चित्र वा साहित्य कसका लागि भन्ने प्रश्न गर्न चाहन्छन् । आधुनिक र ठूला साहित्यकार वा कलाकार भनाउँदा व्यक्तिले अमूर्त कला रचना गरेको पाइन्छ । साधारण मानिसहरू

---

[४९] ऐजन, पृ. ७२ ।

उनीहरूलाई ठूलै मान्छे मान्दछन् । अमूर्त कला वा साहित्य भनेको वादसाहको लुगा जस्तो हो भन्दै उनीहरूको कला वा साहित्य जनताको मनभित्र पस्न नसक्ने धारणा निबन्धकारको रहेको छ । यस निबन्धमा आफूले मानसिक र शारीरिक श्रम गरेर रचेको जनपक्षीय चित्रकला हेर्दा सफा र छर्लङ्ग देखिने र बुझिने हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । प्रगतिशील साहित्यकारले ज्ञान, विवेकले भरिपूर्ण, मानवोचित साहित्यरचना पाठकसमुदायलाई दिन सफल भएजस्तै कलाले जनसमुदायलाई हरसमय चेतना उकास्ने खालको चित्र मूर्ति रचना हुनुपर्ने भण्डारीको विचार रहेको छ ।[५०]

यस निबन्धमा भण्डारीले अमूर्तताको विरोध वर्णनात्मक शैलीमा गरेका छन् । यसमा अमूर्त चित्रलाई सामन्तीहरूको कला मानिएको छ । यस निबन्धमा सरल शब्द, सहज भाषा, बोलचालको भाषा प्रयोग र व्याकरणिक चिह्नको उचित प्रयोग गरिएको छ । अमूर्त चित्रको विरोध र जनसाधारणले बुझ्ने मूर्त चित्रको रचना गर्ने आग्रह यस निबन्धको मूल विचार पक्ष हो ।

### ५.५.१.१८ कार्टुन (व्यङ्ग्यचित्र)को सङ्ग्रहालय बनोस्

निबन्धकार भण्डारी यस निबन्धमा कार्टुनको इतिहास कोट्याउँदै संसारमा कार्टुनलेखनको प्रारम्भ विन्दु खोजको विषय बनेको बताउँछन् । वि.सं. १९९७ मा कार्टुन चित्र बनाएवापत् जेल परेका चन्द्रमान मास्केलाई गुरु बनाएर उनले वि.सं. २००२ बाट कार्टुनचित्र बनाउन प्रारम्भ गरेको कुरा यस निबन्धमा उल्लेख गरिएको छ । उनले नेपाली संस्कृतिको वर्षायाममा हुने गाईजात्रे पर्व व्यङ्ग्यकारका लागि चाड मानेका छन् । एक दिन भए पनि शासकसत्ताले गरेको शोषण र दमनको आलोचनास्वरूप व्यङ्ग्य गर्न पाइने कुराको चर्चा गरिएको छ । शिक्षाको तल्लो तहदेखि नै कलाको शिक्षा दिनुपर्ने निबन्धकारको धारणा रहेको छ । ठूला राष्ट्रले साना राष्ट्रमा गरिने थिचोमिचो, शोषकले जनतामा गरिने शोषणविरुद्ध व्यङ्ग्यचित्र बोलिरहेको हुन्छ । देश र जनताको हितका लागि कार्टुनको सङ्ग्रहालय बन्नु नै आजको आवश्यकता भएको विचार यस निबन्धमा प्रकट गरिएको छ ।

वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा व्यङ्ग्यचित्रको सङ्ग्रहालय बन्नु कलाकारको लागि आवश्यक छ भन्ने कुराको उल्लेख गरिएको छ । यस निबन्धमा भाषा सरल छ । बसालियोस्, होओस्, चिनून, जानून् जस्ता अस्पष्ट आदरार्थी क्रियाको

---

[५०] ऐजन, पृ. ६१ ।

प्रयोग गरिएको छ । यस निबन्धमा कतैकतै आगन्तुक स्रोतका कार्टुन, ग्यालरीजस्ता शब्दको प्रयोग र धेरै मात्रा तत्सम र तद्भव स्रोतका शब्दहरूको प्रयोग गरिएको छ ।

### ५.५.१.१९ मूर्तिकलाले जनहित भावना लिएर उठन सक्छ

मूर्तिकलाको विकास प्राचीन कालदेखि नै विकसित हुँदै आएको छ । मूर्ति जनहित र जनभावनाको प्रतीक हो । यस्ता मूर्तिकलाको राम्रो संरक्षण गर्न सकेमा जनहितको भावना उठन सक्छ भन्ने निबन्धकारको धारणा रहेको छ । देश र जनताका अनेक समस्या लिएर समाधानको बाटो देखाउन सक्नु मूर्तिकला बनाउनु हो । मूर्तिकला बनाउने सन्दर्भमा श्रमिक जनताका बीचबाट समस्याका भावना खोज्नुपर्ने विचार यस निबन्धमा व्यक्त गरिएको छ ।[५१]

यस निबन्धमा धर्मदर्शनका कुरा भए पनि कलासम्बन्धी विचार नै प्रमुख हो । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा नेपाली जनमानसका बोलचालका भाषा प्रयोग गरिएको छ ।

### ५.५.१.२० रङ्गरङ्गका कलात्मक पातप्रतिभा समेटिने फेद फेला पारौं

साहित्यको प्रारम्भभन्दा अगाडि नै कलाको विकास भएको पाइन्छ । साहित्यभन्दा अग्रपङ्क्तिमा रहेको कलाको छुट्टै एकेडेमी नभएको चर्चा यसमा गरिएको छ । यस निबन्धमा एकेडेमी नभइकन कलाको विकास नहुने र कलाकारको उचित कदर नहुने विचार प्रकट गरिएको छ । एकेडेमी खुलेमा कसैको हानि नहुने बरु कला जगत् नै फस्टाउन सक्ने निबन्धकारको धारणा रहेको छ । कलाको एकेडेमीको आवश्यकता मुख्य विषय बनाइएको यस निबन्ध वर्णनात्मक शैली प्रस्तुत गरिएको छ ।

### ५.५.१.२१ समसामयिकताको प्रतिबिम्ब व्यङ्ग्यचित्र

व्यङ्ग्यचित्रले राजनीतिक घटनाक्रमलाई प्राथमिकता दिँदै व्यङ्ग्यात्मक ढङ्गले हिर्काएको हुन्छ । व्यङ्ग्यचित्रले पत्रिकामा आकर्षण थप्दै पाठकलाई रोचक बनाउँछ । नेपालमा वि.सं. १९९७ को राजनीतिक घटनाक्रमबाट सुरु भएको व्यङ्ग्यचित्र वि.सं. २००७ बाट विकसित हुने मौका पायो । पहिलेको व्यङ्ग्यमा आकर्षक झलक नपाइने आधुनिक समय कम्प्युटराइजड भएपछि कलाकारको खुबी झल्केको कुरा यसमा उल्लेख गरिएको छ । व्यङ्ग्यचित्र बनाउन दैनिक समाचारको अध्ययन हुनु आवश्यक देखिन्छ । विश्वइतिहासमा व्यङ्ग्य चित्रकार लियोनार्दो दा भिन्ची र माइकल एन्जेलोबाट सुरु भएको व्यङ्ग्यचित्रको महत्व अहिले अझ बढेको छ । यस निबन्धमा हाल नेपालमा व्यङ्ग्यचित्रको कदर भएको र योग्य तथा नयाँ प्रतिभाको आगमन

[५१] ऐजन, पृ. ५९ ।

भएको उल्लेख गरिएको छ । यस व्यङ्ग्य विधालाई वासुदेव विद्यादेव गुठी खुलेबाट राम्रो सहयोग भएको बताउँदै थप प्रगतिको आशा यस निबन्धमा प्रकट गरिएको छ ।

संरचनागत आयाम सानो, पठनमा सरलता र स्पष्ट बुझिने खालको यस निबन्धमा कलाक्षेत्रमा व्यङ्ग्यचित्रको महत्वका बारेमा लेखिएको छ । वस्तुपरक रूपमा लेखिएको यस निबन्ध वर्णनात्मक शैलीको प्रयोग भएको छ । यस निबन्धमा व्यङ्ग्यचित्रले समसामयिक परिस्थितिको प्रतिबिम्बन दिन सक्छ भन्ने विषय मूल विचार पक्ष हो ।

### ५.५.१.२२ नेपाली कलाको संरक्षण कसरी ?

नेपालमा विभिन्न कलाकारले बनाएका मूर्तिहरू र देवलहरू छन् । नेपालीहरूले यसलाई राम्रासँग संरक्षण गर्न सकेका छैनन् । नेपालमा केही देवलहरू जीर्णोद्धार भएका छन् भने अन्य देवलहरू जीर्णोद्धार हुन बाँकी रहेका छन् । यदि बेलैमा तिनीहरूको जीर्णोद्धार भएन भने ती कलाहरू सदाका लागि बिलाएर जान्छन् । यस निबन्धका पाटनको हिरण्यमय महाविहारको उदाहरण दिँदै हाम्रा बाजेबराजुले बनाएको मन्दिर हामीले संरक्षण गर्न नसक्नु लाजमर्दो कुरा हो भन्ने युक्ति सबैका लागि प्रेरणास्रोत भएको उल्लेख गरिएको छ ।

आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा कलाको संरक्षणबारे प्रकाश पारिएको छ । संरचनाको हिसाबले छोटो आकारको यस निबन्धमा भाषाशैली सहज र सरल छ ।

### ५.५.१.२३ ब्रिटिस कलाकार चित्रकला : नेपाली अनुवाद

विविध कलाले शोभायमान काठमाडौं सहर पर्यटकको केन्द्र भएको तथा ती कलाअवलोकनमा लागि पर्यटकबाट सिक्नुपर्ने पाठकका बारेमा रचनाकारले यसमा उल्लेख गरिएको छ । यो निबन्ध विभिन्न मूर्ति तथा दरबार बनाउने तिनै पुर्खाका सन्तान भएर पनि कलाका लागि विदेशमाथि भरपर्नुपर्ने स्थितिका बारेमा प्रकाश पारिएको छ । नेपालको कला अवलोकन गर्न बेलायतबाट नेपाल आएका ज्यान सल्टरले दुर्गम जिल्लामा बसेर लगनशील र धैर्यका साथ गरेको कामको चर्चा गरिएको छ ।

अङ्ग्रेजी शब्दको बाहुल्यता रहेको यस निबन्धमा आगन्तुक स्रोतका शब्दहरू प्रयोग गरिएका छ । यसमा कलासाधकका सन्तान भएर पनि हामी पुर्खाबाट लिन

नसकेका कुराहरू विदेशीबाट लिनुपर्ने स्थिति यस निबन्धको मुख्य विचार पक्ष बनेको छ ।

### ५.५.२ सामाजिक तथा संस्कृतिसम्बन्धी निबन्धहरू

कुलमानसिंह भण्डारीले समाजमा भएका घटना तथा राणासंस्कृतिका घटनालाई आधार बनाएर केही निबन्धात्मक रचनाहरू सिर्जना गरेका छन् । समाजका विसङ्गति, राणाकालका दमनहरू र राणाले गरेका क्रियाकलाप मुख्य घटना भएर आएका छन् । यी निबन्धहरूको सामान्य चर्चा यहाँ गरिएको छ ।

#### ५.५.२.१ भ्रष्टतत्त्वहरू चिनिराख्नुपर्छ भाग १ र २

परिवेश दैनिक पत्रिकाको दुई भागमा प्रकाशित यस निबन्धको मुख्य विषय मुर्दा गुठीसम्बन्धी रहेको छ । मुर्दागुठी सञ्चालनका क्रममा आएका अवरोध र सञ्चालन भइसकेपछि गुट र फुटको नीतिले समाजमा पारेको नकारात्मक प्रभावलाई मुख्य विषय बनाइएको छ । यस निबन्धको भाग १ मा गुठी सञ्चालन गर्ने क्रममा समाजका मानिसहरूसँग गरेका सङ्घर्षका साथै परिवारलाई समेत चित्त बुझाउनु परेका कुराहरू छन् । मुर्दा गुठी सञ्चालन गर्नु भनेको सबैको हितको लागि हो तर यस्ता कार्यहरू गर्दा समाजका मान्छेसँग गर्नुपर्ने आग्रह, अनुरोध र सञ्चालन भइसकेपछि कार्य सञ्चालनमा आएका अवरोधको चर्चा गरिएको छ । भाग दुईमा मुर्दा गुठीको सञ्चालन र नियमहरू दिइएको छ । मुर्दा गुठी सञ्चालन भइसकेपछि समाजका कुतत्वहरूले फुटाउने र जुटाउने, पदमा बस्दा पदको दुरूपयोग गर्ने जस्ता कार्य गरेका छन् । समाजमा यस्ता कुतत्वहरू भएसम्म गाउँमा सामाजिक सङ्घर्षहरू भइरहन सक्छन् । यस्ता तत्वहरूको विरुद्ध सचेत र सजग भई अघि बढ्नुपर्दछ भन्ने सन्देश निबन्धकारले यस निबन्धमा दिएका छन् ।

सामाजिक विषयमा केन्द्रित रहेर लेखिएको यस निबन्धमा सामाजिक समस्यालाई कथात्मक ढाँचाबाट प्रस्तुत गरिएको छ । समाजका भ्रष्ट व्यक्तिहरूलाई चिनेर त्यसप्रति सजक हुनु यस निबन्ध प्रमुख चिन्तन पक्ष हो । यसमा भाषागत सरलता र अभिव्यक्तिगत सहजता पाइन्छ ।

#### ५.५.२.२ १९९० सालको राजनीतिक सुरक्षा कस्तो थियो ?

यस निबन्धमा १९९० सालको एउटा घटना लिएर राणाकालीन सुरक्षा व्यवस्था देखाइएको छ । राणाहरूको आदेशविना कोही पनि हिंडडुल गर्न र राजनीतिक

व्यक्तिलाई भेट्न पाइँदैन । राणाको अत्यन्त कडा नियम भएको र उनीहरू विरुद्ध कोही पनि बोल्न नसक्ने अवस्थाको चित्रमा यसमा गरिएको छ । भाषा सरल र केही राणाकालीन दरवारमा प्रयोग हुने शब्दहरू पाले, अफिसर, आठ पहरेदार, रमन, पिकेटिङ आदि छन् । घटना कथात्मक प्रस्तुति छ र वर्णनात्मक शैलीमा यस निबन्ध प्रस्तुत गरिएको छ ।

**५.५.२.३ उनीहरूले वकुल्लालाई हाँस भने !**

यस निबन्धमा राणा शासनको हुकुमी शासन र सही कुरालाई सही भन्न नपाइने अवस्थाको वर्णन छ । यसमा उनीहरूले गल्ती भने पनि त्यसलाई सही नै मान्नुपर्ने, सही नै भन्नुपर्ने एकतन्त्री राणाशासनको हैकमको यथार्थमय चित्र छ । सही कुरा बोल्दा स्याबास् र धन्यवाद् पाउनुपर्ने ठाउँमा उसैलाई गाली गरेर, कस्तो जिद्दी रहेछ भनेर हप्काइ खानुपर्नेस्थिति यस निबन्ध देखाइएको छ । यसबाट राणाहरूको जनताप्रतिको व्यवहार र उनीहरूको आफूलाई कुन ठाउँमा राख्दथे भन्ने कुरा प्रष्ट हुन्छ ।

यो निबन्ध चार अनुच्छेदमा संरचित सानो आकारको छ । पहिलो अनुच्छेदमा भूमिका र अन्तिम अनुच्छेदमा उनका बुवाले भनेको घटना हो भन्ने कुरा जनाइएको छ । निबन्धको मूल विषय दुई अनुच्छेदमा रहेको छ । सरल भाषाको प्रयोग, आश्चर्यबोधकचिह्न जस्ता व्याकरणिक नियममा ख्याल दिएका छन् भने कतैकतै वाक्य संरचनामा व्याकरणिक विचलन पाइन्छ । कथात्मक घटना लिएर लेखिएको यस निबन्धले राणाकालको सांस्कृतिक पहिचान बोकेको छ ।

**५.५.२.४ श्री ३ चन्द्रशमशेरको फायरिङ !**

यस निबन्धमा राणाकालीन समयमा सेनाको यथार्थ चित्रण गरिएको छ । राणाकालका मध्यरात मानिने चन्द्रशमशेरको सेनाको अवस्था र सञ्चालन प्रक्रिया देखाइएको छ । यस निबन्ध रातको समयमा नगरकोटको डाँडामा तोप बन्दुक पड्काई र चम्काईबाट सेनाको कार्य सुरु भएको छ । यसमा सेनाको कार्यक्रम, तौरतरिका देखाउँदै राणाकालीन सैनिक फौजको वर्णन गरिएको छ । सेनाले रिसल्लालाई घेरा हाली चन्द्रशमशेरसँग पुऱ्याएको र पछि चन्द्रशमशेरको आदेशमा फर्काइएको छ ।

एउटा घटनालाई लिएर लेखिएको यस निबन्धमा त्यसबेलाको सेनाको यथार्थमय चित्रण वर्णनात्मक शैलीद्वारा प्रस्तुत गरिएको छ । यस निबन्धमा फायरिङ,

रिसल्ला, पोजिसन, आदेश, कमान्ड, हल्ट, मार्च जस्ता सैनिकी शब्दहरू प्रयोग गरिएको छ ।

### ५.५.२.५ बाघको खोरमा मान्छे हाल्ने भनियो

यस निबन्धमा राणाकालीन शासन र तिनीहरूको प्रवृत्तिलाई देखाइएको छ । निबन्धअनुसार इ.सं. १९१७ मा तत्कालीन रुसमा जारशाहीको हातमा हुकुमी शासन गरिब वर्गले खोसेर लिएको घटनाबाट राणा प्रधानमन्त्री चन्द्रशमशेर मर्माहत हुन्छन् । उनको कुटिल चालअनुसार बाघको खोरमा अपराधी मान्छे हाल्ने हल्ला फिजाउँछन् । यस घटनालाई हेर्न सर्वसाधारण जनताको भीड लागेको बखत लाठीधारी समूहलाई आदेश दिन्छन् र जनतामाथि लाठी बज्रन्छ । यसबाट जनताले तमासा हेर्न जान हुँदैन भन्ने ज्ञान पाउँछन् । शोषक राणाशासकहरू आफ्नो सत्ता टिकाउन जस्तोसुकै खराब र दमनपूर्ण कार्य गर्न पछि पर्दैनन् । उनीहरूको शक्ति भनेको दमन हो । संसारमा भएका घटनाबाट जनतामा चेतना आई आफ्नो सत्ता जान्छ भन्ने आशङ्का स्वरूप परीक्षण गर्न यो घटना घटाएको तथ्य यस निबन्धमा देखाइएको छ ।

राणाशासनको पहिचान बोकेको यस निबन्धलाई भण्डारी कथात्मक सूत्रमा प्रस्तुत गरेका छन् । संरचनाका हिसाबले सानो आकारको निबन्ध छ । भाषागत जटिलता यसमा पाइँदैन । जनतामाथि शोषक शासकहरूले गर्ने दमनपूर्ण व्यवहारलाई देखाइएको छ ।

### ५.५.२.६ त्यो बन्दुक किन पड्क्यो ?

यस निबन्धमा चन्द्रशमशेरको नियत र कार्यलाई देखाइएको छ । राणा शासकहरू आफ्ना अनैतिक कुकर्मलाई बचाउन कर्तव्यशील बिजुली गारद पल्टनको गठन गरेको पाइन्छ । राणाशासकले यस पल्टनलाई परीक्षण गरेका कुरा यस निबन्धमा देखाइएको छ । यस निबन्धमा बिजुली गारद पल्टनको जिम्मेवारीपूर्ण कार्यको वर्णन गरिएको छ । प्रस्तुतिमा कथात्मक र शैलीमा वर्णनात्मक यस निबन्धको मुख्य विशेषता हो । राणाशासनको चालबाजी देखाउनु यस निबन्धको मुख्य विषय हो । यस निबन्धको भाषा र अभिव्यक्तिमा सरलता र सहजता पाइन्छ ।

### ५.५.३ विचारप्रधान निबन्धहरू

कुलमाानसिंह भण्डारीका प्रायः सबैजसो निबन्ध, लेख र चित्रहरू विचारप्रधान हुन्छन् । विचारलाई नै मुख्य विषय बनाइएका निबन्धहरूको अध्ययन यहाँ गरिएको छ ।

### ५.५.३.१ चित्रकलामा अध्यात्मवादभित्र वर्गीय प्रभाव

अध्यात्मवाद सामन्तवादको छत्रछायाँमा संरचित र संबर्द्धित हुन्छ । कलालाई पनि सामन्तले संरक्षण गरेको छ । सामन्तले संरक्षण गरे पनि कला सधैं श्रमिक वर्गको पक्षमा हुन्छ । कलात्मक मूर्तिहरू अध्यात्मवादी भए पनि कलाको संरक्षण समाजवादी व्यवस्थाले गर्छ । श्रमिक जनतालाई अध्यात्मवादको लालचा देखाई सामन्तहरूले शोषण गर्नेतर्फ समाजवादीहरू चनाखो हुनुपर्ने निबन्धकारको धारणा रहेको छ । देश र जनताका लागि क्रान्तिको खाँचो पर्दा श्रमिक जनताको मूल्य बढी हुन्छ । त्यसैगरी श्रमिक वर्गलाई कला, सङ्गीत र साहित्यमा प्रोत्साहन गर्नुपर्दछ भन्ने निबन्धकारको विचार यस निबन्धमा व्यक्त गरिएको छ ।

यस निबन्धमा अध्यात्मवादभित्रबाट नै सामन्तवादको उदय भएको हो भन्ने कुराको उल्लेख गरिएको छ । यसरी अध्यात्मवादभित्र नै वर्गीय प्रभाव भएको धारणा निबन्धकारको रहेको छ । सामाजिक तथा राष्ट्रिय विषयमा लेखिएको यस निबन्धमा विचारको प्रधानता र प्रस्तुतिमा वर्णनात्मकता छ । उनको यस निबन्धमा भाषागत सहजता भेटिन्छ ।

### ५.५.३.२ देश जनताको समस्या र समाधान चित्रकलामा उतार्नु छ

चित्रकलाको सुरुवात आदिम कालदेखि नै भएको हो । विश्वको इतिहासमा पहिले सामन्तले शासन गरे, त्यसपछि प्रजातन्त्र आयो, अझपछि साम्यवादी शासन आउँछ । त्यहाँ नै जनताको आवाज बुलन्द हुन्छ भन्ने निबन्धकारको धारणा रहेको छ । संसारमा गरिब धेरै र धनी निकै कम छन् । तापनि धनी सामन्तवर्गले श्रमिक वर्गमाथि शोषण गरिराखेका छन् । यस समयमा चित्रकार आफ्नो चित्रमा देशहित र जनहितको लक्ष्यमा केन्द्रित भई श्रमिक वर्गको आवाज चित्रमा उतार्नुपर्छ भन्ने भण्डारीको विचार यस निबन्धमा व्यक्त गरिएको छ ।

वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा सच्चा जनहितको काम गर्न श्रमिकको आवाज चित्रमा उतार्नुपर्छ भन्ने भाव प्रकट गरिएको छ । जनताको हक

अधिकार पाउने राजनीतिक व्यवस्था भनेको साम्यवाद हो भन्ने विचार यस निबन्धमा व्यक्त गरिएको छ। सरल शब्द र सहज अभिव्यक्तिले यस निबन्ध रोचक बनेको छ।

### ५.५.३.३ कलाकारहरू अझै दासताबाट मुक्त हुन सकेका छैनन्

अध्यात्मवादको जरोबाट मलजल पाएर हुर्किएको सामन्तवादले कला र कलाकारलाई आफ्नो नियन्त्रणमा लिएका छन् । उनीहरूले श्रमिक वर्गलाई दासको व्यवहार गरेको आरोप निबन्धकारको रहेको छ । सामन्तले श्रमिकलाई लदाएर अन्न आफूले लिने त्यस्तै कलाकारलाई विचारले दबाएर भए पनि आफ्नो पक्षमा रचना गर्न लगाउने र पेट पाल्नका लागि सर्जकहरू पनि सामन्तका बारेमा लेख्न बाध्य हुने कुरा यस निबन्धमा उल्लेख गरिएको छ । कलाको प्रभाव जनतामा छिटो पर्ने हुँदा सामन्तको विरुद्धमा र शोषित, उत्पीडित जनताका पक्षमा रचना गर्न चित्रकारलाई निबन्धकारको आग्रह रहेको छ । सामन्तवादको अमूर्त कलाको विरुद्ध जनकलाकारले सरल, मूर्त र जनवादी कलाको सिर्जना गर्नुपर्ने विचार यस निबन्धमा प्रकट गरिएको छ ।

सामन्तको शोषणका विरुद्ध र श्रमिक कलाकारको पक्षमा लेखिएको विचारप्रधान निबन्ध हो । यसको लेखनशैली वर्णनात्मक छ । पाठकलाई बुझ्न अप्ठ्यारो नपर्ने भाषा प्रयोग गरिएको छ ।

### ५.५.४ संस्मरणसम्बन्धी निबन्धहरू

कुलमानसिंह भण्डारीको संस्मरणसम्बन्धी रचनाहरूको पुस्तकाकार कृतिको प्रकाशन भइसकेको छ । फुटकर रचनामा उनका दुईवटा संस्मरणात्मक निबन्ध प्रकाशित भएका छन् । ती निबन्धहरूको सामान्य अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

### ५.५.४.१ सार्वजनिक पोखरी मिच्न दिइन

कुलमानसिंह भण्डारीले आफ्नो बुबाको सामाजिक कार्यप्रतिको अग्रसरता र त्यस कार्यमा उनले गरेको सहयोगको स्मरण यस निबन्धमा गरेका छन् । सामाजिक सम्पत्तिको दुरूपयोग गर्ने त्यसबेलाको सामाजिक तथा राजनीतिक अवस्था, प्रधानपञ्च भनाउँदा नेताले गरेको कुकार्यलाई यस निबन्धमा देखाइएको छ । समाजमा डर, धम्की देखाएर सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने दुष्चरित्रको पर्दाफास गरिएको छ । यस निबन्धमा सार्वजनिक पोखरीको जग्गामा घर बनाउन लगाएर आर्थिक फाइदा लिन खोज्ने प्रधानपञ्चविरुद्धमा उजुरी दिएर यस कार्यलाई रोकेको स्मरण निबन्धकारको छ ।

आत्मपरक शैलीमा लेखिएको यस निबनधमा प्रथम पुरुषात्मक अभिव्यक्ति रहेको छ । यसमा बोलीचालीको भाषा बढी मात्रामा प्रयोग गरिएको छ । भण्डारीको सामाजिक सेवाको भावना देश र सार्वजनिक संस्थाप्रतिको प्रेमभाव यस निबन्धमा प्रकट भएको छ ।

### ५.५.४.२ कालीपाटीमा खाडल पैल्यायौँ

यस संस्मरणात्मक निबन्धमा निबन्धकार भण्डारीको किशोरावस्था हुँदा आफ्ना बुबा यकबहादुरसँग गरेको कृषिसम्बन्धी कार्यको स्मरण गरिएको छ । तत्कालीन कृषकहरूको कृषि पेसाप्रतिको लगाव, अन्न बढी उत्पादन गर्न अबलम्बन गर्ने उपायको चर्चा यसमा गरिएको छ । यसमा काठमाडौं उपत्यकामा मलको रूपमा प्रयोग गर्ने कालीमाटी तथा कालीमाटी निकाल्न मोल्नुपर्ने खतरालाई उल्लेख गरिएको छ । यस निबन्धमा भण्डारीले खाडलको साइज, आकार, गहिराई, पत्रपत्रमा आउने माटाको रङ्रूप, कालीमाटी आइसकेपछि यसलाई निकाल्ने तरिका र सम्पूर्ण काममा लाग्ने श्रमिकको सङ्ख्याको पूरै व्याख्या गरेका छन् ।

यसरी कृषि विषयलाई मूल विषय बनाएर लेखेको यस संस्मरणात्मक निबन्धमा भण्डारीले कालीमाटीको सन्दर्भलाई जोडेर काठमाडौं उपत्यकाको भौगोलिक ऐतिहासिक पक्षलाई समेत प्रस्तुत गरिएको छ । दुई पृष्ठको आयाममा रहेको यस निबन्धमा भूत र वर्तमानकालिक क्रियाको प्रयोगमा संरचनात्मक दृष्टिले कमजोर देखिन्छ । विगतको स्मरणमा लेखिएको यस रचनामा भण्डारीले मूलतः उनका आफ्ना र पितापुर्खाको कृषक जीवनको पाटोलाई उल्लेख गरेका छन् ।

### ५.५.५ विविध विषयका निबन्धहरू

### ५.५.५.१ स्वचालित तान आविष्कारकको अपमान !

यस निबन्धमा घरेलु विभागमा काम गर्ने श्यामगोपाल श्रेष्ठप्रति प्रशासनिक ओहदामा बसेको व्यक्तिले मानवताविपरीत गरेको कार्यबाट उसको मृत्यु भएको दुःखद् स्थिति देखाइएको छ । उनी अर्धस्वचालित कपडा बुन्ने तानका निर्माता हुन् । उनले धेरै वर्ष घरेलुमा जागिर खाए । चाप्लुसी, चाकडी गर्न नजान्ने तर योग्य व्यक्ति भए पनि उनको प्रमोसन भएन । रोगले ग्रस्त भएका अवस्थामा उनलाई दुर्गम जिल्ला इलाममा सरुवा गरिन्छ र श्यामगोपाल श्रेष्ठजस्ता योग्य कर्मचारी मृत्यु त्यहीँ गएर हुन्छ ।

यस निबन्धमा प्रशासनमा देखिएको व्यक्तिवादी प्रवृत्ति र एउटा कर्मठ कर्मचारीको अपमानलाई निबन्धकारले प्रस्तुत गरेका छन् । प्रशासनिक यन्त्रको गैर-जिम्मेवारीपूर्ण कार्यले एउटा योग्य कर्मचारीको संरक्षणविना दुःखद् निधन भएको कुरा मुख्य विषय बनेको छ । भाषाको स्पष्ट अभिव्यक्ति यस निबन्धमा पाइन्छ ।

### ५.५.५.२ फेरि मन परेको संसद चुन्न पाइने भो

यस निबन्धमा नेपालको राजनीतिक अवस्थाको चित्रण गरिएको छ । नेताहरू, सांसदहरू चुनावमा उमेदवार हुँदा घरमा आई नम्रतापूर्वका बोल्ने, नमस्कार गर्ने र जितिसकेपछि कुनै कामका लागि नेतालाई भेट्न जाँदा टाउको उता फर्काउने यथार्थता यस निबन्धमा प्रकट गरिएको छ । नम्र बोली बनाउने नेताले चुनावी समयमा विकासको भेल नै ल्याइदिने मौखिक आस्वासन, चुनावी घोषणापत्रमार्फत अमेरिकाभन्दा पनि विकसित नेपालको कल्पना सुन्दा चुनाव वर्षेनी आउनुपर्ने व्यङ्ग्यात्मक धारणा यस निबन्धमा प्रस्तुत गरिएको छ । चुनावपछि देखिने भ्रष्ट र घिनलाग्दा अनुहार चुनावको बेलामा सफा र स्वच्छ छवि देखाउने नेताको चरित्र देख्दा चुनावको रहर लाग्ने निबन्धकारको विचार रहेको छ ।

यस निबन्धमा नेपालको राजनीतिक अवस्थाको चित्रण वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस निबन्धमा स्पष्ट रूपममा व्यङ्ग्यभाव देखापर्छ । सामान्य सरल भाषाको प्रयोग र कतैकतै वाक्यगत व्याकरणिक विचलन यस निबन्धमा पाइन्छ ।

### ५.५.५.३ वृद्ध हुनु अभिशाप होइन

यस निबन्धमा मानवीय समस्या र दर्शन पाइन्छ । मानिस जन्मेपछि जीवनका बालक, युवा, किशोर र वयस्क अवस्था पार गरेपछि वृद्ध हुनैपर्छ । वृद्ध भएपछि छोरा बुहारीबाट सहनुपरेका गालीगलौजप्रति चासो देखाउँदै निबन्धकारले वृद्ध अवस्थाका व्यक्तिलाई आदरका साथ राख्न युवापुस्तालाई आग्रह गर्दछन् । वृद्धवृद्धाको समस्या विदेशमा कसरी समाधान भएको छ, यो कुरा विदेश जाने व्यक्तिले जनसमक्ष ल्याउन निबन्धकारले आह्वान गर्दछन् । यस निबन्धमा युवापुस्ताले लिन चाहेमा वृद्धवृद्धाबाट जीवनका अमूल्य अनुभव र सीप लिन सकेमा ठूलो उपलब्धि हुनसक्ने धारणा व्यक्त गरिएको छ । वृद्धाले पीडाग्रस्त भएर कष्ट सहनु नपरोस्, बरु हाँसीहाँसी बाँच्न पाऊन् भन्ने निबन्धकारको धारणा रहेको छ । यस निबन्धमा वृद्ध हुनुलाई अभिशाप नमानेर उनीहरूको ज्ञान र सीपलाई लिन सकेमा वरदान सावित हुने विचार प्रकट गरिएको छ ।

मानवीय समस्यालाई लिएर लेखिएको यस निबन्ध प्रत्येक व्यक्तिको मनमा खड्केको अनुभव हो । वर्णनात्मक शैलीमा प्रस्तुत यस निबन्धमा वृद्धअवस्थाको चर्चा गरिएको छ । यस निबन्धका बीचबीचमा प्रश्नहरू राख्दै प्रश्नवाचकचिह्नको प्रयोग,

झर्रा शब्दको प्रयोग, तत्सम र तद्भव शब्दको प्रयोग गरिएको छ । कतैकतै वाक्यगत व्याकरणिक विचलन देखिए पनि भाषामा अस्पष्टता पाइँदैन ।

### ५.५.५.४ घर खर्चको लागि कामको खोजी

यस निबन्धमा निबन्धकारका बुबा यकबहादुरको आत्मकहानी छ । यस निबन्धमा यकबहादुरको जवानी उमेर भइसकेको र जागिर नभएको अवस्थामा माथवरसिंह कार्कीको निकटतामा पुगेपछि उनलाई ज्यामी ज्याला मिलेको उल्लेख गरिएको छ । माथवरसिंहसँगको निकटताले कामभन्दा पनि उनले सम्मानजनक अभिभावक भेटेको महसुस गरेका छन् । उनको जवानी अवस्थामा माथवरसिंहले विवाहको कुरा गरेका र उनलाई कदरसाथ माया गरेका कुरा उल्लेख गरिएको छ । यस निबन्धमा यकबहादुर र माथवरसिंहको सम्पर्कले एकअर्कामा प्रसन्नतामा छाएको कुरा प्रकट गरिएको छ ।

आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारको बुवाको जीवनका प्रारम्भका दिनहरूलाई स्मरण गर्दै भण्डारीले निबन्धात्मक रूप दिएका छन् । प्रथम पुरुष शैलीमा लेखिएको यस निबन्धमा भण्डारीको बुबाको जीवनावधिको केही क्षणको वर्णन गरिएको छ । यस निबन्धमा साधारण पाठकले पनि पढ्न र बुझ्न सक्ने सरल भाषाको प्रयोग गरिएको छ ।

### ५.५.६ भाषाशैली

कुलमानसिंह भण्डारीका निबन्धहरूमा सरल शब्दावली र सहज भाषाको प्रयोग पाइन्छ । उनका निबन्धहरूमा तत्सम स्रोतका अमूल्य, गुरु, सर्वश्व, अग्रगामी पौराणिक, हस्तकला, दृश्य, अद्भूत आदि शब्दहरूको प्रयोग भएको देखिन्छन् । त्यस्तै तद्भव स्रोतका सिकाउनु, चासो, सुविधा, सिपालु आदि जस्ता शब्दहरूको प्रयोग पाइन्छन् । उनका निबन्धहरूमा आगन्तुक स्रोत ग्यालरी, आब्स्ट्रयाक्ट, पार्टी, म्युजियम, ड्युटी, ब्यारेक, नालिस, टिभी, क्यामेरा आदि जस्ता शब्दहरूको पनि केही मात्रामा प्रयोग भएको पाइन्छ । उनका निबन्धहरूमा वाक्यमा कतैकतै कर्ता, कर्म, क्रियाको स्थानगत व्याकरणिक विचलन पाइए पनि सामान्यतया पढ्दा अस्पष्टताको अनुभव हुँदैन । यी निबन्धहरूमा सामान्य, मिश्र र संयुक्त गरी सबै किसिमका वाक्यको प्रयोग गरिएको पाइन्छ । यी निबन्धहरूमा उद्गारचिह्न, आश्चर्यबोधकचिह्न, प्रश्नवाचकचिह्न, पूर्णविरामचिह्न् आदि जस्ता व्याकरणिकचिह्नको उचित प्रयोगले व्याकरणिक नियमको पालन गरिएको छ । पाठकले पढ्दा स्पष्ट नबुझिने र उच्चारण

गर्न अप्ठ्यारो पर्ने खालका शब्द र वाक्यको प्रयोग उनका निबन्धहरूमा पाइँदैन । उनका निबन्धले स्पष्ट सन्देश दिएका छन् । वर्णनात्मक शैलीको प्रयोग गरिएका उनका निबन्ध बढी मात्रामा पाइन्छन् भने विवरणात्मक शैलीको पनि प्रयोग पाइन्छ । उनका निबन्धमा सामाजिक, राजनीतिक र जीवन भोगाइका अनुभवहरू मुख्य विषय बनेर आएका छन् । कलासम्बन्धी विचार उनका निबन्धको मुख्य विषय हो । भाषागत सरलता, अभिव्यक्तिगत सहजता र बोलचालको भाषा प्रयोग उनका निबन्धगत मुख्य भाषिक विशेषता हुन् ।

## ५.६ निष्कर्ष

कुलमानसिंह भण्डारी सिर्जनाका विशिष्ट प्रतिभा हुन् । उनले कला र साहित्य दुवै सिर्जना विधामा कलम चलाएका छन् । उनी साहित्यमा विशेष गरेर कविता र निबन्धका फाँटमा सक्रिय भई देखापरेका छन् । उनका निबन्धात्मक रचनाहरू विभिन्न पत्रपत्रिका प्रकाशित छन् । केही संस्मरणात्मक निबन्धहरूलाई सङ्कलन गरेर 'मेरा कलाकार गुरुहरू' भन्ने संस्मरणात्मक निबन्धसङ्ग्रह (२०५४) कृति उनको जीवनकालमा नै प्रकाशित भइसकेको छ । बालसाहित्यसम्बन्धी निबन्धात्मक लेखहरूको सङ्कलन गरेर 'बाालसाहित्यमा चित्रकला' नामको निबन्धात्मक लेखसङ्ग्रह, (२०६३) प्रकाशित भइसकेको छ । अन्य फुटकर रचनाहरू सङ्कलन कार्य भइरहेको छ । उनका आत्मपरक र वस्तुपरक दुवै किसिमका निबन्धहरू पाइन्छन् । उनका निबन्धहरूमा वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

समाजमा देखिएका विकृति, विसङ्गतिहरू उनका निबन्धहरूमा पाइन्छन् । समाजमा ठूला भनाउँदाहरूले गरेका अन्याय, अत्याचार, दमनका विरुद्धका आवाजहरू उनका निबन्धका विषय बनेका छन् । सामन्ती संस्कारले गरिब र श्रमिक वर्गलाई कहिल्यैमाथि उठ्न नदिएको चर्चा उनका निबन्धहरूमा गरिएका हुन् । कलालाई कसैका बौद्धिकविलास मात्र नमानेर चेतना, ज्ञान र आनन्द दिनसक्ने साधनको रूपमा कलालाई लिएका छन् । समाजमा विद्यमान अनेक जटिल समस्याको समाधान हुन सक्ने भावनाले प्रेरित भएर साहित्यको रचना गर्ने साहित्यकारहरूलाई आह्वान गरेका छन् । यथार्थवादी कलासाहित्यलाई सर्वोपरि तुल्याई अयथार्थवादी कला साहित्यलाई हतोत्साही तुल्याउन सक्नुपर्छ भन्ने विचार उनका निबन्धमा प्रकट गरिएका छन् । अमूर्त कलाको विरोध गर्नुपर्ने र मूर्त कलाले जनताको आवाज बोल्ने भावना उनका निबन्धमा प्रकट गरिएको छ । समाजको यथार्थ कुरालाई नै कलासाहित्यले देखाउन

सक्नुपर्दछ । यो सामाजिक यथार्थ हो । यसमा भएका सभ्यता, असभ्यता र विकृति पनि यथार्थ हो । यथार्थवाद यिनका रचनाको स्रोत हो । यथार्थवादी रचना गरेर जनतालाई स्पष्ट सन्देश दिनुपर्ने विचार उनका निबन्धहरूमा प्रकट गरिएको छ । उनका निबन्धमा मार्क्सवादी विचारधाराप्रतिको आस्था भेटिन्छ । हास्यव्यङ्ग्यचित्रले जनसमुदायलाई जागरुक बनाउने उद्देश्य सामाजिक, राजनीतिक र प्रशासनिक कुरीति एवं विकृतिमाथि प्रहार गरेर त्यसको भण्डाफोर गर्दछ । हास्यव्यङ्ग्यको विकास गर्नुपर्ने विचार उनका निबन्धमा प्रकट गरिएको छ । उनका निबन्धमा कला एकेडेमीका स्थापनाका लागि गरिएका योगदानको चर्चा गरिएको छ । वर्गीय असमानता विकासको बाधक हो भन्दै श्रमजीवी व्यक्तिबाट विकास गर्नुपर्ने धारणा व्यक्त गरिएको छ । उनका निबन्धहरूमा घरयासी समस्या, सामाजिक समस्यादेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्यासम्बन्धी विषयहरू पनि समावेश गरिएको छ ।

उनका निबन्धहरूमा प्रायः कुराहरू एकअर्कासँग मिल्दाजुल्दा पाइन्छन् । बालसाहित्यमा चित्रकला निबन्धसङ्ग्रहका सबै निबन्धहरूमा बालसाहित्य र चित्रसम्बन्धी कुराहरू आएका छन् । त्यस्तै एकेडेमीसम्बन्धी लेखहरू सामान्य रूपमा एउटै कुराहरू भेटिन्छ । उनका निबन्धहरूले प्रायः एउटा न एउटा विचार बोकेको पाइन्छ । उनका निबन्धमा शब्दगत सरलता, भाषागत सहजता र बोलचालको भाषा प्रयोग गरिएको छ । सामाजिक समस्या, राजनीतिक अवस्था, मानवीय समस्या, कलाक्षेत्र विकासमा देखिएको सुस्तता, प्रशासनमा देखिएको अव्यहारिकता जस्ता विषयमा केन्द्रित रहेको छ । साथै सामाजिक, राजनीतिक समस्याका विरुद्धका विद्रोहका आवाजहरू मानवीय समस्याका समाधानका उपायहरू, दमनशोषणका विरुद्धका क्रान्तिका आवाजहरू पनि उनका निबन्धमा टड्कारो रूपमा देखापरेका छन् ।

## परिच्छेद-छ

# उपसंहार

यस शोधपत्रमा पहिलो परिच्छेदमा शोधपरिचय समावेश गरिएको छ । दोस्रो परिच्छेदअन्तर्गत कुलमानसिंह भण्डारीका जीवनीका प्रत्येक अंशलाई केलाइएको छ । तेस्रो परिच्छेदमा उनको व्यक्तित्वका विविध पाटाहरूलाई चर्चा गरिएको छ । चौथो परिच्छेदमा उनका गीत र कविताको अध्ययन गरिएको छ । पाँचौ परिच्छेदमा उनका निबन्धहरूको अध्ययन गरिएको छ । छैटौं परिच्छेद उपसंहार खण्डका रूपमा निष्कर्ष दिइएको छ ।

कुलमानसिंह भण्डारीको जन्म वि.सं. १९८२ माघ २१ गते सोमबारका दिन भएको हो । उनको जन्म वागमती अञ्चल, काठमाडौं जिल्ला, तीनथाना गा.वि.स. वडा नं ५ डुप्पा गाउँमा भएको हो । उनले ६ वर्षमा अक्षराम्भ गरेका थिए । उनले सानैदेखि स्कुलको कक्षा शिक्षा छोडेर कला अध्ययनमा रुचि लिएका छन् । उनले पढाइलाई स्वअध्ययनमा नै सीमित राखी चित्रकलासम्बन्धी सीपमा आफ्नो सिर्जनात्मक ज्ञान तिखार्दै लगे । वि.सं. २००३ मा उनले ब्रह्मखेलका डम्मरध्वज थापा बगालेकी माहिली छोरी चैतन्यकुमारीसँग मागी विवाह गरे । भण्डारीका छ सन्तानमध्ये पाँच सन्तान जीवितै छन् । सामान्य निम्नमध्यम वर्गीय परिवारमा जन्मेका कुलमानको पारिवारिक अवस्था सामान्य रहेको छ । उनले घरेलु उद्योग विभागमा एकतीस वर्ष जागिरे जीवन बिताए । कलासाहित्यलाई जागिरे जीवन साथसाथै ल्याएका भण्डारी जागिरे जीवनपश्चात् झन् बढी समय साहित्यलाई दिए । उनले सामाजिक संघसंस्थामा र राजनीतिमा सक्रिय भई कार्य गरे । उनले कलासाहित्य र व्यक्तिगत कार्यका सिलसिलामा नेपालका विभिन्न ठाउँलगायत भारतको देहरादुन, दिल्ली, बम्बई, कलकत्ता र पट्ना आदि ठाउँको भ्रमण गरेका थिए । एकल तथा सामूहिक चित्रप्रदर्शनीमा विभिन्न समयमा भाग लिएका भण्डारीले पासाङल्हामू पुरस्कार र युद्धप्रसाद मिश्र पुरस्कारलगायत अन्य पुरस्कार र सम्मान प्राप्त गरेका छन् । उनले नेपाली कलासाहित्य र सामाजिक क्षेत्रमा अमूल्य योगदान पुऱ्याएका छन् ।

कुलमानसिंह भण्डारीको व्यक्तित्वका विविध रूप देखापर्छन् । उनी कला सिर्जनातर्फ सधैंभरि क्रियाशील रहे । उनले साहित्यका क्षेत्रमा उनले कविता, गीत, संस्मरण, निबन्ध, बालसाहित्य, कथा आदि विधामा कलम चलाएका छन् । कला क्षेत्रमा

उनले चित्र र मूर्तिको सिर्जना गरेका छन् । सिर्जनेतर क्षेत्रमा उनको राजनीतिक, सामाजिक, मानवतावादी, कृषक, जागिरे व्यक्तित्व देखापर्दछ । उनको परिश्रमी हातमा सुन्दर चित्रको सिर्जना गर्ने, सन्देश बाहक साहित्यलेखन गर्ने, सुन्दर मूर्तिको आविष्कार गर्ने शक्ति रहेको छ । उनको मस्तिष्कमा राजनीतिक कुशलता, सामाजिक क्रियाशीलता र विश्वपरिवेश अनुकूल जीवन व्यतीत गर्ने क्षमता रहेको छ । उनमा चित्रभाषी र शब्दभाषी दुवै भाषाको ज्ञान रहेको छ । सादा जीवन उच्च विचारको जीवनशैली अपनाउने भण्डारी कर्ममा विश्वास गर्दछन् । किसान पाराको जीवनशैली अपनाउने भण्डारी जीवनभरि न्याय समानता र प्रगतिको लागि सङ्घर्ष गर्ने व्यक्ति हुन् । उनको बहुमुखी प्रतिभाले शारीरिक सङ्गठनभन्दा ज्ञानको सङ्गठन बढी आकर्षक छ । जीवनमा जति दुःख, हन्डर र सास्ती बेहोर्नु परे पनि जीवनलाई सुन्दर फूल सम्झेर आशावादी सोचले हेर्नुपर्छ, जीवन सुन्दर छ भन्ने कुराले नै उनको जीवन क्रियाशील बनाएको छ ।

कुलमानसिंह भण्डारी जुलाई इ.स. १९५२ वा वि.सं. २०१० मा ‘चार किसानको गीत’ गीतमार्फत साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनका प्रकाशित कविता र गीतहरूलाई सङ्कलन गरेर ‘कुलमानसिंह भण्डारीका गीत र कविता’ कवितासङ्ग्रह प्रकाशित गरिएको छ । यस सङ्ग्रहका कविता सामाजिक विषय, कलासम्बन्धी, मायाप्रेमसम्बन्धी र विचारसम्बन्धी आदि विषयमा आधारित छन् । सामाजिक विषयका कवितामा धेरैजसो क्रान्तिकै आवाज आएका छन् । समाजको वर्गीय धरातलमा उनी गरिब वर्गको पक्षमा लाग्दछन् । उनी समाजको मर्म र गरिबको कर्मसँग परिचित छन् । उनका कवितामा वर्गीय भेदप्रति विरोध, सामन्ती संस्कारप्रति विद्रोह र शासक वर्गको अन्यायपूर्ण व्यवहारप्रति क्रान्ति गरिएको छ । उनी कला पारखी भएकाले कलासम्बन्धी विचार उनका लेखनमा स्पष्ट रूपमा देखापर्छ । रेखारेखाले कविता कोरिएका छन् भने रङ्को भावले पोतिएका छन् । उनले लेखेका कविता नै कला हो र कला नै कविता हो ।

भण्डारी वि.सं. २०४० ‘वाग्लुङका कलाशिल्पी मोहनमानसिंह वज्राचार्य’ संस्मरणात्मक निबन्धको प्रकाशनमार्फत औपचारिक रूपमा निबन्ध साहित्यमा प्रवेश गरेका हुन् । उनको ‘मेरा कलाकार गुरुहरू’ निबन्धसङ्ग्रह (२०५४) प्रकाशित भइसकेको छ । यस सङ्ग्रहका संस्मरणहरूमा नौजना कलाकार गुरुहरूको स्मरण गरिएको छ । उनले कला सिक्दाको सुरुको अवस्थाको चर्चा गरेका छन् । यसमा

गुरुहरूप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । निबन्धकार भण्डारीका बालसाहित्यसम्बन्धी लेखहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । उनका बालसाहित्यसम्बन्धी लेखहरूलाई समेटेर 'बालसाहित्यमा चित्रकला' निबन्धसङ्ग्रह (२०६३) प्रकाशित गरिएको छ । यसमा बालबालिकाका लागि आवश्यक बालसाहित्य र उचित चित्र प्रयोग गर्ने गरेमा बौद्धिक विकास हुने धारणा व्यक्त गरिएका छन् । बालबालिकाले चित्रका साथ पढ्दा रुचि जाग्दछ र ज्ञानआर्जनमा सघाउ पुग्दछ । बालसाहित्यमा चित्र प्रयोग गर्दा सकारात्मक प्रभाव पार्ने चित्र हुनुपर्ने धारणा रहेको छ । यस सङ्ग्रहका निबन्धमा रेखाकोर्ने नियम र तरिका पनि देखाइएको छ । उनका थुप्रै फुटकर निबन्धहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी कलाका पारखी हुने भएकाले यी फुटकर रचनाहरूमा कलासम्बन्धी विचारहरू प्रस्तुत गरिएका छन् । उनका कलामा हास्यव्यङ्ग्य चित्रको महत्व र उपयोगिताबारे चर्चा गरिएको छ । उनले समाजका विकृति र विसङ्गतिविरुद्ध आफ्नो आवाज प्रकट गरिराखे । उनले समाजमा ठूला भनाउँदाले गरेका असभ्य व्यवहारले गरिब, श्रमिक वर्गप्रति भएको दमन, थिचोमिचो सहन नहुने विचार व्यक्त गर्दछन् । सामाजिक तथा राजनीतिक समस्या त्यसबाट परेको असर उनका निबन्धका मुख्य विषय बनेका छन् । उनका निबन्धहरूमा कलाको आवश्यकता, यसले जनतामा दिने सन्देश मुख्य विषय बनेको छ । कलाले जनतामा पार्ने सकरात्मक र नकरात्मक असरका बारेमा देखाइएको छ । कलाबाट जनताका समस्या उजागर हुनुपर्ने निबन्धकारको धारणा रहेको छ । निबन्धमा वर्गीय असमानता त्यसबाट परेको प्रभाव र समस्यालाई देखाउँदै सामन्ती संस्कारले जनताप्रति गरेको शोषणपूर्ण कार्यको निन्दा र विद्रोहका आवाजहरू सशक्त रूपमा व्यक्त भएका छन् । श्रमिकका आवाज, जनताका आवाज, किसानका आवाज, समाजमा मानिएका तल्लो व्यक्तिको आवाज कुलमानसिंहको निबन्धमा स्पष्ट रूपमा देखापर्छ । श्रामिकको मर्म र किसानको कर्म उनका साहित्यका मुख्य विषय बनेका छन् ।

उनले आफ्नो जीवनावधिमा साढे पाँच दशकभन्दा बढी समय कला, साहित्यमा समर्पण गरे । साहित्यिक व्यक्तित्व निर्माण गरेका भण्डारीले साहित्येतर विधामा पनि उनी सशक्त रूपमा देखापर्दछन् । उनी कवितामा होस्, या गीतमा होस्, या निबन्धमा होस, उनले जनअधिकारको बारेमा जनतालाई जागरुक बनाउन चाहन्छन् । जनपक्षीय कलाका रूपमा चिनिने भण्डारीको विचारमा मूर्तकलाले नै जनताको आवाज प्रकट गर्दछ । उनले कलालाई बौद्धिकविलास मात्र नमानेर समाज रूपान्तरण,

आत्मरूपान्तरणको हतियार मान्दछन् । उनका कला तथा साहित्यमा प्रगतिशील भावना प्रखर रूपमा देखापर्दछन् । उनले भौतिक जगत्लाई सर्वोपरि मानेर गतिशील यथार्थको सक्रिय प्रतिबिम्बन गर्नु यथार्थवादको सार मान्दछन् । अध्यात्मवाद सामन्तवादको छत्रछायाँमा हुर्कदै आएको मान्दै उनले अलौकिक सत्तामाथि विश्वास राख्न नहुने विचार राख्दछन् । उनमा प्रकट विचारलाई कसरी प्रभावकारी तरिकाले प्रस्तुत गर्नेभन्दा पनि उनी आफ्ना विचारलाई जसरी भए पनि प्रकट गर्न खोज्दछन् । विचारमा प्रवाहमयता, सुसङ्गत एवं सिलसिलेवार प्रस्तुति भाषामा पाइनुपर्ने प्रवाह र विचारको पुनरुक्ति जस्ता समस्याहरू उनका साहित्यलेखनमा प्रकट भएका छन् । यी समस्या देखिए पनि ललितकलाको क्षेत्रमा प्रगतिशील र कतिपय सवालमा प्रगतिवादी कलाका आधारभूत चिन्तक हुन् ।

साढे सात दशक यस पृथ्वीमा रहेर कला, साहित्य, समाज र देशको सेवा गरेर ७५ वर्षको उमेरमा वि.सं. २०५७ साउन २ गते ११:५८ बजे उनको निधन भयो । अहिले पनि उनका साहित्य र कलाले उनका आवाज प्रकट गरिरहेका छन् । उनका विचार भावनाहरू अझै ताजा छन् । उनका कला, साहित्यमा दिएका विचार नयाँ पिँढीका लागि पथप्रदर्शक बनेका छन् । रगतको नाताभन्दा विचारको नाता धेरै नजिक हुन्छ भन्ने भण्डारीको वैचारिक मूलमन्त्र हो । उनी कला र साहित्यमा अति उत्कृष्ट स्थानमा पुग्न नसके पनि उत्कृष्ट बनेका छन् । यस शोधपत्रले कुलमानसिंह भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वलाई चिनाएको छ । यो कार्य यस विषयमा मात्र सीमित भएकाले पछिल्ला शोधकर्ताका लागि सम्भावित शोधशीर्षकको सूची यसप्रकार छ-

(क) कुलमानसिंह भण्डारीका कविताकृतिको अध्ययन,

(ख) कुलमानसिंह भण्डारीको निबन्धकारिता,

(ग) साहित्यमा चित्रकलाको प्रभाव ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल, प्रयोगात्मक नेपाली शब्दकोश, दो. संस्क. (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.) २०६३ ।

अधिकारी, रविलाल, प्रगतिवादी नेपाली कविता (पोखराः लेकाली प्रकाशन) २०४४ ।

खरेल, रुद्र, तेस्रो आँखा (काठमाडौं : सहस्राब्दी प्रकाशन प्रा.लि.) २०६१ ।

चापागाईं, निनु, उत्तरआधुनिकताः भ्रम र वास्तविकता (काठमाडौं :सहस्राब्दी प्रकाशन प्रा.लि.) २०६१ ।

त्रिपाठी, वासुदेव र अन्य, नेपाली कविता भाग ४, चौ. संस्क (ललितपुर : साझा प्रकाशन छापाखाना) २०६० ।

थापा, मोहनहिमांशु, साहित्य परिचय, चौ.संस्क. (काठमाडौं : साझा प्रकाशन) २०५० ।

पोखरेल, बालकृष्ण र अन्य, नेपाली बृहत् शब्दकोश, पाँ.संस्क. (काठमाडौं : ने.रा.प्र.प्र.), २०५८ ।

पोखरेल, भानुभक्त, सिद्धान्त र साहित्य (विराटनगर : श्याम पुस्तक भण्डार), २०४० ।

प्रश्रित, मोदनाथ, मानसपटलका तस्वीरहरू, (चितवन : एकता प्रकाशन प्रा.लि.) २०४९ ।

भण्डारी, कुलमानसिंह, मेरा कलाकार गुरुहरू, (बनेपाः जनमत प्रकाशन) २०५४ ।

मैनाली, लय, कला र कलाकार, (काठमाडौं : सिस्टमेटिक प्रेस) २०५३ ।

लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, (काठमाडौं : ने.रा.प्र.प्र.) २०६० ।

शर्मा, गोपीकृष्ण, नेपाली निबन्ध परिचय, पाँ.सस्क. (काठमाडौं : रत्नपुस्तक भण्डार) २०५८ ।

शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, ते.संस्क. (काठमाडौं : नवीन प्रकाशन) २०५१ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, शोधविधि, ते.संस्क. (ललितपुरः साझा प्रकाशन) २०६२ ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम, नेपाली साहित्यको संक्षिप्त इतिहास, छै.संस्क. (काठमाडौं : साझा प्रकाशन, २०५९) ।

शर्मा, सुकुम, (सम्पा.) कुलमानसिंह भण्डारीका गीत र कविता, (ललितपुर : सहस्राब्दी प्रकाशन प्रा.लि.) २०६१ ।

(सम्पा.) कुलमानसिंह भण्डारीका आवरणपृष्ठकला, (काठमाडौं : रामकृष्ण भण्डारी) २०६२ ।

(सम्पा.) बालसाहित्यमा चित्रकला, (काठमाडौं : रामकृष्ण भण्डारी) २०६३ ।

श्रेष्ठ, दयाराम, साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ, दो.संस्क. (काठमाडौं : त्रिकोण प्रकाशन) २०६१ ।

सुवेदी, राजेन्द्र, स्नातकोत्तर नेपाली निबन्ध, ते.संस्क. (काठमाडौं : पाठ्य सामग्री पसल) २०५६ ।

सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण, (काठमाडौं : पाठ्य सामग्री पसल) २०५७ ।

स्रष्टासृष्टि : द्रष्टा दृष्टि, ते.संस्क. (ललितपुर : साझा प्रकाशन) २०५८ ।

**पत्रिका सूची**

कान्तिपुर समाचारदाता, 'वरिष्ठ चित्रकार भण्डारी रहेनन्' कान्तिपुर वर्ष ८, अङ्क १५२, २०५७ साउन ४ ।

गोरखापत्र समाचारदाता, 'भण्डारीको व्यङ्ग्य चित्रले रमेको छ :जे आर्ट ग्यालरी', गोरखापत्र, वर्ष ९७, अङ्क ३३४,२०५४ चैत्र ३० ।

ज्ञवाली, ईश्वरी, 'सहरमुखी चिन्तन त्याग्नैपर्छ' बुधबार साप्ताहिक, वर्ष २, अङ्क १८, २०५३ चैत्र ।

तिमल्सेना, पशुपति, 'ब्रस, कूची र कलमको टुप्पामा शक्ति देख्ने कुलमानसिंह भण्डारी' शब्दसंयोजन, वर्ष ३, अङ्क ११, २०६३ फागुन ।

दुवाल मोहन, 'आत्मविश्वासका धनी कलाकार कुलमानसिंह भण्डारी', जनमत, वर्ष ९, अङ्क ५-६, २०४९ ।

'साहित्यकार : परिचयका हरफहरू-३९', जनधारणा, वर्ष ७, अङ्क ४३, २०५५ फागुन ६ ।

'मेरो सम्भनामा जनपक्षीय कलाकार भण्डारी', जनधारणा, वर्ष ९, अङ्क १४, २०५७ साउन २६ ।

न्यौपाने, खेम, 'कार्टुनिस्ट कुलमानसिंह भण्डारी', समदृष्टि वर्ष १, अङ्क २४, २०५५ वैशाख ।

पंज्ञानी, मित्रलाल, 'कुलमान', वेदना, वर्ष ३१, अङ्क २, २०६१ पुस ।

पाण्डे, कौशल 'मैले जानेका कुलमानसिंह भण्डारी', प्रयास साप्ताहिक, वर्ष १७, अङ्क ४, २०५७ कार्तिक ३ ।

प्रभात, विष्णु, 'कुलमानसिंह भण्डारीप्रति', मुक्तिमोर्चा वर्ष १, अङ्क २, २०५८ माघ ।

भट्टराई, जयदेव, 'कलम र कूची चलाउने कुलमानसिंह भण्डारी', गोरखापत्र, वर्ष १००, अङ्क ८०, २०५७ साउन ९ ।

वस्ती, विवश, 'कुलमानसिंह भण्डारी', शब्दसंयोजन, वर्ष १, अङ्क ११, २०६१ फागुन ।

विवश ज्ञानेन्द्र, 'सुन्दर रङ्ग ढुङ्गा माटोमा पनि हुन्छ', विमोचन, वर्ष १३, अङ्क १, २०५० चैत्र ।

'कलाकार कुलमानसिंह भण्डारी', कान्तिपुर (कोपिला), वर्ष ८, अङ्क २६९, २०६० मङ्सिर ५ ।

विष्ट, रमेश 'कलाक्षेत्रका मूर्धन्य सर्जक', नेपाल मिरर, वर्ष १, अङ्क २, २०५६ फागुन ।

व्यञ्जनकार, श्याम, 'ओभेलमा परेका कलाकार' साधना, पूर्णाङ्क ५३, २०५३ चैत्र ।

शर्मा, आत्माराम, 'कुलमानसिंह भण्डारीका गीत र कविता एक टिप्पणी', शब्दसंयोजन, वर्ष २, अङ्क ३, २०६२ असार ।

शर्मा, पद्मप्रसाद, 'विभिन्न आकृतिमा देखिन्छन् कुलमानसिंह', नयाँ युगबोध, वर्ष २०, अङ्क ५२, २०६० जेठ ३० ।

शर्मा, वासुदेव, 'कला र विचारपुञ्जः कुलमानसिंह भण्डारी', मुक्तिमोर्चा, २०५७ असोज-पुस ।

शर्मा, सुकुम, 'कलाकार कुलमानसिंह भण्डारी' सारथि २०५५ कार्तिक २० ।

, 'स्मृतिका हरफमा कुलमानसिंह भण्डारी', नयाँमोर्चा, वर्ष ७, अङ्क ३७, २०५७ साउन २४ ।

श्रेष्ठ, मुकुन्द, 'जसका कृतिहरू लुटिएका छन्', प्रकाश साप्ताहिक, वर्ष १८, अङ्क ३२, २०५७ साउन १६ ।

हुमागाईं, जनकप्रसाद, 'एउटा कलाकार मित्रको सम्झनामा', प्रकाश साप्ताहिक, वर्ष १४, अङ्क १९, २०५३ वैशाख २४ ।